


नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

दशौं राष्ट्रिय खेलकुद-२०८३ कर्णाली प्रदेश

वर्ष ३४ अंक १७७ काठमाडौं | २९ साउन २०८३ शुक्रबार श्रावण शुक्लपक्ष द्वितीया | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, August 14, 2026 | पृष्ठ १० | १० रुपैयाँ


# बैंकले ऋण दिएको अनुसन्धान प्रहरीले गर्ने कि राष्ट्र बैंकले ?

राष्ट्र बैंकले बैंकहरूका विषयमा नियमित नियमन र सुपरिवेक्षण गर्छ, कैफियत भेटाउँदैन तर त्यही फाइल हेरेर प्रहरीले बैंकका कर्मचारी पक्राउ गरिरहेको छ



वित्तीय क्षेत्रको नियामक निकाय राष्ट्र बैंक भएकाले सबैभन्दा पहिले उसैले हेर्नुपर्छ, राष्ट्र बैंकले काम गरेन भने अख्तियार छ, नेपाल सरकार छ, संसदीय समितिहरू छन्, सीआईबीले पनि हेर्छ

**युवराज खतिवडा**
पूर्वअर्थमन्त्री एवं पूर्वगभर्नर



बैंक तथा वित्तीय संस्थामा प्रहरीद्वारा भएका अनुसन्धानले विधिको शासन र सम्बन्धित क्षेत्रको संवेदनशीलता बेवास्ता गरेको देखिन्छ, राष्ट्र बैंक कमजोर हुँदै गएकाले वित्तीय क्षेत्रमा यस्ता घटना क्रमिक रूपमा बढेका छन्

**दीपेन्द्रबहादुर क्षेत्री**
पूर्वगभर्नर



प्रहरीले अनुसन्धान गर्न पाउने भए पनि पछिल्लो समय बैंकरलाई अपराधीलाई जस्तै गरेर धरपकड गर्नु ठीक भएन, समाजमा उसको तेजोवध गर्दै जाने, खाता रोक्ने, अन्तिममा ऊ बेकसुर निस्कियो भने के गर्ने ?

**चिरञ्जीवी नेपाल**
पूर्वगभर्नर



आर्थिक शिथिलताका कारण लगानी डुब्ने हो कि भन्ने भय लगानीकर्तामा हट्न नपाउँदै अहिले ऋण दिएकै भरमा सरकारको केरकार तथा पक्राउ झेल्नुपर्ने हो कि भन्ने सन्त्रासमा बैंकरहरू छन्

**सन्तोष कोइराला**
अध्यक्ष, बैंकर्स संघ

**यज्ञ बञ्जाडे र सुदिल पोखरेल** (काठमाडौं)

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले विसं २०७६ मा बैंक अफ काठमान्डु (बीओके) का तत्कालीन प्रमुख कार्यकारी अधिकृत (सीईओ) लगायत ११ कर्मचारीलाई पक्राउ गर्‍यो । प्रहरी अनुसन्धानपछि खोलाको बगर धितो राखेर ऋण दिएको भन्दै बैंकिङ कसुर तथा नक्कली/किर्ते कागजातका आरोपमा उच्च अदालतमा मुद्दा चलाइयो । अदालतले तीन वर्षअघि ऋणी सुरेन्द्र श्रेष्ठलाई दोषी ठहर गर्‍यो । सीईओसहित १० कर्मचारीले सफाइ पाए । यो मुद्दा अहिले सर्वोच्च अदालतमा विचाराधीन छ ।

प्रभु बैंकका पूर्वअध्यक्ष देवीप्रकाश भट्टचन, पूर्वसीईओ अशोक शेरचनलगायत कर्मचारी जोडिएको बैंकिङ कसुरमा सीआईबीले कात्तिक २०८२ मा अनुसन्धान थाल्यो । प्रभु बैंक र प्रभु मनी ट्रान्सफरबीचको कारोबार अनुसन्धान सकिएपछि सरकारी वकिलको कार्यालयले उच्च अदालतमा मुद्दा दायर गर्‍यो । यो पनि विचाराधीन छ । जबकि साउन २०८२ मा राष्ट्र बैंकले यस बैंकमा विशेष निरीक्षण गरेको थियो । राष्ट्र बैंकले कसुर नदेखेको कारोबारमा प्रहरी अनुसन्धानले ठूलै कैफियत देखाएपछि मुद्दा चलेको हो ।

स्मार्ट टेलिकमले २९ पुस २०७६ मा इन्भेस्टमेन्ट मेगा बैंकको कालीमाटी शाखाबाट दूरसञ्चारका पूर्वाधार सामग्री आयातका लागि प्रतीतपत्र (एलसी) खोल्न ऋण सम्झौता गर्‍यो । ५ अर्ब ८२ करोडको यस्तो ऋण सम्झौतामा ओभरड्राफ्ट, दीर्घकालीन कर्जा, प्रतीतपत्र, बिल बैंक जमानत र अल्पकालीन शीर्षकका कर्जाहरू लिइयो ।

यस्तो कर्जाका लागि स्मार्ट टेलिकमले मेसिनरी तथा औजार धितो राखेको थियो । बैंकले यही आधारमा स्मार्ट टेलिकमलाई ऋण दियो । बैंकले धितो मानेको औजार तथा मेसिन सरकारमातहत गएपछि आफ्नो रकम उठाउन धितो लिलामी प्रक्रिया अघि बढायो । अहिले यही विषयमा सीआईबीले अनुसन्धान गरी मुद्दा दायर गरेको छ, राष्ट्र बैंकले यसमा केही बोलेको छैन ।

यी तीन विषयमा मात्रै होइन, बैंकले ऋण दिएका अन्य मामिलामा पनि प्रहरीले अहिले अनुसन्धान तीव्र पारेको छ । राष्ट्र बैंकले नियमित नियमन र सुपरिवेक्षणका क्रममा कैफियत भेटाउँदैन । तर, सीआईबीको अनुसन्धानले धमाधम कैफियत देखाइरहेको छ । यही कारण कतिपय बैंकरहरू पक्राउ परिरहेका छन् भने कतिपयले मुद्दा खेपिरहेका छन् । यस विषयमा राष्ट्र बैंक मौन छ ।

विभिन्न बैंकका प्रमुख कार्यकारीदेखि कर्मचारीहरू पक्राउ परे पनि नियमन गर्ने मुख्य जिम्मेवारी बोकेको संस्थाका अधिकारीमाथि कुनै अनुसन्धान भएको देखिँदैन । आफ्नो नियमन कार्यक्षेत्रभित्र रहेका संघसंस्थामाथि अनुसन्धान र कारबाही भइरहँदा राष्ट्र बैंकको मौनता सर्वत्र चासोको विषय बनेको छ ।

वित्तीय क्षेत्रको नियामक निकाय राष्ट्र बैंक भएकाले सबैभन्दा पहिले उसैले हेर्नुपर्ने पूर्वअर्थमन्त्री तथा पूर्वगभर्नर युवराज खतिवडाले बताए । 'कर्जा प्रवाहमा हरेक नियामकको आआफ्नै भूमिका हुन्छ । जसमध्ये वित्तीय प्रणालीको नियमनकारी राष्ट्र बैंक हो,' उनले भने, 'म गभर्नर छँदा मैले स्थापित गर्न खोजेको मानक पहिलो अनुसन्धानकर्ता र कारबाहीकर्ता राष्ट्र बैंक हो । राष्ट्र बैंकले आफ्नो अधिकार प्रयोग गर्नुपर्छ ।'

राष्ट्र बैंकले आफ्नो नियमनकारी काम नगरे अरू निकाय सक्रिय हुने खतिवडाको भनाइ छ । 'राष्ट्र बैंकले काम गरेन भने उसलाई हेर्ने अख्तियार छ, नेपाल सरकार छ, संसदीय समितिहरू छन्,' उनले भने, 'राष्ट्र बैंकले गरेको काममा त्रुटि भेटियो र व्यवसायीको संलग्नता रहेछ भने त्यो हेर्ने सीआईबी पनि हो ।' अहिले इन्भेस्टमेन्ट मेगालगायत बैंकहरूमा प्रहरीद्वारा भएको अनुसन्धान र त्यस बहानामा भएको धरपकड ठीक नभएको पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले बताए । **बाँकी पृष्ठ ९**

# रोल्पामा बस्ती नै बग्यो

## पुरिएकामध्ये १० को शव भेटियो, ३ अझै बेपत्ता



रोल्पाको थबाङ गाउँपालिका-५ उवा कोटलबारा बस्तीमा बुधबार साँझ पहिरोले बगाएपछिको अवस्था । तस्बिर सौजन्य : जिल्ला प्रहरी कार्यालय रोल्पा

**काशीराम डाँगी** (रोल्पा)

रोल्पाको थबाङ गाउँपालिका-५ उवा कोटलबारा गाउँ बुधबार दिउँसोसम्म सामान्य थियो । स्थानीय नियमित कामकाजमै थिए । साँझ ६ बजेदेखि करिब डेढ घण्टासम्म भारी वर्षा भयो । वर्षाकै बीच स्थानीयले पशुचौपाया भित्र्याउने काम गरे । बेलुका साढे ७ बजेतिर कोटलबारा गाउँको सिरानबाट एक्कासि लेदोसहितको भेल खस्यो । वर्षा कम हुनै लाग्दा एक्कासि ठूलो आवाजमा माथिबाट लेदोसहितको पहिरो खस्दा स्थानीय घरबाट निस्कनै सकेनन् । पहिरोमा परेर नयाँ र पुराना गरेर गाउँका ११ वटा घरगोठ पुरिए । ती घरभित्र रहेका १३ जना पनि पुरिए ।

> एक्कासि लेदोसहितको पहिरो खसेपछि कोही भाग्न सकेनन्, घरमाथिबाट आएको पहिरोमा सबै पुरिए, ज्यान जोगाउन भागेका ३ जनामध्ये २ युवा मात्र सुरक्षित

'एक्कासि लेदोसहितको पहिरो खसेपछि कोही भाग्न सकेनन्, घरमाथिबाट आएको पहिरोमा सबै पुरिए,' छिमेकी गाउँका ढुकमन रोका मगरले भने, 'पहिरो खस्दा ज्यान जोगाउने क्रममा भागेका तीन जनामध्ये दुई युवाले मात्र ज्यान जोगाए ।' गम्भीर घाइते भएकालाई सुलिचौर हुँदै बुटवल पठाइएको उनले बताए । पहिरोमा घर पुरिएपछि ज्यान जोगाउने प्रयास गरेकी स्थानीय १८ वर्षीया शान्ति पुनसहित १३ जना घरसँगै पहिरोभित्र फसे ।

पहिरो खस्दा भागेर जोगिएका घाइते २२ वर्षीय हिमाल पुन मगर र २५ वर्षीय सञ्जय घर्ती मगरले प्रहरीलाई १०० नम्बरमा घटनाबारे जानकारी गराएका थिए । लगत्तै घटनास्थल पुगे पनि रातिको समय भएकाले प्रहरी र स्थानीयले उद्धार कार्यलाई तीव्रता दिन सकेनन् । वर्षासँगै विद्युत् लाइनसमेत अवरुद्ध भएको थियो । **बाँकी पृष्ठ ९**


SAMSUNG

The all-new
Galaxy Z Fold8 Ultra | Fold8 | Flip8
Galaxy AI



Pre order VIP package now
and get benefits upto NPR 68,000

*2 years of Free Ncell
unlimited data and voice pack

Exchange bonus#
upto NPR. 15,000

NPR. 10,000 off on
Galaxy Watch9 or
Galaxy Watch Ultra 2

Google AI Pro
6 months on us & save
upto NPR. 18,351

Phone case
Free

1st year breakage insurance^^
2nd year Breakage and
Warranty Coverage.
*cost applied

NLG INSURANCE COMPANY LIMITED

Starting from 13th August, 2026
(Till the stock lasts)

Finance Partner
HFL

Scan to register

# बालबालिकाका लागि धराप बन्दै छन् खाल्डाखुल्डी

**मनसुनसँगै सडक, कल्भर्ट, निर्माणस्थल र पुराना खाडलमा पानी जम्छ । पानी जमेको ठाउँको गहिराइ अनुमान गर्न नसक्दा खेल्न, नुहाउन वा पौडी खेल्न पुगेका बालबालिका डुब्ने गरेका छन् । स्थानीय तह र निर्माण पक्षको बेवास्ताले जोखिम झन् बढाएको छ ।**



सर्लाहीको ईश्वरपुर-५ सखुवनीस्थित फुलजोर खोलामा डुबेर मृत्यु भएका बालकको शव निकाल्दै सशस्त्र प्रहरी । फाइल तस्बिर : कान्तिपुर

**शिव पुरी** (रौतहट), **घनश्याम गौतम** (बुटवल) र **दुर्गालाल केसी** (दाङ)

मनसुन सुरु भएसँगै तराईका गाउँबस्तीमा बाढी र डुबानको त्रास बढ्छ । तर, पानीकै कारण हुने अर्को जोखिम भने व्यक्ति आफैंले बनाएका संरचनाबाट निम्तिने गरेको छ । सडक छेउका खाल्डा, निर्माणाधीन पुल तथा कल्भर्ट वरिपरि जमेको पानी, इँटाभट्टाका लागि खनिएका गहिरा खाडल, खुला नाला र पोखरी बालबालिकाका लागि अदृश्य धराप बन्दै गएका छन् । पानी जमेको ठाउँको गहिराइ अनुमान गर्न नसक्दा खेल्न, नुहाउन वा पौडी खेल्न पुगेका बालबालिका डुब्ने गरेका छन् ।

गएको शुक्रबार दिउँसो यमुनामाई गाउँपालिका-५ का सरमुला मियाँका ७ वर्षीय छोरा खुसी आलम कल्भर्ट नजिकको खाडलमा जमेको पानीमा डुबेर मृत्यु भयो । गाउँकै चार-पाँच जना साथीसँग साँझ घरबाट करिब एक किलोमिटर पश्चिममा पर्ने सडक छेउको कल्भर्टमा खेल्न गएका खुसीसँगैका साथीहरू घर फर्किए पनि उनी फर्किएनन् । राति अबेरसम्म घर नआएपछि आफन्त र छिमेकीले खोजतलास सुरु गरे । बुवा सरमुलाले बमनहरस्थित प्रहरी पोस्टमा छोरा हराएको मौखिक जानकारी गराए । प्रहरीले यमुनामाई-५ स्थित सातबम्बा सडकको कल्भर्टबाट २० फिट दक्षिणतर्फ रहेको खाडलमा डुबेको अवस्थामा खुसीलाई फेला पारेको थियो ।

गाउँकै साथीहरूसँग खेल्न गएको भनेर बेवास्ता गर्दा सरमुलाले छोरा गुमाउनुपर्‍यो । वडाध्यक्ष शिवेन्द्र साहका अनुसार खुसीको मृत्यु पुरानै खाडलमा जमेको पानीमा डुबेर भएको हो । 'सडक छेउको पुरानै खाडल हो,' उनले भने, 'यो पुरेर पनि साध्य लाग्दैन, र पुर्न पनि मिल्दैन । यस्तै खाडलमा जमेको पानीमा खेल्न बालबालिकाहरू रमाउँछन् । तर परिणाम गम्भीर हुन थालेको छ ।' विद्यालयमा चेतनामूलक कार्यक्रम गरी जमेको पानीमा नजान अनुरोध गरेको वडाध्यक्ष साहले सुनाए ।

रौतहटमा खुसी आलमको घटना नौलो होइन । मधेश प्रदेशका गाउँबस्तीमा हरेक वर्ष बर्खा लागेसँगै पानीले भरिएका खाडलमा बालबालिका डुब्ने गरेका छन् । यही १२ साउनमा वीरगन्ज महानगरपालिका-२६ चक्रदहस्थित निर्माणाधीन पुल नजिकैको खाल्डोमा जमेको पानीमा डुबेर वडा नम्बर २६ सुगौलीका प्रभु ठाकुरका छोरीहरू ५ वर्षीया पुच्की र ३ वर्षीया घघरीको मृत्यु भयो । अघिल्लो दिन उनीहरू आफ्ना हजुरबुबा किशोरी ठाकुरसँग खेतमा गएका थिए । बिहान ११ बजेतिर खेतमा पुगेका बेला हजुरबुबा किशोरीले दुवै बालिकालाई हजुरआमालाई बोलाएर ल्याउँछु भनेर खेतमै छाडेर गएका थिए । केहीबेरपछि फर्किएर आउँदा दुवै बालिका त्यहाँ थिएनन् ।

अभिभावकले गाउँघर र आफन्तकहाँ खोजतलास गर्दा पनि नभेटिएपछि बालिकाकी आमा अन्तिमा देवीले राति नै इलाका प्रहरी कार्यालय सुगौलीमा जानकारी गराइन् । प्रहरीले खोजतलासकै क्रममा भोलिपल्ट बिहान २६ नम्बर वडामा पर्ने चक्रदहस्थित निर्माणाधीन पुल नजिकको खाडलमा जमेको पानीमा डुबेर दुवै बालिका मृत अवस्थामा भेटेको पर्सा प्रहरीले जनाएको छ ।

यसअघि २८ असारमा सिरहाको गोलबजार नगरपालिका-७ स्थित पुरानो चोक चोहर्वामा एकै परिवारका तीन बालबालिकाले ज्यान गुमाए । चोहर्वास्थित पशु हाटबजार परिसरमा रहेको खाल्डोमा जमेको पानीमा नुहाउने क्रममा स्थानीय अवास शेखका १२ वर्षीया छोरी सबनम खातुन, १० वर्षीया छोरी रुबिना खातुन र ७ वर्षीय छोरा साइफुल शेख डुबेका थिए । घटनापछि स्थानीय र सुरक्षाकर्मीले उनीहरूको उद्धार गरी उपचारका लागि अस्पताल पुर्‍याएका थिए । चिकित्सकले तीनै जनालाई मृत घोषणा गरेका थिए ।

गोलबजार नगरपालिकाका नगरप्रमुख श्यामकुमार श्रेष्ठले पुरानै खाडलमा जमेको पानीमा परेर तीन बालबालिकाको मृत्यु भएको बताए । 'हामीले कल्पना नै नगरेको घटना भयो । अब यो खाडल वरपर घेराबेरा लगाउँछौं,' उनले भने, 'पशु चौपायाले पानी खाने पोखरी जस्तै खाडल भएकाले यसलाई पुर्नुभन्दा घेराबेरा गरेर सुरक्षित पार्छौं ।' यस्तै, चेतनामूलक कार्यक्रम गर्ने नगरप्रमुख श्रेष्ठले बताए ।

गत ८ जेठमा महोत्तरीको मनरासिस्वा नगरपालिका-७ सरपल्लो गाउँमा नदीमा डुबेर तीन बालिकाको मृत्यु भयो । वीरेन्द्र भण्डारीका छोरीहरू १२ वर्षीया स्नेहाकुमारी र ६ वर्षीया शिवानीकुमारी तथा अजिज नदाफकी १२ वर्षीया छोरी अफसाना खातुनको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ । तीनै जना बालिका अंकुशी र जंघा नदीको दोभानमा नुहाउन गएका थिए । नुहाउने क्रममा खुट्टा चिप्लिएर नदीमा डुब्दा उनीहरूको मृत्यु भएको हो । त्यही दिन गौशाला नगरपालिका-४ रजखोर गाउँमा घरनजिकै खेतमा जमेको पानीमा डुबेर नरेश महतोकी दुई वर्षीया छोरी दीपिका कुमारीको मृत्यु भयो ।

महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेलले जनचेतनाकै कमीका कारण बालबालिका डुबेर मृत्यु हुने घटना बढेको बताउँछन् । 'हामी हरेक विपद्को बैठकमा पालिकाहरूलाई खाडल पुर्न भनेकै हुन्छौं । नीतिगत निर्णयसमेत गर्छौं । तर जनप्रतिनिधिहरूले नटेरेको हो कि के हो बुझ्नै सकिन्न ।'

यी घटनाले बालबालिकाको डुबेर हुने मृत्यु केवल नदी, खोला वा प्राकृतिक जलाशयमा सीमित नभएको देखाएको छ । बस्ती आसपासकै सडक, कल्भर्ट, निर्माणस्थल, खेत र पुराना खाडलमा जमेको पानी पनि उत्तिकै घातक बनेको छ ।

मधेशमा आर्थिक वर्ष २०७६/७७ देखि हालसम्म सात वर्षको अवधिमा ६ सय ८ बालबालिकाको डुबेर मृत्यु

लुम्बिनीमा पछिल्लो चार महिनामा डुबेर मृत्यु भएका ६० मध्ये २३ जना बालबालिका

### दोहोरिँदै छ मौसमी त्रासदी

मधेशका आठ जिल्लाको तथ्यांक हेर्दा पानीमा डुबेर मृत्यु हुने बालबालिकाको संख्या कहालीलाग्दो छ । आर्थिक वर्ष २०७६/७७ देखि हालसम्म सात वर्षको अवधिमा ६ सय ८ बालबालिकाको डुबेर ज्यान गएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले जनाएको छ । यस अवधिमा सबैभन्दा धेरै रौतहटमा ११० बालबालिकाको डुबेर मृत्यु भएको छ । धनुषामा १०२, सप्तरीमा ७५, सिरहामा ८१, महोत्तरीमा ७१, सर्लाहीमा ६०, बारामा ६६ र पर्सामा ४३ बालबालिकाको डुबेर मृत्यु भएको तथ्यांक छ ।

अधिकांश बालबालिकाको मृत्यु कल्भर्ट, कुलो, इँटाभट्टाका लागि खनिएका गहिरा खाडल, पोखरी र सडकको दायाँबायाँका खाल्डामा डुबेर भएको तथ्यांकले देखाउँछ । मधेश प्रदेशसभाका पूर्वसांसद धनलाल ठोकरका अनुसार बालबालिका डुबेर मृत्यु हुनुका पछाडि प्राकृतिकभन्दा बढी मानवनिर्मित र संरचनागत कमजोरी जिम्मेवार देखिन्छ । 'इँटाभट्टा, माटो उत्खनन क्षेत्र र सडक किनारका कल्भर्टहरू निर्माणपछि खुला छोडिदिने प्रवृत्ति व्यापक छ,' उनले भने, 'गाउँघरमा बालबालिकाका लागि सुरक्षित खेलकुद स्थल नहुँदा उनीहरू पानी जमेका खाडल र कल्भर्ट छेउमै खेल्न पुग्छन् । यो केवल एउटा दैवी दुर्घटना वा अभिभावकको बेवास्ता मात्र होइन, यो बहुपक्षीय गैरजिम्मेवारीको परिणाम हो ।'

रौतहटको माधवनारायण नगरपालिका नगरप्रमुख बैजनाथ यादवले पनि जोखिमपूर्ण खाडलका कारण बालबालिकाको ज्यान जाने क्रम रोक्न अभिभावकदेखि स्थानीय तहसम्म सबै सचेत हुनुपर्ने बताए । उनका अनुसार नगर क्षेत्रभित्र बर्खाको समयमा बालबालिकालाई डुब्नबाट जोगाउन जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ । सम्बन्धित जग्गाधनी, उद्योगधनी तथा इँटाभट्टा सञ्चालकले व्यक्तिगत वा व्यावसायिक प्रयोजनका लागि खनेका गहिरा खाडलमा खतरा संकेतसहित घेराबेरा गर्नुपर्ने, पुराना खाडल भएका स्थानमा संकेत राख्नुपर्ने, निर्माणाधीन कल्भर्ट, नाला वा गहिरा खाडल वरिपरि तारबार वा घेराबारसहित स्पष्ट चेतावनी बोर्ड राख्नुपर्ने उनको भनाइ छ ।

प्रत्येक वडाले आफ्नो क्षेत्रमा रहेका जोखिमपूर्ण खाडल, खुला कल्भर्ट र पोखरीको पहिचान गरी तत्काल घेराबार गर्ने वा पुर्ने व्यवस्था मिलाउनुपर्ने तथा गाउँबस्तीमा बालबालिकाका लागि सुरक्षित खेल्ने ठाउँ विकास गर्नुपर्ने उनले बताए । अभिभावकलाई सचेत गराउने तथा पानीमा डुबेका बालबालिकाको तत्काल उद्धार र प्राथमिक उपचारसम्बन्धी तालिम सञ्चालन गर्ने कामसमेत नगरपालिकाले सुरु गर्ने नगरप्रमुख यादवको दाबी छ ।

रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालका अनुसार स्थानीय तहलाई जोखिमयुक्त खाल्डाखुल्डी पुर्न पटक-पटक आग्रह गरिँदै आएको छ । उनले भने, 'जनप्रतिनिधिहरू फिटिक्कै टेर्दैनन् । भन्दाभन्दा थाकिसक्यौं । यो जटिल समस्या हुँदै गएको छ ।' प्रजिअ भुसालले पुराना खाडल पुर्न सम्भव नभए घेराबेरा र संकेतसहितका बोर्ड राख्नसमेत अनुरोध गरेको बताए ।

मधेशमा सञ्चालित इँटाभट्टाका लागि नियमविपरीत गहिरो गरी माटो खन्ने र त्यसलाई पानी जम्ने गरी खुला छाड्ने प्रवृत्ति रहेको प्रजिअ भुसालले बताए । 'यस्ता खाडल सामान्य पोखरीभन्दा गहिरा हुने भएकाले बालबालिकाका लागि झनै जोखिमपूर्ण हुन्छन् । सडक, पुल र कल्भर्ट निर्माण गर्ने ठेकेदारले काम सम्पन्न भएपछि वा निर्माणकै क्रममा खाडल खुला छाड्ने गरेका छन्,' उनले भने, 'सडक विस्तार र निर्माणका क्रममा माटो निकाल्ने तर त्यसलाई पुर्ने वा सुरक्षित घेराबन्दी गर्ने काम नगर्दा जोखिम थप बढेको छ ।'

यस जोखिमको अर्को पाटो सामाजिक र आर्थिक अवस्था पनि हो । खाडल, कल्भर्ट, चिम्नीभट्टा वा पोखरीमा नुहाउन गएका बेला डुबेर मृत्यु हुनेमा अधिकांश गरिब तथा विपन्न परिवारका बालबालिका पर्ने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । सम्पन्न परिवारले बालबालिकाको रेखदेख तुलनात्मक रूपमा राम्रोसँग गर्न सके पनि गरिब परिवारका अभिभावक जीविकोपार्जनका लागि काममा व्यस्त हुँदा साना बालबालिका खेल्ने क्रममा पोखरी, नाला र खाल्डाखुल्डीमा पुग्ने गरेका छन् ।

बालबालिकाको सुरक्षा केवल एउटा परिवारको नभई सिंगो समाज र राज्यको दायित्व भएको मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले बताए । 'विकासका नाममा खनिएका खाडलले निर्दोष बालबालिकाको ज्यान जाने क्रम अब रोकिनुपर्छ । यसमा मधेश प्रदेश सरकार गम्भीर छ ।' २० असारमा जनमत पार्टीका अध्यक्ष डा. सिके राउतको सचिवालयले सामाजिक सञ्जालमा पछिल्ला चार वर्षमा मधेशमा मात्रै साढे चार सय बालबालिकाले पोखरी तथा खाल्डोमा डुबेर ज्यान गुमाएको भन्दै यसलाई प्राकृतिक विपत्ति मात्र नभई रोक्न सकिने मानवीय दुर्घटना भएको जनाएको थियो । जनमतले गाउँ-टोलका खुला खाडल तुरुन्त पुर्ने वा सुरक्षित रूपमा घेराबार गर्ने, पोखरी, इँटाभट्टा र निर्माणस्थलमा पानी जम्ने ठाउँमा चेतावनी बोर्ड र बार लगाउने, साना बालबालिकालाई पानी नजिक एक्लै जान नदिने, विद्यालय र समुदायमा डुब्नबाट बच्ने सचेतना कार्यक्रम सञ्चालन गर्ने, स्थानीय तहले जोखिमयुक्त स्थानको पहिचान गरी नियमित अनुगमन गर्ने तथा बालबालिकालाई पौडी र आधारभूत पानी सुरक्षा सीप सिकाउने सुझाव दिएको थियो ।

### लुम्बिनीमा पनि उस्तै जोखिम

पानीमा डुबेर हुने मृत्युको जोखिम मधेशमा मात्र सीमित छैन । पोखरी, ताल, खोला र नदी महत्त्वपूर्ण जलस्रोत हुन्, तर सावधानी नअपनाउँदा त्यत्तिकै जोखिमपूर्ण पनि हुन्छन् । बस्ती आसपासका पोखरी, तालतलैया, नहर र नदीमा पौडी खेल्ने क्रममा बालबालिकासहित मानिसको ज्यान जाने क्रम लुम्बिनी प्रदेशका जिल्लामा पनि बढिरहेको छ ।

दाङमा बगेर वा डुबेर महिनामा औसत एक जनाको मृत्यु भइरहेको जिल्ला प्रहरी प्रमुख एसपी दीपक श्रेष्ठले बताए । उनका अनुसार गत वर्ष जिल्लाभित्र डुबेर वा बगेर २९ जनाको मृत्यु भएको थियो । पौडी खेल्न नआउनेले लापरबाहीपूर्वक पानीमा पस्दा, प्राकृतिक प्रकोप पर्दा र आकस्मिक घटनाका कारण ज्यान जाने गरेका छन् । कतिपयको प्राकृतिक ताल र नदीमा तथा कतिपयको प्राकृतिक सुन्दरता र सिँचाइका लागि बनाइएका कृत्रिम तालमा डुबेर मृत्यु हुने गरेको छ ।

प्रहरीका अनुसार कात्तिक २०८१ कात्तिकमा राप्ती नदीमा नुहाउने क्रममा तीन बालिकाको मृत्यु भएको थियो । लमही-२, रनियापुरका १२ वर्षीया झरना चौधरी, १२ वर्षीया निशा चौधरी र गढवा-४, खडकपुर घर भई लमही-५, लमही गल्ली बस्ने १२ वर्षीया कृष्टि चौधरीको मृत्यु भएको थियो । असार २०८१ मा राप्तीमा आएको बाढीले बगाएर लमही नगरपालिका-७ नयाँबस्तीका ६२ वर्षीय मणिराम चौधरी र दूध बिक्री गरी घर फर्कने क्रममा राजपुर गाउँपालिका-२ बेलाका १७ वर्षीय राजकुमार यादवको मृत्यु भएको थियो । बबई नदीमा बगेर गत असारमा दुई किशोरको पनि मृत्यु भएको थियो ।



फाइल तस्बिर : कान्तिपुर

लुम्बिनी प्रदेशमा पछिल्लो चार महिनामा ५ सय ५३ वटा विपद्का घटनामा ९० जनाको मृत्यु भएको छ । तीमध्ये ६० जनाको डुबेर मृत्यु भएको हो भने चार जना अझै बेपत्ता छन् । मृतक ६० मध्ये २३ जना बालबालिका छन् । आन्तरिक मामिला मन्त्रालयको विपद् व्यवस्थापन शाखाका अनुसार लुम्बिनीमा गत वर्ष विपद्का १ हजार ८ सय ३७ घटना भएका थिए । ती घटनामा २ सय ९७ जनाको मृत्यु भएको थियो भने १ सय ९० जनाको डुबेर मृत्यु भएको थियो । १४ जना अझै बेपत्ता छन् ।

इलाका प्रहरी कार्यालय बुटवलका अनुसार रूपन्देहीमा तीन महिनामा एक महिलासहित दुई बालबालिकाको डुबेर मृत्यु भएको छ । गत २६ असारमा तिलोत्तमा-७ की १५ वर्षीया प्रज्ञा गौतमको माछापोखरीमा डुबेर मृत्यु भयो । साँझ ६ बजेतिर डुबेकी उनलाई राति ९ बजे मात्र पोखरीबाट निकालिएको थियो । गत ३ जेठमा बुटवल-१ का १८ वर्षीय उमाकान्त चौधरीको पनि पौडी खेल्ने क्रममा तिनाउ नदीमा डुबेर मृत्यु भयो ।

इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी निरीक्षक थम्मन जीसीका अनुसार गर्मी अत्यधिक बढेपछि साथीसँग खोला, नहर र पोखरीमा पौडी खेल्ने क्रममा डुबेर मृत्यु हुने घटना बढी छन् । 'खासगरी ११/१२ वर्षभन्दा माथिको उमेर समूहका बालबालिकाहरू मिलेर गर्मी छल्न पौडी खेल्न जाने र खोला, नहर र पोखरीको गहिराइको जानकारी नहुँदा डुबेर मृत्यु हुने गरेको देखिएको छ,' उनले भने, 'मृत्यु हुनेमा मजदुर, विपन्न परिवार र अभिभावक घरमा नहुने परिवारका बालबालिका बढी देखिने गरेका छन् ।'

रूपन्देहीमा मात्र गत आर्थिक वर्षमा नौ पुरुष र आठ बालबालिकाको पानीमा डुबेर मृत्यु भएको थियो । तीमध्ये सात बालक र एक बालिका रहेको प्रहरी निरीक्षक जीसीले बताए । लुम्बिनी प्रदेशमा पनि जोखिम घटाउन पूर्वाधार वरिपरि सुरक्षा उपाय अपनाउनुपर्नेमा जोड दिइएको छ । लुम्बिनी प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रका अनुसार गत वैशाखदेखि १० साउनसम्म ५ सय ५३ विपद्का घटनामा ९० जनाको मृत्यु भएको र ६० जनाको डुबेर मृत्यु भएको छ । चार जना अझै बेपत्ता छन् ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मनसुनजन्य विपद्का कारण मानवीय तथा भौतिक क्षति बढ्दै गएको भन्दै घटना र क्षति न्यूनीकरणका लागि सचेतना अभियानलाई तीव्र बनाउन लागिएको बताए । उनी लुम्बिनी प्रदेश विपद् व्यवस्थापन परिषद्का अध्यक्षसमेत हुन् । मनसुनजन्य जोखिम न्यूनीकरण र सचेतना जगाउन सके डुबेर मृत्यु हुने घटना घटाउन सकिने उनको भनाइ छ । 'सिँचाइ नहर, पोखरी तथा जोखिमयुक्त जलाशय वरिपरि तारबार गर्ने, सार्वजनिक पोखरी तथा ड्याममा चेतावनी बोर्ड राख्ने, बालबालिकालाई कुलो तथा पोखरीमा पौडी खेल्न नदिन अभिभावककेन्द्रित सचेतना अभियान सञ्चालन अभियान सञ्चालन गर्न सरकारले निर्देशन दिएको छ,' उनले भने, 'त्यहीअनुसार स्थानीय सरकारलाई पनि विपद् व्यवस्थापनमा नहर, पोखरी, सिँचाइ कुलो, खोलालगायतका क्षेत्रमा सचेतना प्रवर्द्धनका कार्यक्रम गर्न आवश्यक तयारी र समन्वय भइरहेको छ ।'

मधेश होस् वा लुम्बिनी, घटनाको स्वरूप फरक भए पनि जोखिमको एउटा साझा कारण देखिन्छ- बालबालिका पुग्ने ठाउँमा पानी र खाल्डोको जोखिमलाई समयमै पहिचान नगर्नु । 'कतै निर्माणका क्रममा खुला छाडिएको खाल्डो छ, कतै इँटाभट्टाका लागि खनिएको गहिरो जमिन छ, कतै नहर, पोखरी वा नदीमा सुरक्षा संकेत छैन,' दाङका प्रहरी प्रमुख श्रेष्ठ भन्छन्, 'कतिपय अवस्थामा अभिभावकको निगरानी कमजोर छ भने कतिपयमा स्थानीय तह र निर्माण पक्षको जिम्मेवारी पूरा भएको छैन ।'

स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका सबै खुला खाडल, असुरक्षित कल्भर्ट, निर्माणस्थल, पोखरी, नहर र इँटाभट्टाका खाडलको लगत संकलन गरी तत्काल बारबेर गर्ने वा पुर्ने व्यवस्था मिलाउनुपर्ने स्थानीय प्रशासनको सुझाव छ । सुरक्षा मापदण्ड पालना नगरी खाडल खुला छाड्ने ठेकेदार र इँटाभट्टा सञ्चालकलाई कानुनी दायरामा ल्याउने तथा क्षतिपूर्तिको दायित्व वहन गराउने आवाज पनि उठ्न थालेको छ ।

विद्यालय र समुदायस्तरमा बर्खाको समयमा बालबालिकालाई पानी र खाडलबाट टाढा राख्न विशेष जनचेतनामूलक कार्यक्रम आवश्यक रहेको रौतहटका नागरिक समाजका अगुवा केदार थापा बताउँछन् । विकास निर्माणका क्रममा बालबालिकाको सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने उनले बताए । 'विकास जनताको समृद्धिका लागि हुनुपर्छ, उनीहरूको जीवन खोस्ने पासो बन्नु हुँदैन,' उनले भने, 'यदि समयमै सम्बन्धित निकाय गम्भीर नबन्ने हो भने, आगामी दिनहरूमा पनि अझै कतिपय बालबालिका यसरी नै खाडलका पानीमा डुबेर बिलाइरहनेछन् ।'


वर्गीकृत डिस्प्ले

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

वर्गीकृत डिस्प्ले
श्याम स्वेत: रू. ३०००/– *
स्पट कलर: रू. ३५००/–*
मल्टि कलर: रू. ५०००/–*








सम्पर्क नं.
५१९२०१४, ५१९२०१० Ext. १०१४
Email: mktdisplay@kmg.com.np

* उपरोक्त दररेटहरूमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

# देउवालाई सभापति मानेर एकतामा जान कांग्रेस असन्तुष्ट पक्षको प्रस्ताव

**पाँच महिनापछि स्वदेश फर्किएका देउवाले राज्यद्वारा आफूविरुद्ध लगाइएका आरोपप्रति लक्ष्य गर्दै भने, 'राजा ज्ञानेन्द्रले सकेन, अरूले सक्छ यहाँ ?'**

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

कांग्रेसको असन्तुष्ट पक्षले १४ औं महाधिवेशनबाट निर्वाचित शेरबहादुर देउवालाई नै सभापति मानेर १५ औं महाधिवेशनमा जानुपर्ने प्रस्ताव अघि सारेको छ। देउवालाई सभापति माने तत्काल पार्टी एकता हुने, नभए सर्वोच्चको फैसला कुर्नुको विकल्प नभएको असन्तुष्ट पक्षका नेताहरूले बताएका छन्।

१५ औं महाधिवेशनको निष्पक्षता र स्वतन्त्रताका लागि दुवै पक्ष सम्मिलित राजनीतिक 'संयन्त्र' बनाउनुपर्ने माग गर्दै आएको असन्तुष्ट पक्षले सर्वोच्च अदालतको ४ वैशाखको फैसला पुनरावलोकन हुने भएपछि अडान फेरेको हो। पाँच महिनापछि स्वदेश फर्किएका देउवाका लागि चुनदेवीस्थित असन्तुष्ट पक्षको सम्पर्क कार्यालयमा सभापतिकै रूपमा छुट्टै कक्ष तयार गरिएको छ।

पूर्वसभापति देउवा बिहीबार विमानस्थलबाट सिधै सम्पर्क कार्यालय चुनदेवी पुगेका थिए, जहाँ ठूलो संख्यामा नेता तथा कार्यकर्ता उपस्थित थिए। कार्यकर्ताको आग्रहबमोजिम देउवाले छोटो सम्बोधन गरेका थिए। त्यसक्रममा पञ्चायतकाल र पूर्वराजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासनकालमा समेत आफूविरुद्ध अभियोग लगाइएको उल्लेख गर्दै उनले आक्रोश पोखे, 'राजा ज्ञानेन्द्र (पूर्वराजा ज्ञानेन्द्र शाह) ले सकेन, अरूले सक्छ यहाँ ?'

देउवा नेपाल फर्कंदै गर्दा मुख्य दुई विषयमा चासो केन्द्रित थियो। पहिलो, उनी आफैंमाथि सम्पत्ति शुद्धीकरण आरोपमा भइरहेको अनुसन्धान अब कसरी अघि बढ्छ ? देउवा विदेशमै रहेका बेला सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले देउवा परिवारमाथि नै अनुसन्धान थालेको थियो। देउवाले चुनदेवीमा भाषण गर्दै राज्यले लगाएका आरोपहरूको प्रतिवाद गरे। यसअघि २ असारमा देउवा दम्पतीले दुई महिनाभित्र आफैं उपस्थित भएर अनुसन्धानमा सघाउने भनी लिखित प्रतिबद्धता व्यक्त गरेका थिए। यस विषयमा अब देउवाले के गर्लान् त भन्ने चासो पनि छ। उनका स्वकीय सचिव भानु देउवाले यसबारेमा छलफल नभएको बताए।

अर्को चासो पार्टी विवादमा पूर्वसभापति देउवाको निर्णायक भूमिका हुन्छ कि हुँदैन भन्ने छ। बिहीबार चुनदेवीमा करिब एक घण्टा रहने क्रममा देउवाले पार्टीभित्र भएका घटनाक्रमको जानकारी लिएका थिए।

चुनदेवीस्थित सम्पर्क कार्यालयमा देउवाका लागि सभापतिकै 'नेमप्लेट' टाँसिएको भए पनि उनले सार्वजनिक गरेको दुई पेजको अपिलमा भने 'सभापति' लेखिएको छैन। 'शेरबहादुर देउवा' मात्र लेखेर हस्ताक्षर गरिएको छ।

देउवानजिकका नेता प्रकाशरण महत विशेष महाधिवेशनबाट निर्वाचित गगन थापालाई सभापति स्वीकारेर अघि बढ्न नसकिने बताउँछन्। ४ वैशाखमा सर्वोच्चले गरेको फैसला पुनरावलोकन गर्ने आदेश जारी हुनुअघि र अहिलेको परिस्थिति भिन्न रहेको जनाउँदै उनले अब एकताका लागि देउवालाई सभापति स्वीकार गर्नुपर्ने बताए। विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई मान्यता दिने निर्वाचन आयोगको निर्णयलाई ४ वैशाखमा सर्वोच्चले सदर गरेको थियो।

नेता महतले प्राकृतिक रूपमा पनि १५ औं महाधिवेशन देउवाले गर्नुपर्ने बताए। 'बीचमा विशेष अधिवेशन भनेर दुर्घटना भयो। अहिले सर्वोच्चले पहिलाको फैसला त्रुटिपूर्ण छ भनेर पुनरावलोकन गर्न भनिसकेपछि देउवाकै नेतृत्वमा महाधिवेशन गराउन अर्को पक्ष (गगन थापा) तयार भए अदालतको फैसलाको प्रतिक्षा गरीरहन पर्दैन, बीचमै एकता हुन्छ,' उनले भने, 'देउवाको नेतृत्वमा सबैलाई मिल्न सहज हुन्छ। कसैलाई काखापाखा हुँदैन। यसलाई स्वीकार नगर्ने हो भने फैसलाको प्रतीक्षा गर्नुको विकल्प छैन।'

विशेष महाधिवेशनबाट बहिर्गमन गराइएकामा देउवाको चित्त दुखेको उनीनिकट एक नेताले बताए। 'त्यसैले आफ्नै नेतृत्वमा १५ औं महाधिवेशन गराएर नेतृत्व हस्तान्तरण गर्ने उहाँको इच्छा छ,' उनले भने।

विमानस्थलबाट चुनदेवी पुगेलगत्तै देउवाले जारी गरेको अपिलमा भने एकताकै लागि जोड दिइएको छ। कांग्रेसमा देखिएको असहमति र निराशा तुरुन्तै समाधान हुनुपर्ने उनले जनाएका छन्। 'मुलुककै मियो रहेको दलमा विवाद हुँदा राष्ट्रियता नै कमजोर हुन सक्छ। कांग्रेस सामूहिकतामा विश्वास गर्ने पार्टी हो, सोही नीतिअनुसार सबैको त्याग, बलिदान र संघर्षलाई स्वीकार गरेर अघि बढ्न म अपिल गर्न चाहन्छु,' उनले भनेका छन्।

देउवाले आफूले युवालाई नेतृत्व हस्तान्तरण गर्न चाहेको समेत बताएका छन्। 'युवा साथीहरू अघि बढ्नुपर्छ तर त्यसको मतलब पाका र अनुभवी जति सबै खराब हुन् भन्ने गलत भाष्य र सामाजिक सञ्जालमा भ्युजको पछाडि लाग्न भन्दा पनि कांग्रेसको दायित्व नबिर्सन आमनेता/कार्यकर्ताहरूमा अनुरोध गर्न चाहन्छु,' देउवाले अपिलमा भनेका छन्।

सर्वोच्चले पुनरावलोकनको आदेश दिनु अगाडिसम्म देउवा पक्षका नेताहरूले नयाँ पार्टी बनाउने योजनासाथ राष्ट्रिय भेला बोलाएका थिए। अदालतको आदेशले तत्काल पार्टी फुट टरेको छ तर संकट टरेको देखिँदैन। देउवा पक्षको भेला शुक्रबारदेखि आइतबारसम्म काठमाडौंको मिराकाल पार्टी प्यालेसमा हुँदै छ। त्यसले गर्ने निर्णयले कांग्रेसभित्रको एकता वा विभाजनको बाटो तय गर्ने नेताहरूले बताएका छन्।



**करिब पाँच महिनाको विदेश बसाइपछि बिहीबार काठमाडौं आइपुगेका कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा। उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेता–कार्यकर्ताले स्वागत गरेका थिए।**
**तस्बिर : हेमन्त श्रेष्ठ**/कान्तिपुर



> विशेष महाधिवेशनबाट विधिसम्मत विस्थापित भएको नेतृत्वलाई फेरि स्वीकार गरेर महाधिवेशनमा जान सकिँदैन
>
> ● **प्रदीप पौडेल**
> महामन्त्री

देउवालाई विमानस्थलमा स्वागत गर्नासाथ पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले आफ्नो समूहका नेताहरूलाई बोलाएर छलफल गरेका थिए। पक्षको शुक्रबारदेखि हुने भेलामा जाने वा नजाने विषयमा उनीहरूबीच छलफल भएको थियो। पूर्वमहामन्त्री शशांक कोइराला र एनपी साउद बुधबार निमन्त्रणा दिन जाँदा भने खड्काले आउने मनस्थिति बनाएका थिए। संस्थापन पक्ष निर्धारित समयमै १५ औं महाधिवेशन गर्ने तयारीमा जुटेको छ। कांग्रेस महाधिवेशन भएको पाँच वर्ष आगामी मंसिरमा पुग्दै छ। विधानअनुसार चार वर्षको कार्यकाल छ। चार वर्षभित्र गर्न नसके एक वर्ष मात्रै बढाउन सकिने व्यवस्था छ।

तोकिएकै मितिमा महाधिवेशनको तयारी नगर्दा पार्टी नै अवैधानिक हुने महामन्त्री प्रदीप पौडेल बताउँछन्। पार्टीको विधानले पाँच वर्षभन्दा बढाउन नपाउने व्यवस्था गरे पनि संविधानले थप ६ महिना बढाउन सकिने सुविधा दिएको छ। देउवापक्षीय नेताहरूले त्यही ६ महिनासमेत गरेर महाधिवेशनका लागि दस महिना समय रहेको बताउने गरेका छन्।

कांग्रेसको यसअघिको केन्द्रीय कार्यसमितिले १६-१९ असोजमा केन्द्रीय महाधिवेशन गर्ने तालिका ल्याएको थियो। त्यसलाई यथास्थितिमा राखेर तल्ला तहका अधिवेशनको केही तिथिमिति संशोधन हुने महामन्त्री पौडेलले बताएका छन्।

तोकिएको मितिमा केन्द्रीय महाधिवेशन गर्ने निर्णय भए त्यसलाई रोक्न सर्वोच्च जाने योजनामा देउवा पक्ष छ। 'यस्तो अवस्था आयो भने अन्तरिम आदेश दिने वा नदिने विषयले कांग्रेसको भविष्य निर्धारण गर्छ,' देउवा पक्षका एक नेताले भने, 'त्यतिबेला सर्वोच्चले अन्तरिम आदेश दियो भने सबैले अन्तिम फैसलाका लागि प्रतीक्षा गर्नुको विकल्प हुन्न, दिएन भने हामी पनि छुट्टै महाधिवेशन गर्छौं। त्यसपछि कांग्रेस दुई चिरा हुन्छ।'

देउवालाई सभापति मानेर महाधिवेशनमा जाने सम्भावना नरहेको संस्थापन पक्षको भनाइ छ। 'विशेष महाधिवेशनबाट विधिसम्मत विस्थापित भएको नेतृत्वलाई फेरि स्वीकार गरेर महाधिवेशनमा जान सकिँदैन, यो विधि, प्रक्रिया र राजनीतिक रूपमा पनि मिल्दैन,' महामन्त्री पौडेलले भने।

दुई कार्यकाल सभापति भइसकेका देउवा विपक्षी कित्तामा नउभिएर अभिभावकीय भूमिका रहनु राम्रो हुने उनी बताउँछन्। 'पार्टीको बृहत् एकताका लागि उहाँ अभिभावकीय भूमिकामा रहनुहुन्छ भन्ने विश्वास छ। एकताका लागि म सभापति होइन, सभापति भनेर मेरो नेमप्लेट नराख्नू भनेर सच्चिएर अघि बढ्नुहोला भन्ने विश्वास हामीलाई थियो,' पौडेलले थपे, 'उहाँलाई थाहा नभईकन दुरुपयोग भएको हुन सक्छ। हामीलाई विश्वास त्यही छ। उहाँ एकताकै लागि अग्रसर हुनुहुन्छ भन्ने विश्वास छ।'

कांग्रेसको बिहीबारको बैठकको सुरुवातमा बोल्दै सभापति गगन थापाले देउवालाई नेपाल फर्केकामा स्वागत गरेका थिए। 'पूर्वसभापति शेरबहादुर देउवा स्वास्थ्य उपचारका लागि बाहिर जानुभएको थियो। स्वास्थ्य लाभ गरेर फर्कनुभएको छ, उहाँलाई हार्दिक स्वागत छ,' थापाले भनेका थिए।

## आरजु किन आइनन् ?

कांग्रेसका पूर्वसभापति देउवा काठमाडौं फर्किए पनि पत्नी आरजु राणा अहिले पनि विदेशमै छिन्। देउवा १३ फागुनमा काठमाडौंबाट सिंगापुर पुगेका थिए। आरजु दिल्ली हुँदै सिंगापुर गएकी थिइन्। त्यसको केही समयपछि दम्पती हङकङ सरेका थिए।

स्वकीय सचिव भानु देउवाका अनुसार देउवा हङकङबाट बैंकक हुँदै काठमाडौं आइपुगेका हुन्। आरजु अहिले हङकङमै रहेको निकटस्थको भनाइ छ। छोरा जयवीर विदेशमा रहेको बताइए पनि उनी रहेको देश खुलाइएको छैन।

देउवा दम्पतीविरुद्ध सम्पत्ति शुद्धीकरणमा गत कात्तिकदेखि अनुसन्धान चलिरहेको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले देउवा दम्पती, छोरा जयवीरसिंह देउवा र केही आफन्तको चल-अचल सम्पत्ति रोक्का गरेको छ। आरजुमाथि परराष्ट्रमन्त्री रहेका बेला राहदानी खरिद प्रक्रियामा नीतिगत मिलेमतो गरी बढी मूल्यमा ठेक्का स्वीकृत गराएको आरोप छ। राहदानी छपाइ तथा प्रणाली व्यवस्थापनको ठेक्कामा १० अर्ब रुपैयाँभन्दा बढी भ्रष्टाचार भएको अख्तियारको निष्कर्ष छ। त्यसैमा उनको नाम जोडिएको छ। उनका नाममा म्याद तामेलीसमेत भएको थियो।

नक्कली भुटानी शरणार्थी प्रकरणमा गिरोहबाट करोडौं रुपैयाँ लिएको आरोप पनि आरजुमाथि लाग्दै आएको छ। तर यस प्रकरणको मूल अभियोगपत्रमा उनलाई प्रतिवादी बनाइएको छैन। पक्राउ पर्ने सम्भावना रहेकै कारण आरजु नेपाल नआएको उनीनिकट केही नेताको भनाइ छ।

# नेपालको मेडिकल शिक्षामा विदेशी विद्यार्थीको रोजाइ बढ्दै, नेपाली युवा भने पढ्न देश छाड्दै

**मेडिकल शिक्षाका लागि ३ वर्षमा १८ सय ५९ विदेशी विद्यार्थी नेपाल भित्रिँदा त्योभन्दा बढी ४७ सय ४१ नेपाली विद्यार्थीले विदेशमा अध्ययनका लागि अनुमति लिए**

**सुदीप कैनी** (काठमाडौं)

एमबीबीएसलगायत चिकित्सा शिक्षा अध्ययन गर्न नेपाल आउने विदेशी विद्यार्थीको संख्या बढ्दै गए पनि चिकित्सा शिक्षा अध्ययनकै लागि नेपाली विद्यार्थी विदेश जाने क्रम घटेको छैन। पछिल्ला तीन शैक्षिक सत्र (२०८०-२०८२) मा १ हजार ८ सय ५९ विदेशी नेपालमा चिकित्सा शिक्षाका विभिन्न तहमा भर्ना भएका छन्। यही अवधिमा विदेशमा चिकित्सा शिक्षा अध्ययनका लागि ४ हजार ७ सय ४१ नेपाली विद्यार्थीले अनुमति लिएका छन्।

चिकित्सा शिक्षा आयोगका अनुसार पछिल्ला तीन शैक्षिक सत्रमा एमबीबीएसमा मात्रै १ हजार ७ सय ६६ विदेशी विद्यार्थी भर्ना भएका छन्। यही अवधिमा १ हजार ६ सय ७७ नेपाली विद्यार्थीले स्नातक (यूजी) देखि स्नातकोत्तर (पीजी) र चिकित्सा शिक्षामा विद्यावारिधिका लागि भारत जान अनुमति लिएका छन्। त्यसमा एमबीबीएस र नर्सिङ अध्ययनका लागि अनुमति लिने जाने मात्रै साढे १३ सय हाराहारी छन्।

भारतको मेडिकल शिक्षासम्बन्धी प्रवेश परीक्षा 'नीट' लाई नेपालमा मान्यता दिइनु र दुई देशबीच आउजाउ सहज हुनुले भारत जाने विद्यार्थीको संख्या बढेको आयोगका सूचना अधिकारी तथा उपसचिव अर्जुन ढकाल बताउँछन्। चिकित्सा शिक्षा अध्ययनका लागि अनुमति लिएका सबै विद्यार्थी विदेश गएको यकिन भने गर्न नसकिने उनको भनाइ छ।

भारतपछि नेपाली विद्यार्थीको रोजाइमा बंगलादेश देखिन्छ। तीन वर्षमा करिब साढे ४ सय विद्यार्थी बंगलादेश गएका छन्। त्यसपछि अस्ट्रेलिया, चीन, फिलिपिन्स, अमेरिका र बेलायत जाने विद्यार्थीको संख्या धेरै छ। यी मुलुकका लागि पनि तीन वर्षमा एक सयभन्दा बढी विद्यार्थीले अनुमति लिएको आयोगको तथ्यांक छ। अधिकांश विद्यार्थी स्नातक तह अध्ययनका लागि विदेश जाने गरेका छन्। कतिपय छात्रवृत्तिमा समेत गएको ढकालले बताए।

नेपालमा विदेशी विद्यार्थीको संख्या बढिरहेको छ। २०८० मा ५ सय ४२ विदेशी विद्यार्थी भर्ना भएकामा २०८२ मा यो संख्या बढेर ७ सय ७२ पुगेको छ। तर विदेशी विद्यार्थीको आकर्षण एमबीबीएसमा बढी केन्द्रित छ। बीडीएस, बीएनएस, बीएस्सी नर्सिङ, बीएएमएस, बीपीएच र बीफर्मालगायत विषयमा विदेशी विद्यार्थीका लागि सिट छुट्याइए पनि २०८२ मा यी विषयमा एक जना पनि विदेशी विद्यार्थी भर्ना भएनन्। यीमध्ये कतिपय विषयमा नेपाली विद्यार्थीको सिटसमेत पूरा हुन सकेको छैन।

आयोगको तथ्यांकअनुसार ३ वर्षयता मेडिकल कलेजहरूमा स्नातक (यूजी) र स्नातकोत्तर (पीजी) दुवै तहमा सिट संख्या र विद्यार्थी भर्नामा निरन्तर वृद्धि भएको देखिन्छ। स्नातक तहको विवरणअनुसार २०८० यता स्नातक तहमा भर्नादर ३४ प्रतिशतले वृद्धि भएको छ। २०८० मा ७ हजार ६ सय ६ सिटमा ६ हजार ३ सय ४३ जना भर्ना भएका थिए। २०८१ मा ८ हजार ७० सिट तोकिएको थियो, जसमा ७ हजार १ सय ९६ जना भर्ना भए। २०८२ मा ९ हजार २ सय ७३ सिटमा ८ हजार ५ सय ५० विद्यार्थी भर्ना भएको तथ्यांक छ।

स्नातकोत्तर तहमा पनि पछिल्ला ३ वर्षमा विद्यार्थी भर्नादर करिब २२ प्रतिशतले वृद्धि भएको छ। २०८० मा १ हजार ७ सय २४ सिट तोकिएको थियो, जसमा १ हजार ४ सय ६७ विद्यार्थी भर्ना भए। २०८१ मा सिट वृद्धि गरेर २ हजार ८६ कायम गरिएको थियो, १ हजार ७ सय ५० जनाले भर्ना लिए। २०८२ मा २ हजार ५६ सिटमा १ हजार ७ सय ८९ विद्यार्थी भर्ना भएका थिए।

> सरकारले स्पष्ट नीति तथा कार्यक्रम ल्याए जति पनि विदेशी विद्यार्थी यहाँ एमबीबीएसमा भर्ना गराउन सकिन्छ तर नेपाल सरकारले विदेशी विद्यार्थी ल्याउन पहल नै गरेन
>
> ● **डा. ज्ञानेन्द्रमानसिंह कार्की**
> अध्यक्ष, निजी मेडिकल कलेज तथा डेन्टल कलेज एसोसिएसन

> गुणस्तर बढाउँदै लग्यो भने संख्या आफैं थपिँदै जान्छ, गुणस्तरमा ख्याल नगरी सिट मात्रै बढाउँदा विश्वसनीयता घट्छ, बिरामी संख्या, पूर्वाधार हेरेर सिट वृद्धि गर्न सकिन्छ
>
> ● **डा. राजेन्द्र कोजु**
> प्राध्यापक, काठमाडौं विश्वविद्यालय स्कुल अफ मेडिकल

मेडिकल कलेजहरूमा सिट संख्या थपिएसँगै भर्ना हुने कुल विद्यार्थीको संख्यामा वृद्धि भएको देखिए पनि तोकिएको सिट भरिन सकेको छैन। शिक्षा ऐन, २०७५ ले कुल सिटको ३३ प्रतिशत विदेशी विद्यार्थीका लागि सुरक्षित गरेको छ। २०८२ मा स्नातक तहका विभिन्न कार्यक्रममा २ हजार ४ सय २८ सिट विदेशी विद्यार्थीलाई छुट्याइएको थियो, जसमा ७ सय ४६ जना मात्रै भर्ना भए। यसको अर्थ विदेशी विद्यार्थीको कोटामा १ हजार ६ सय ८२ सिट खाली रह्यो। विदेशी विद्यार्थी भर्ना नभएर रिक्त कोटामा स्वदेशी विद्यार्थी भर्ना हुन पाउने व्यवस्था छ।

एमबीबीएसमा भने विदेशी विद्यार्थीको राम्रो उपस्थिति देखिन्छ। २०८२ मा एमबीबीएसमा विदेशी विद्यार्थीलाई छुट्याइएको ७ सय ४९ सिटमा ७ सय ४२ विद्यार्थी भर्ना भएका थिए। त्यस्तै २०८१ मा ५ सय ९४ सिटमध्ये ४ सय ८२ र २०८० मा ५ सय ६२ सिटमा ५ सय ४२ विदेशी विद्यार्थी भर्ना भएको आयोगको तथ्यांक छ।

चिकित्सा शिक्षा आयोगका पूर्वउपाध्यक्ष तथा हालका सदस्य डा. श्रीकृष्ण गिरी नेपालमा विदेशी विद्यार्थी ल्याउने सम्भावना प्रबल रहेको र बिस्तारै संख्या बढ्दै गएको बताउँछन्। विद्यार्थी संख्या वृद्धि गर्ने नाममा गुणस्तरमा भने सम्झौता गर्न नसकिने उनले बताए। डा. गिरी नेपालको चिकित्सा शिक्षाले विश्व चिकित्सा शिक्षा संघ (डब्लूएफएमई) को मान्यता पाए विदेशी विद्यार्थीको संख्या स्वतः बढ्दै जाने बताउँछन्। 'नेपालले मान्यता प्राप्त गर्न प्रक्रिया पनि अघि बढाएको छ। संघको टोलीले अनुगमनसमेत गरेको छ। सुधारका लागि केही सुझाव दिएको छ। त्यो पूरा गरे मान्यता पाउँछ,' उनले भने, 'मान्यता पाए अन्तर्राष्ट्रियस्तरमा नै नेपालको मेडिकल शिक्षाको विश्वसनीयता बढ्छ। विदेशी विद्यार्थी पनि आउन चाहन्छन्।'

विदेशी विद्यार्थी ल्याउने भनेर मापदण्डविपरीत सिट वृद्धि गर्दा भने गुणस्तरमा संकुचन आउन सक्ने उनको भनाइ छ। 'चिकित्सा शिक्षा प्रत्येक नागरिकको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने विषय हो। न्यूनतम गुणस्तर पनि हेर्नुपर्छ। मेडिकल शिक्षा पढाइ अरू विधाभन्दा फरक छ। लाइसेन्स मात्र दिने गरेर पढाइ सञ्चालन गर्नु हुँदैन,' उनले भने, 'गुणस्तरमा सम्झौता गर्न मिल्दैन। चिकित्सा शिक्षालाई पैसासँग मात्र जोडेर हेर्नु हुँदैन।'

मेडिकल कलेज सञ्चालकहरूले भने पूर्वाधार मापदण्डअनुसार सिट वृद्धि गर्दै जानुपर्नेमा जोड दिँदै आएका छन्। निजी मेडिकल कलेज तथा डेन्टल कलेज एसोसिएसनले स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहतालाई १४ साउनमा मागपत्र बुझाउँदै विदेशी विद्यार्थीको कोटा बढाउन माग गरेको थियो।

नियम, कानुन, प्रक्रिया मिलाएर राज्यले विदेशी विद्यार्थी ल्याउने नीति लिनुपर्ने निजी मेडिकल कलेज तथा डेन्टल कलेज एसोसिएसनका अध्यक्ष डा. ज्ञानेन्द्रमानसिंह कार्कीले जनाए। सरकारले स्पष्ट नीति तथा कार्यक्रम ल्याए जति पनि विदेशी विद्यार्थी एमबीबीएसमा भर्ना गराउन सकिने उनी बताउँछन्। 'विदेशी विद्यार्थी पढाउँदा १० प्रतिशत नेपाली विद्यार्थीले छात्रवृत्ति पाउँछन्,' उनले भने।

सरकारले पहल गरेर भारत सरकारसँगै सम्झौता गरे उल्लेखनीय मात्रामा त्यहाँका विद्यार्थी ल्याउन सकिने कार्कीको भनाइ छ। त्यसबाहेक श्रीलंका र माल्दिभ्सबाट समेत एमबीबीएस र एमडीका लागि विद्यार्थी ल्याउन सकिने उनी बताउँछन्। 'नेपाल सरकारले विदेशी विद्यार्थी ल्याउन पहल नै गरेन। यहाँको प्रवेश परीक्षा, भर्ना प्रक्रिया पनि झन्झटिलो भयो। सहज भए जति पनि विदेशी विद्यार्थी ल्याउन सकिन्छ,' उनले भने, 'विद्यार्थीसँगै विदेशी पैसा पनि नेपाल आउँछ। अर्थतन्त्रमा सहयोग पुग्छ।'

सरोकारवाला विज्ञहरू भने सिट मात्रै वृद्धि गर्नेभन्दा पनि गुणस्तरलाई मुख्य रूपमा ध्यान दिनुपर्ने औंल्याउँछन्। काठमाडौं विश्वविद्यालय स्कुल अफ मेडिकलका प्राध्यापक डा. राजेन्द्र कोजु गुणस्तर सुनिश्चित गरेर मात्र सिट वृद्धि गर्नुपर्ने बताउँछन्। 'गुणस्तर बढाउँदै लग्यो भने संख्या आफैं थपिँदै जान्छ,' उनले भने, 'गुणस्तरमा ख्याल नगरी सिट मात्रै बढाउँदा विश्वसनीयता घट्छ।'

बिरामी संख्या, मेडिकल कलेजको भौतिक, शैक्षिक पूर्वाधार हेरेर भने सिट वृद्धि गर्न सकिने डा. कोजुले जनाए। 'सिट बढाउने कि घटाउने भन्ने कुरा गुणस्तरसाग सम्बन्धित छ। निर्णय लिँदा जहिले पनि त्यसलाई ख्याल गर्नुपर्छ,' उनले भने।

स्कुल अफ मेडिकलका डिन डा. मनोज हुमागाईं पनि गुणस्तर सुनिश्चित गरेर मात्र सिट वृद्धि गर्नुपर्ने बताउँछन्। एमबीबीएसको पढाइ छिमेकी मुलुकको भन्दा सस्तो भएका कारण विद्यार्थीको चाप बढी रहेको उनले बताए। 'पूर्वाधार र मापदण्ड पुऱ्याएर सिट वृद्धि गर्न सकिन्छ। विदेशी विद्यार्थीको आकर्षण छ। उनीहरूको सिट थप गरेर नेपाली विद्यार्थीको छात्रवृत्ति कोटा पनि बढाउन सकिन्छ,' उनले भने।

सम्पादकीय

# शिथिल संसद्, ओझेलमा नागरिक मुद्दा

संसदीय व्यवस्थामा सरकार र नागरिकबीचको सेतुका रूपमा संसद् रहन्छ। सांसद अर्थात् जनप्रतिनिधिले जनताको सवाललाई सरकारसम्म पुऱ्याउँछन्। जवाफ माग्छन्। निर्देशन दिन्छन्। जनताको हितमा काम गर्न बाध्य तुल्याउँछन्। सांसदहरूले मूल सदन र संसदीय समितिहरूमार्फत त्यस्तो दायित्व निर्वाह गर्ने गर्छन्। संसद्/सांसदको यो आदर्श दायित्व एकातिर छ, अभ्यास भने त्यसैअनुसार भइरहेको पाइँदैन। खासगरी बलियो सरकार बनेका बेलामा संसद् स्वयं सरकारको छाया बन्ने गरेको छ। २१ फागुनको निर्वाचनबाट बलियो सरकार गठन भएको छ। प्रतिनिधिसभा र त्यसअन्तर्गतका समितिमा पनि एउटै पार्टीका सांसदको वर्चस्व देखिन्छ। परिणामतः संसद्ले सरकारलाई जवाफदेही बनाउने भूमिका निर्वाह गर्न सकेको छैन। ऊ जनसरोकारको वाहक हुन पनि सकेको छैन। यस्तो स्थितिमा सरकारको स्वेच्छाचारिता बढ्ने र नागरिक आवाज ओझेलमा पर्न सक्ने जोखिम रहन्छ। यसर्थ, संसद्/सांसदले संविधानको मर्म र संसदीय प्रणालीको सिद्धान्तअनुसार भूमिका निर्वाह गर्न सक्नुपर्छ।

जनप्रतिनिधिका रूपमा सांसदले विभिन्न ढंगले नागरिकको प्रतिनिधित्व गर्न सक्छन्। नागरिकका समस्या र सरोकारलाई सार्वजनिक माध्यमबाट पनि बहसको विषय बनाउन सक्छन्। खास मुद्दामा जनमत निर्माण गर्न सक्छन्। तर संसदीय अभ्यासभित्रै रहेर उनीहरूले मूल सदन र संसदीय समितिहरूमार्फत आफ्नो भूमिका निर्वाह गर्न सक्छन्। नियमित बैठकमा उपस्थित हुने, नागरिकका समस्या राख्ने, सरकारका काम/निर्णयलाई निगरानी गर्ने, बन्दै गरेका कानुनलाई नागरिकमैत्री बनाउन सक्रियतापूर्वक भूमिका निर्वाह गर्ने काम सांसदको हो। मूल सदनमा आकस्मिक, शून्य वा विशेष समय तथा विभिन्न प्रस्तावमार्फत नागरिक हितका विषय प्रवेश गराउन सक्छन्। संसदीय समितिहरूमा विधेयकलाई समृद्ध बनाउन सक्रियतापूर्वक भाग लिन सक्छन्। मूल तथा समितिमा हुने सार्वजनिक चासोका विषयमाथिको छलफलमा विवेकपूर्ण ढंगले नागरिकको पक्षमा आवाज राख्न सक्छन्। बेथिति र विसंगतिका विरुद्ध आवाज उठाउँदै सांसदहरूलाई एकीकृत बनाउन सक्छन्। यस्ता विषय सत्ता पक्ष वा विपक्षी सांसदको साझा दायित्व हो।

सांसदको व्यक्तिगत र संसद्का रूपमा सामूहिक प्रभावकारिता कमजोर बनिरहेको छ। यसको कारण पनि प्रस्टै छ। किनकि, प्रायः सांसदहरूले नागरिकको समस्यालाई महसुस गरेर संसद्मा प्रस्तुत गरिरहेको पाइँदैन। महँगी, ग्यास अभाव, मल अभावजस्ता वर्तमान समस्याले नागरिकको दैनिकी असहज भइरहेको छ। बेरोजगारी, भ्रष्टाचार, ढिलासुस्ती, अपारदर्शीलगायतका दीर्घकालीन मुद्दा पनि कैयौं छन्। तर, सांसदहरूले सरकारलाई ती समस्याका विषयमा जवाफदेही बनाउन र समाधान खोज्न सकेको पाइँदैन। परिणामतः नागरिकमाझ संसद् भनेको आरोप-प्रत्यारोप र बचाउ-विरोधको स्थान मात्रै भएको भान पर्दै गएको छ। मंगलबारको बैठकमा विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा गणपूरक संख्या नपुगेपछि उनीहरूले मूल दायित्व नै भुलेको भन्दै आलोचना भइरहेको छ। हाजिर गर्ने र केही समय बैठकमा बसेपछि बाहिरिने प्रवृत्ति नयाँ संसद्मा पनि दोहोरिनु दुःखद छ। बैठकमा नजाने वा पूरा समय नबस्ने समस्या संसदीय समितिमा पनि छ।

संसद्प्रति सरकारको जवाफदेहिता पनि कमजोर छ। संसद्ले नै विश्वासको मत दिएका प्रधानमन्त्री वालेन्द्र शाहले स्वयं संसद् बैठकमा भाग लिन रुचि राखेको पाइँदैन। अर्कोतर्फ, सरकारले सदनलाई प्रशस्तै बिजनेस पनि दिन सकिरहेको छैन। न उपस्थिति, न जवाफदेहिता, न बिजनेस- यसरी सरकारले सदनलाई प्राथमिकताभन्दा बाहिर राखेको देखिन्छ। अर्कोतर्फ, सदनका नेता सभामुखले प्रधानमन्त्रीलाई रुलिङ गर्ने र सदनप्रति जवाफदेही बनाउने क्षमता देखाइरहेका छैनन्। उनी स्वयं सदनको नेताभन्दा सत्तारूढ पार्टीको प्रतिनिधिजस्तो देखिन्छन्। त्यसले सरकारलाई जवाफदेही हुनबाट पन्छिन सहयोग त पुऱ्याउला तर सदनको औचित्य र गरिमालाई भने कमजोर तुल्याउँछ। आफू नेतृत्वको संसद्को छवि कस्तो बनाउने भनेर स्थापित गर्ने अवसर सभामुखलाई छ। तर यस अवधिमा उनले जस्ता कार्यशैली अपनाएका छन्, त्यसले संसद्लाई कमजोर तुल्याउँदै लगेको छ।

संसदीय समितिहरूको भूमिका पनि कमजोर देखिएको छ। मूल सदनको बैठक सधैं नबस्ने भएकाले संसदीय समितिहरूले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने हो। तर, नागरिकका सरोकारमा संसदीय समितिले अस्वाभाविक निष्क्रियता देखाएका छन्। सुकुमवासी बस्तीलाई दीर्घकालीन योजनाबिना नै उठाइँदा, सुनसरीमा दुई समूहबीचको तनावले पूर्वी मधेशमा तनाव विस्तार हुँदा, किसानले मल नपाउँदा, ग्यास अभाव हुँदा, गणेश नेपालीले आत्मदाह गर्दा, माजिद अन्सारी पक्राउ पर्दा संसदीय समितिहरू नै बढी सक्रिय हुनुपर्ने थियो। यी र यस्ता घटनामा सरकारको जवाफ माग्ने वा सरकारलाई निर्देशन दिने भूमिका उनीहरूले निर्वाह गर्नुपर्ने थियो। तर संसदीय समितिहरूले मौन बस्न वा औपचारिकता पूरा गर्नुमै हित देखेको महसुस हुन्छ। समितिहरूमा सत्ता पक्षको बहुमत छ, यो प्रस्ट छ। तर सत्तापक्षीय सांसद हुनुको अर्थ नागरिक सरोकारका विषयमा नबोलेरै सरकारलाई सहयोग पुऱ्याउनु होइन। हरेक सांसद स्वयंमा सार्वभौम पनि हो। आफ्नो पदीय सार्वभौमिकता प्रयोग गर्न नसक्ने सांसदले नागरिकको सार्वभौमिकताको प्रतिनिधित्व पनि गर्न सक्दैनन्।

संसदीय व्यवस्था संसद् स्वयंको सक्रियतामा टिकेको हुन्छ। संसद् सक्रिय र नागरिकमैत्री हुने हो भने सरकार जवाफदेही हुनैपर्छ। त्यतिबेला नागरिकका समस्या सरकारसमक्ष पुग्छन् र समाधान पनि हुन सक्छ। सरकार र जनताबीचको सेतु बन्नुपर्ने दायित्व पनि पूरा हुन्छ। यसका लागि सभामुख, सांसदहरू तथा संसदीय समितिका सभापतिहरूको विशेष भूमिका रहन्छ। अर्कोतर्फ, सरकारको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। सरकारले नै संसद्लाई महत्त्व दिने, त्यहाँ उठेका प्रश्नप्रति जवाफदेही हुने र प्रशस्त बिजनेस दिने हो भने संसद् चलायमान बन्दै जान सक्छ। नागरिकको दायित्व पनि एक पटक मत दिएर चुप बस्ने होइन, संसद्/सांसदकै भूमिकाप्रति निगरानी गर्ने तथा सार्वजनिक मञ्चबाट प्रश्न उठाउँदै नागरिकमैत्री भूमिका निर्वाहका लागि दबाब सिर्जना गर्नुपर्छ।

# लोकतन्त्रको क्षयीकरण कसरी हुँदै छ ?



गेजा शर्मा वाग्ले

(वाग्ले राजनीति, भूराजनीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध मामिलाका विषयमा अध्ययन-अनुसन्धान गर्छन्)

सन् १९९० मा शीतयुद्धको अन्त्य, सोभियत संघमा कम्युनिस्ट शासनको पतन तथा जर्मनीमा बर्लिनको पर्खाल भत्किएपछि विश्वबाट नै कम्युनिस्ट तथा सबै प्रकृतिका अधिनायकवादको अन्त्य भई लोकतन्त्रको विजय भनी घोषणा भएको करिब चार दशक भयो। अमेरिका-युरोपका राजनीतिशास्त्री तथा उदार लोकतन्त्र पक्षधर राजनीतिक दलहरूले सोभियत संघ तथा पूर्वी युरोपमा कम्युनिस्ट शासन पतन भएपछि विश्वव्यापी रूपमा नै लोकतन्त्रको दिग्विजय भएको घोषणा गर्दै ठूलो विजयोत्सव मनाएका थिए। अमेरिकी राजनीतिशास्त्री तथा बहुलवादी लोकतन्त्रका प्रवक्ता फ्रान्सिस फुकुयामाले कम्युनिस्टको पतनलाई इतिहासको अन्त्यको संज्ञा दिँदै सन् १९९२ मा 'दी एन्ड अफ द हिस्ट्री एन्ड द लास्ट म्यान' नामक पुस्तक प्रकाशित भएपछि लोकतान्त्रिक आन्दोलन अभूतपूर्व सफलताको दिशातर्फ उन्मुख भएको विश्वास गरिएको थियो। तर कम्युनिस्ट, अधिनायकवाद र सर्वसत्तावादको अन्त्य भई विजयोत्सव मनाएको चार दशक पनि नबित्दै लोकतन्त्र र बहुलवादी समाजको जननी मानिने अमेरिका तथा युरोपमा नै गम्भीर संकट सिर्जना भएको विचारले लोकतान्त्रिक शिविर प्रतिरक्षात्मक भएको देखिन्छ।

लामो समयदेखि लोकतन्त्रको आरोह-अवरोहका बारेमा गहन अध्ययन-अनुसन्धान गर्दै आएका हार्वर्ड विश्वविद्यालयका प्राध्यापकहरू स्टेभिन लिभित्स्की र डेनियल जिबलटद्वारा लिखित 'हाउ डेमोक्रेसिस डाइः ह्वाट हिस्ट्री रिभिल्स अबाउट आवर फ्युचर' नामक पुस्तकमा लोकतन्त्र पतनोन्मुख भएको निष्कर्ष सार्वजनिक भएपछि गम्भीर बहस हुँदै आएको छ। लिभित्स्की र जिबलटले केवल लोकतन्त्र पतनोन्मुख भएको निष्कर्ष मात्रै निकालेका छैनन्, यदि समयमै उक्त चुनौतीहरूको सम्बोधन गरिएन भने लोकतन्त्रकै अवसान हुने कटु भविष्यवाणीसमेत गरेका छन्। इतिहासको अन्त्य भएको घोषणा गरेका फुकुयामालगायत उदार लोकतन्त्र पक्षधर राजनीतिशास्त्रीहरूले समेत अहिले विश्वव्यापी रूपमा नै लोकतन्त्रमाथि गम्भीर चुनौती सिर्जना भएकोमा चिन्ता व्यक्त गर्दै पतनोन्मुख लोकतन्त्रको उद्धार गर्न पश्चिमा लोकतान्त्रिक देशहरूलाई आह्वान पनि गरेका छन्।

### लोकतन्त्रका चुनौती

अमेरिकी स्वतन्त्रता संग्राम, फ्रान्सेली क्रान्ति, पहिलो र दोस्रो विश्वयुद्धको विभिषिका, उपनिवेशकाल र स्वाधीन आन्दोलनको ऐतिहासिक कालखण्डको लेखकद्वयले विहंगम विश्लेषण गरेका छन्। लोकतान्त्रिक प्रक्रियालाई उपयोग गरी सत्तामा पुगेका जर्मनीका एडोल्फ हिटलरले कसरी नाजी सत्ता स्थापित गरे भनी सविस्तार व्याख्या गरेका छन्। राजनीतिक अस्थिरताको कालखण्डमा राजनीतिक दाउपेचमार्फत इटालीको सत्तामा पुगेका अर्का तानाशाह बेनिटो मुसोलिनीले जनतालाई दमन गरी कसरी फाँसीवादी शासन संस्थागत गरेका थिए भन्ने फेहरिस्त पनि प्रस्तुत गरिएको छ। यसैगरी पेरुमा अल्बर्टो फुजिमोरीले पपुलिस्ट नारामार्फत सत्तामा आएपछि सार्वजनिक सञ्चारमाध्यमको दुरुपयोग गरी कसरी लोकतन्त्रको चीरहरण गरे भनी तथ्य र तथ्यांकसहित विश्लेषण गरिएको छ। केवल दक्षिणपन्थी पपुलिजम मात्रै होइन, वामपन्थी पपुलिजमका आधारमा कम्युनिस्ट सर्वसत्तावाद पनि स्थापित गरिएको छ। जसको उदाहरण हो- भेनेजुएला। कम्युनिस्ट पपुलिजमका आधारमा ह्युगो चाभेज राष्ट्रपति भएपछि जनताका अधिकार नियन्त्रण तथा लोकतान्त्रिक संस्थालाई कमजोर बनाई कम्युनिस्ट सर्वसत्तावाद स्थापना गरेको निष्कर्ष निकालिएको छ।

रसिया, भेनेजुएला, इजिप्ट, फिलिपिन्स, युक्रेन, जर्जिया, जिम्बावे, इराक, लिबिया, निकारागुवा, म्यानमार जस्ता देशहरू मात्रै होइन। बहुलवाद, उदार लोकतन्त्र, विधिको शासन, मानवअधिकारको जननी मानिने अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, भारत, अस्ट्रिया, नेदरल्यान्ड्सलगायतका देशमा पनि लोकतान्त्रिक मूल्य-मान्यता क्षयीकरण तथा अधिनायकवादी प्रवृत्ति हाबी हुँदै गएको कठोर निष्कर्ष निकालेका छन्। वास्तवमा उदार लोकतन्त्र तथा बहुलवादी समाजको जन्मभूमि अमेरिका, युरोपका समृद्ध देशहरूबाटै लोकतन्त्र तथा बहुलवादी समाजमाथि प्रश्न उठेपछि थप प्रतिरक्षात्मक भएको छ। ती देशमा पपुलिस्ट, उग्रराष्ट्रवादी, दक्षिणपन्थी तथा आप्रवासनविरोधीहरूले निर्वाचनमा पाएको अस्वाभाविक सफलता र उदार लोकतन्त्रवादीहरूको असफलताले लोकतन्त्रको भविष्यमाथि नै प्रश्नचिह्न खडा भएको छ।

संवैधानिक प्रक्रियाद्वारा निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्रीहरूको सर्वसत्तावादी चरित्रका कारण लोकतान्त्रिक मूल्य-मान्यता अतिक्रमण गर्ने प्रवृत्ति विश्वव्यापी रूपमा नै बढ्दै गइरहेको फेहरिस्तले लोकतन्त्र पतनोन्मुख भएको पुष्टि भएको छ। अमेरिका र युरोपका देशहरूमा पनि आवरणमा लोकतान्त्रिक प्रणाली अनुसरण गरिएको छ। तर उक्त प्रणाली क्रमिक रूपमा अनुदारवादी दिशातर्फ उन्मुख हुँदै गइरहेको छ। अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्प, टर्कीका राष्ट्रपति रिसेप तायिप इर्दोगान, अनुदारवादी लोकतन्त्रका प्रवक्ता हंगेरीका पूर्वप्रधानमन्त्री भिक्टर ओरबान (गत जुनमा भएको निर्वाचनमा पराजित भए) जस्ता उग्रराष्ट्रवादी तथा पपुलिस्टहरूको विजय र युरोपियन युनियनबाट छुट्टिने बेलायतको जनमत संग्रहको आश्चर्यजनक परिणामपछि लोकतन्त्रलाई गम्भीर धक्का लागेको विश्लेषण गरेका छन्। लिभित्स्की र जिबलटको निष्कर्ष छ- 'शीतयुद्धकालीन साम्यवाद, फाँसीवाद, सर्वसत्तावाद, अधिनायकवाद, सैन्य शासन तथा एकदलीय तानाशाह अहिलेको चुनौती होइन। पपुलिजम, उग्रराष्ट्रवाद, भूमण्डलीकरणको विरुद्ध संरक्षणवाद, अनुदारवाद, जातिवाद र निर्वाचित सर्वसत्तावाद लोकतन्त्रका प्रमुख चुनौतीहरू हुन्।' उनीहरूले व्यंग्यात्मक तर्क तथा प्रश्न गरेका छन्- अहिले कतै मतपत्रमा नै लोकतन्त्रको पराजय लेखिएको त छैन ? स्मरणीय छ, अहिले म्यानमार, बुर्किना फासो, नाइजर, सुडान, मालीलगायत करिब १० देशमा सैन्य शासन छ भने चीन, उत्तर कोरिया, क्युबा, भियतनाम, लाओस गरी पाँच देशमा मात्रै कम्युनिस्ट सत्ता छ।



तस्बिर : म्याग्निफिकडटकम

> लोकतन्त्रको संरक्षण केवल संविधान, लोकतान्त्रिक संस्था, कानुन र दलहरूले मात्रै गर्न सक्दैनन्। लोकतन्त्रको संरक्षण गर्ने प्रमुख आधार लोकतान्त्रिक मूल्य-मान्यता, सिद्धान्त र संस्कार हो। संविधान वा कागजमा लेखेर होइन, लोकतान्त्रिक मूल्य-मान्यता, सिद्धान्त र संस्कार व्यवहारमा रूपान्तरण गर्नुपर्छ।

लिभित्स्की र जिबलटले मात्रै होइन, लोकतन्त्रका बारेमा विगत तीन दशकदेखि गहन अध्ययन-अनुसन्धानमा संलग्न स्ट्यानफोर्ड विश्वविद्यालयका प्राध्यापक ल्यारी डाइमण्डले पनि सन् २०१५ मा 'डेमोक्रेसी इन डिक्लाइन' नामक पुस्तकमा ह्रासोन्मुख लोकतन्त्रका बारेमा तथ्य र तथ्यांकसहित विश्लेषण गरेका छन्। यसैगरी हार्वर्ड विश्वविद्यालयका अर्का प्राध्यापक यश्चा माउन्कले पनि सन् २०१८ मा प्रकाशित 'दी पिपुल भर्सेज डेमोक्रेसीः ह्वाई आवर फ्रिडम इज इन डेन्जर एन्ड हाउ टु सेभ इट' नामक पुस्तकमा पपुलिजम, उग्रराष्ट्रवाद र अतिवादका कारणले लोकतन्त्र असफल हुँदै गएको निष्कर्ष निकालेका छन्। स्विडेनको गोथेनगर्ब विश्वविद्यालयद्वारा प्रकाशित डेमोक्रेसी इन्डेक्स, २०२६ का अनुसार पनि उदार लोकतन्त्र, बहुलवादी समाज, विधिको शासन र मानवअधिकारका लागि जटिल चुनौतीहरू सिर्जना भएका छन्। उक्त इन्डेक्सअनुसार अहिले ४४ देशमा लोकतन्त्र क्रमिक रूपमा क्षयीकरणतर्फ उन्मुख भइरहेका छन्। यसैगरी सन् २००० पछि लोकतान्त्रिक क्षयीकरणमा परेका देशको संख्या ८५ पुगेको छ।

### अमेरिकी लोकतन्त्रका समस्या

सबैभन्दा पुरानो र समृद्ध अमेरिकी लोकतन्त्रलाई तेस्रो विश्वमा लोकतन्त्रको उच्चतम मानकका रूपमा चित्रित गरिन्छ। विशेषगरी नेपालमा अमेरिकालाई उत्कृष्ट लोकतान्त्रिक देश र अभ्यासका रूपमा व्याख्या र चित्रित गरिन्छ। तर लिभित्स्की र जिबलटले अमेरिकी लोकतन्त्रका अन्तर्निहित समस्या र सामना गरिरहेका चुनौतीका बारेमा लामो फेहरिस्त प्रस्तुत गरेका छन्। सन् १७७६ जुलाई ४ मा बेलायतबाट स्वतन्त्र भएपछि लोकतान्त्रिक प्रणाली अनुसरण गरे पनि अमेरिकी इतिहास आरोह-अवरोहपूर्ण छ। सन् १८६१ देखि १८६५ सम्म गृहयुद्ध, दक्षिणका ७ राज्यहरू (साउथ क्यारोलिना, लुजिआना, टेक्सास, मिसिसिपी, फ्लोरिडा, जर्जिया र अलाबामा) अमेरिकाबाट विभाजित भएको घोषणा, कार्यपालिका र न्यायपालिकाबीचको विवाद र द्वन्द्व जस्ता घटनाक्रमले लोकतान्त्रिक कालखण्ड पनि विवादित नै छ। स्वतन्त्र भएपछि नै लोकतान्त्रिक प्रणाली अनुसरण गरिए पनि सन् १९६५ देखि लोकतन्त्रका सार्वभौम मूल्य-मान्यताहरूलाई स्वीकार गरेपछि मात्रै अमेरिकी प्रणाली पूर्ण लोकतान्त्रिक भएको विचार व्यक्त गरेका छन्। अझ विडम्बनापूर्ण तथ्य त के छ भने स्वतन्त्र भएको १३० वर्षपछि सन् १९१९ मा मात्रै अमेरिकामा महिलाले मताधिकार पाएका थिए।

अमेरिकी श्वेत राष्ट्रवादको नाराका आधारमा निर्वाचित भएका दक्षिणपन्थी पपुलिस्ट डोनल्ड ट्रम्पले शृंखलाबद्ध रूपमा संवैधानिक तथा लोकतान्त्रिक संस्थाहरूमाथि निरन्तर आक्रमण गरिरहेका छन्। तर अमेरिकामा स्वतन्त्र न्यायपालिका र प्रेसमाथि अहिले ट्रम्पले मात्रै होइन, विगतमा फ्र्याक्लिन डिल्यानो रूजवेल्ट र रिचर्ड निक्सनलगायत अन्य राष्ट्रपतिहरूले पनि आक्रमण गरेको वास्तविकता लेखकद्वयले सार्वजनिक गरेका छन्। यसरी राष्ट्रपतिले नै न्यायपालिकामाथि आक्रमण गरेपछि शक्ति पृथकीकरण र स्वतन्त्र न्यायालयको अस्तित्वबारे गम्भीर प्रश्नचिह्न खडा भएको छ। ट्रम्पले स्वतन्त्र न्यायपालिका र प्रेसमाथि गरेको आक्रमण अमेरिकी लोकतन्त्रका लागि नै लज्जाको विषय भएको उनीहरूको निष्कर्ष छ।

लोकतन्त्रको आधार स्तम्भ स्वतन्त्र न्यायालय र प्रेसप्रतिको आक्रमण, राजनीतिक प्रतिस्पर्धीलाई शत्रु घोषणा, निर्वाचन परिणाम अस्वीकार गर्ने चेतावनी जस्ता गैरलोकतान्त्रिक र अधिनायकवादी प्रवृत्तिले लोकतन्त्र तीव्र गतिमा ह्रासोन्मुख भएको छ। धर्म, जाति, रंग, संस्कृति, भाषाको आधारमा तीव्र गतिमा विभाजित भइरहेको अमेरिकी समाज र राजनीतिक समस्याहरू आम रूपमा विश्लेषण गरिएभन्दा जोखिमपूर्ण छ। अमेरिकाको लोकतन्त्र र भेनेजुएलाको सत्ता समान गतिमा पतनोन्मुख भएको निष्कर्ष लेखकद्वयले निकालेका छन्। अमेरिकाका लागि त्योभन्दा ठूलो व्यंग्यको विषय अरू के हुन सक्छ ? ट्रम्पको विजय नै अमेरिकी लोकतन्त्रका लागि दुर्भाग्य भएको उनीहरूको विचार छ।

अमेरिकाको निर्वाचन प्रणाली अत्यन्त खर्चिलो भएको विचार व्यक्त गर्दै रिपब्लिकन र डेमोक्रेटिक दुवै पार्टीको राष्ट्रपतीय प्रत्याशी छनोट प्रक्रिया पारदर्शी, लोकतान्त्रिक र सहभागितामूलक नभएको निष्कर्ष निकालेका छन्। राष्ट्रपतीय प्रत्याशी छनोट प्रक्रियामा रिपब्लिकन र डेमोक्रेटिक दुवै पार्टीको संस्थापन पक्षको भूमिका हस्तक्षेपकारी भएको रहस्य उजागर गरेका छन्। त्यसैले निर्वाचन प्रणाली तथा राष्ट्रपतीय प्रत्याशी छनोट प्रक्रिया सुधार गर्न सुझाव दिएका छन्।

लिभित्स्की र जिबलटले रिपब्लिकन पार्टीको कटु आलोचना गरेका छन्। तर डेमोक्रेटिक पार्टीको उदार नीतिलाई प्रकारान्तरले समर्थन गरे पनि कमजोरी पनि औंल्याएका छन्। रिपब्लिकनलाई श्वेत अमेरिकी राष्ट्रवादी र डेमोक्रेटिकलाई पहिचानवादी र अल्पसंख्यकहरूको पार्टी भएको टिप्पणी गरेका छन्। त्यसैले रिपब्लिकनलाई अल्पसंख्यक र आप्रवासी तथा डेमोक्रेटिकलाई बहुसंख्यक अमेरिकीहरूको भावनाप्रति संवेदनशील नीति अनुसरण गर्न सुझाव दिएका छन्। तर ट्रम्प र निक्सन मात्रै होइन, अब्राहम लिंकन जस्ता लोकतान्त्रिक र क्रान्तिकारी पनि रिपब्लिकन पार्टीकै राष्ट्रपति भएको वास्तविकतालाई विस्मरण गर्नु उपयुक्त नहोला।

### सुधार र संरक्षण कसरी गर्न सकिन्छ ?

लोकतान्त्रिक प्रणालीका समस्या लोकतान्त्रिक प्रक्रियाबाटै सम्बोधन गर्न सकिन्छ। लोकतन्त्रको सकारात्मक र सुन्दर पक्ष भनेकै यही हो। लिभित्स्की र जिबलटले केवल लोकतन्त्रका समस्या तथा चुनौतीहरूको फेहरिस्त मात्रै दस्तावेजीकरण गरेका छैनन्। सुधार र संरक्षण कसरी गर्न सकिन्छ ? भन्नेबारेमा उपयुक्त र मननीय सुझावहरू पनि दिएका छन्। उनीहरूका सुझावलाई प्रमुख रूपमा पाँच बुँदामा वर्गीकरण गर्न सकिन्छ।

पहिलो, लोकतन्त्रको विकल्प उदार लोकतन्त्र। लोकतन्त्रका चुनौती, जटिलता र समस्या छन्। तर लोकतन्त्रको विकल्प छैन। लोकतन्त्रको विकल्प भनेको थप उदार, उन्नत र सुसंस्कृत लोकतन्त्र हो। उदार, बहुलवादी र समावेशी लोकतन्त्रले मात्रै समाजमा विद्यमान धार्मिक, सामाजिक, सांस्कृतिक, भाषिक, भौगोलिक, लैंगिक विभेदको अन्त्य गरी समन्यायिक समाज स्थापना गर्न सक्छ। यसैगरी समावेशी आर्थिक वृद्धिमार्फत विकास गरी समुन्नत र समतामूलक देश निर्माण गर्न पनि उदार लोकतन्त्र अपरिहार्य छ।

दोस्रो, सबल, सक्षम र स्वायत्त लोकतान्त्रिक संस्था। लोकतन्त्र भनेको प्रणाली, पद्धति र प्रक्रिया भएकाले लोकतान्त्रिक संस्थाहरू सबल, सक्षम र स्वायत्त हुनुपर्छ। लोकतान्त्रिक संस्थाहरूको संस्थागत विकास भएपछि मात्रै पद्धति र प्रणालीको विकास हुन्छ। व्यवस्थापिका, न्यायपालिका, कार्यपालिका, राजनीतिक दल, संवैधानिक संस्था, स्वतन्त्र प्रेस लोकतान्त्रिक प्रणालीका अनिवार्य पूर्वसर्त हुन्। लोकतन्त्रको संरक्षण र संवर्द्धन गर्ने यस्ता संस्थाहरू सरकारको औजार हुनु हुँदैन। यी संस्था कमजोर भए लोकतन्त्र पनि कमजोर हुन्छ र लोकतान्त्रिक प्रणालीबाटै अधिनायकवादी तथा सर्वसत्तावादी शासकहरू जन्मिन्छन्। लोकतान्त्रिक प्रणालीमा राज्य सञ्चालन गर्ने दलहरूले हो। त्यसैले दलहरू सबैभन्दा जिम्मेवार, जनमुखी र जवाफदेही हुनुपर्छ।

तेस्रो, लोकतान्त्रिक मूल्य-मान्यता र संस्कार। लोकतन्त्रको संरक्षण केवल संविधान, लोकतान्त्रिक संस्था, कानुन र दलहरूले मात्रै गर्न सक्दैनन्। लोकतन्त्रको संरक्षण गर्ने प्रमुख आधार लोकतान्त्रिक मूल्य-मान्यता, सिद्धान्त र संस्कार हो। संविधान वा कागजमा लेखेर होइन, लोकतान्त्रिक मूल्य-मान्यता, सिद्धान्त र संस्कार व्यवहारमा रूपान्तरण गर्नुपर्छ। लोकतान्त्रिक मूल्य-मान्यता र संस्कारबिनाको लोकतान्त्रिक प्रणालीको अर्थ र औचित्य छैन। होइन भने लोकतन्त्र कागज, औपचारिकता र कर्मकाण्डमा सीमित रहन्छ।

चौथो, शक्ति सन्तुलन, जवाफदेहिता र पारदर्शिता। राज्य वा सरकारलाई निरंकुश र स्वेच्छाचारी हुनबाट रोक्ने तीन प्रमुख स्तम्भ हुन्। शक्ति सन्तुलनको सिद्धान्तले व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाबीच नियन्त्रण र सन्तुलन गरी संविधानवाद र विधिको शासनलाई संस्थागत गर्छ। सरकार जनताप्रति पूर्ण रूपमा जवाफदेही हुनुपर्छ। यसैगरी राज्यका नीति तथा निर्णय प्रक्रिया पारदर्शी र सहभागितामूलक हुनुपर्छ। यदि शक्ति सन्तुलन कमजोर भयो भने सरकार जवाफदेही पनि हुँदैन र निर्णय प्रक्रिया पनि पारदर्शी हुँदैन। यसले एकातिर शक्तिको दुरुपयोग गरी लोकतन्त्रकै क्षयीकरण हुन्छ भने अर्कोतिर लोकतन्त्रप्रति नागरिकको विश्वासको संकटसमेत सिर्जना हुन्छ।

पाँचौं, स्वतन्त्र न्यायालय, स्वतन्त्र प्रेस र सक्रिय नागरिक समाज। लोकतान्त्रिक प्रणालीको स्थायित्व र प्रभावकारिताका लागि यी अपरिहार्य संस्थागत आधार हुन्। स्वतन्त्र न्यायालयले संविधान, कानुन र नागरिक अधिकारको संरक्षण गर्दै राज्यसत्ताको स्वेच्छाचारितामाथि संवैधानिक नियन्त्रण कायम गर्छ। स्वतन्त्र न्यायालयबिना लोकतन्त्र र जनअधिकारको अभ्यास सम्भव छैन। स्वतन्त्र प्रेसले सरकार, राज्य संयन्त्र, दल र लोकतान्त्रिक संस्थालाई जवाफदेहिता बनाउँछ। स्वतन्त्र प्रेसले सत्ताको दुरुपयोग, कुशासन, भ्रष्टाचारको भण्डाफोर गर्छ र नागरिकलाई सुसूचित गर्छ। यसैगरी नागरिक समाजले सरकारलाई निरन्तर प्रश्न गर्छ, निगरानी गर्छ र खबरदारी गर्छ। नागरिक समाजले राज्य र नागरिकबीच सेतुको भूमिका निर्वाह गर्दै जनअधिकार, हित र सरोकारलाई सार्वजनिक नीतिको केन्द्रमा ल्याउँछ।

जतिबेला लिभित्स्की र जिबलटले उक्त किताब लेखेका थिए, त्यतिबेला प्रधानमन्त्री वालेन्द्र शाह र सभापति रवि लामिछाने सक्रिय राजनीतिमा समेत थिएनन्। रास्वपाको त अस्तित्व नै थिएन। यसैगरी कांग्रेस, एमालेलगायतका मूलधारका दलहरूको हैसियत पनि यति प्रतिरक्षात्मक भएको थिएन। तर अहिले उक्त किताब पढ्दा नेपाल, रास्वपा, शाह र लामिछानेका बारेमा लेखिएको सन्दर्भ सामग्री जस्तो प्रतीत हुन्छ। सायद लिभित्स्की र जिबलटको सफलता नै यही हो। के नेपाल पनि लेखकद्वयको निष्कर्षको दिशातर्फ उन्मुख छ ?

@GejaWagle

# कांग्रेसभित्र एकताको बाटो



बाबुराम आचार्य

(आचार्य कांग्रेसका नेता हुन्)

गत पुसमा सम्पन्न विशेष महाधिवेशनबाट कांग्रेसको सभापतिमा गगनकुमार थापा निर्वाचित बने। तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले नेतृत्व गरेको विशेष महाधिवेशनविरुद्ध परेको निवेदनको विपक्षमा निर्वाचन आयोगले निर्णय मात्र गरेन, सर्वोच्च अदालतले समेत आयोगकै निर्णयलाई सदर गऱ्यो।

सर्वोच्च अदालतले समेत गगन थापालाई कांग्रेसको आधिकारिक सभापतिको मान्यता दिएपछि कार्यवाहक सभापतिका रूपमा रहेका पूर्णबहादुर खड्काले निवर्तमान कार्यवाहक सभापतिका रूपमा आफूलाई स्वीकार गरे। गगन थापा नेतृत्वको कांग्रेस केन्द्रीय कार्यसमितिले २१ फागुन २०८२ को निर्वाचनमा भाग लिने गरी देशभरका १६५ निर्वाचन क्षेत्रका उम्मेदवारलाई टिकट सिफारिस गऱ्यो। टिकट लिनेहरूमा अहिले इतर पक्षमा सक्रिय डा. शेखर कोइराला, विमलेन्द्र निधिलगायतका नेताहरू पनि थिए।

निर्वाचनमा सभापति थापाले सर्लाही-४ बाट उम्मेदवारी दिए। काठमाडौं-४ बाट यसअघि तीन पटक निर्वाचन लडेका थापा सर्लाही-४ मा पराजित भए। उक्त निर्वाचनमा कांग्रेसले प्रत्यक्षतर्फ देशभरमा १८ सिट र समानुपातिकमा २० सिट जित्यो। संसद्मा कांग्रेस दोस्रो तथा प्रमुख प्रतिपक्ष बन्यो। जेन-जी आन्दोलन र त्यसपछि बनेको पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकारले सम्पन्न गरेको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी १८२ सिटसहित झन्डै दुईतिहाइ मत पाएर सबैभन्दा ठूलो पार्टी बन्न सफल भयो। निर्वाचन परिणाम कांग्रेसको मात्र नराम्रो थिएन, एमाले, नेपाली कम्युनिस्ट पार्टीका लागि पनि राम्रो भएन। अझ मधेशकेन्द्रित दलहरूले प्रत्यक्षतर्फ एक सिटसमेत जित्न सकेनन्।

भाषणमा पार्टी मिलाउँछु भन्ने व्यवहारमा कहिले ?

कांग्रेस नेपालको सबैभन्दा पुरानो लोकतान्त्रिक दल मात्र होइन, जनताको आशा, भरोसा र विश्वासको केन्द्र हो। कांग्रेस इतिहास र वर्तमान मात्र होइन, भविष्य पनि हो भन्ने भाष्य कसरी स्थापित गर्न सकिन्छ भनेर जिम्मेवारी लिएर पार्टीका सभापति गगन थापाले लिने कि नलिने ? थापाले दर्जनौं कार्यक्रम र अन्तर्वार्ताहरूमा 'म पार्टी मिलाउने मुख्य जिम्मेवार व्यक्ति हुँ, पार्टी मिलाउँछु' भन्दै आएका पनि छन्। मुखले बोलेर, भाषण गरेरभन्दा व्यवहारमा लागू हुने गरी काम गर्न अब ढिला भएन र ?

'कांग्रेस लास र दासहरूको पार्टी होइन' भन्दै विशेष महाधिवेशनस्थल भृकुटीमण्डपबाट गर्जिएका थापाले कांग्रेसको शक्तिशाली सभापति पद हाइज्याक गर्न सफल भए। यसलाई निर्वाचन आयोगले मात्र होइन, सर्वोच्च अदालतले समेत वैधानिक भनेपछि उनलाई कानुनी र वैधानिक रूपमा खोट लगाउने ठाउँ देखिँदैन। तर व्यावहारिक वा नैतिक रूपमा शेरबहादुर देउवा नेतृत्वको पुरानो केन्द्रीय कार्यसमितिलाई पन्छाएर बनेको थापा नेतृत्वको केन्द्रीय कार्यसमिति लोकतन्त्र, कांग्रेस र देश कमजोर बनाउने जस्तो देखिएको राजनीतिक विश्लेषकहरूको आरोपसमेत छन्।

विश्व प्रसिद्ध राजनीतिक विचारक अरस्तुले भनेका छन्, 'राजनीति भनेको नीतिहरूको नीति हो।' यसैगरी अमेरिकाका १६ औं राष्ट्रपति अब्राहम लिंकनले १९ नोभेम्बर १८६३ मा एउटा भाषणमा भनेका छन्, 'प्रजातन्त्र भनेको जनताको, जनताकै लागि जनताद्वारा गरिने शासन हो।' यी भनाइहरू राजनीति र लोकतन्त्रसँग सधैं जोडिने भनाइ हुन्। लोकतन्त्र अथवा प्रजातन्त्रमा आफ्नो अधिकारको अधिकतम प्रयोग गर्दा अर्काको अधिकारको पनि हनन हुनुहुन्न भन्ने हुन्छ।

नेपालको राजनीतिमा संवत् १९०३ देखि २००७ सम्म १०४ वर्षे जहानियाँ राणा शासन होस् वा २०१६ देखि २०४६-४७ सम्म ३० वर्षे पञ्चायत होस्। १ फागुन २०५२ देखिको १० वर्षे माओवादीको भूमिगत जनयुद्ध होस् या जेन-जी आन्दोलन होस्। जनताका पक्षमा काम नगरेपछि, जनताले नै शक्तिहरूलाई परिवर्तन गर्दै हटाएर नयाँ व्यवस्था ल्याएका दृष्टान्तहरू हामीसामु धेरै छन्।

### कांग्रेसमा गुट/उपगुट नयाँ होइन

कांग्रेसमा स्थापनाकालदेखि नै गुट/उपगुट थिए। शेरबहादुर देउवाको नेतृत्वमा कांग्रेस फुटसम्मै पुगेको थियो। तर आमनिर्वाचन अगावै एकीकरण पनि भयो। पार्टी एकीकरण भए पनि नेताहरूको भावना एकीकरण भएको भने विगतदेखि नै देखिएको छैन। कांग्रेसमा भावना एकीकरण किन भएन भन्ने प्रश्नको उत्तर सामान्य छ। सबका सबलाई पद चाहिएको छ। व्यक्तिगत र पारिवारिक स्वार्थका कारण कांग्रेस मात्र होइन, कम्युनिस्ट, रास्वपा र सिंगो राजनीति नै बदनाम बनिरहेको छ।

कांग्रेसको विशेष महाधिवेशनले गगन थापा नेतृत्वमा कार्यसमिति निर्वाचित गऱ्यो, इतर समूहले अवैधानिक भन्दै दिएको निवेदनको फैसला गर्दै निर्वाचन आयोग अनि सर्वोच्च अदालतले आधिकारिकता प्रदान गऱ्यो। गगन थापा नेतृत्वको कार्यसमिति पार्टी एकता गर्न इतर पक्षले राखेको मागलाई बेवास्ता गर्दै हिँड्यो। राम्रोसँग छलफल गर्नसमेत गगन थापा पक्ष सहमत भएन।

कांग्रेस इतर पक्षले केही दिनअघि गगन थापा नेतृत्वको विशेष महाधिवेशन पक्षलाई आधिकारिकता दिएको विषयमा पुनरावलोकन गर्न अनुरोध गर्दै सर्वोच्च अदालतमा निवेदन दियो। अदालतले विशेष महाधिवेशनदेखि नै हेर्ने निर्णय गरेको छ। यसपछि इतर पक्ष गगन थापा र विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिका विरुद्ध पुनः लाग्न थालेको छ। गगन थापा र विश्वप्रकाश शर्मालाई सानेपामा हुँदा कारबाही गरेको इतर पक्ष अहिले आफैं आधिकारिक हो जस्तो गरी अन्तर्वार्ता र छलफलमा सहभागी भइरहेको छ। गगन थापाहरू पनि नतर्सिने, अदालतमा प्रतिवाद गर्नेजस्ता अभिव्यक्ति दिइरहेका छन्। न्यायालयले गर्ने फैसला के हो ? भन्न सकिने अवस्था छैन। न्यायालयका विषयमा प्रभावित हुने गरी बोल्न, लेख्न नपाइने भए पनि दुवै पक्ष आक्रामक रूपमा दम्भ र घमण्ड देखाइरहेका छन्।

सर्वोच्च अदालतमा परेको पुनरावलोकन निवेदन, विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति, १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति मिलेर, एउटै बैठकमा बसेर कुरा मिलाउनुको सट्टा अराजनीतिक संस्कारसहित संस्थापन र इतर पक्ष लाग्नु राम्रो होइन। २९ साउनमा राखिएको इतर पक्षको राष्ट्रिय भेलाले कस्तो रूप दिन्छ, त्यो हेर्न बाँकी छ, सर्वोच्च अदालतले कस्तो प्रकारले थप अनुसन्धान गरी आदेश दिन्छ, त्यो हेर्न बाँकी नै छ। सर्वोच्च अदालतको आदेश आउनुभन्दा अगाडि नै कांग्रेसलाई भावनात्मक रूपमा एक बनाउने कार्यमा दुवै पक्ष लाग्न जरुरी छ। यसमा सानेपा अथवा गगन थापाको संस्थापन समूहले विगतका विवादहरू बिर्सेर नयाँ शिराबाट सहमतिको बाटो कोर्ने कुराको नेतृत्व गरोस्।

# रङहरूको लैंगिक राजनीति



साबित्री गौतम

(गौतम महिलावादी लेखक हुन्)



तस्बिर : एआई

> पितृसत्ता र पुँजीवादी बजारले महिलाको शरीरलाई नियन्त्रण गर्ने जुन रंगीन घेराबन्दी तयार पारेको छ, त्यो केवल व्यक्तिगत रुचि वा फेसनको विषय मात्र होइन । वैवाहिक स्थितिका आधारमा रङको सिमाना तोकिनु, 'पिंक ट्याक्स', हरियो साउन, रातो भदौ आदि उन्मादी उपभोक्तावादको रङ बजारमार्फत उनीहरूको छनोटलाई व्यापार बनाउनु, एउटै सांस्कृतिक पितृसत्ताका दुई पाटा हुन् ।

दुई वर्षअघि- नारायणगढमा थिएँ, आमाबुबाको घरमा । आमा, बुबा र म दिनहुँ कुनै एउटा संस्कारजन्य काममा सहभागी हुन जान्थ्यौं बिहानैदेखि । मध्य साउनको चितवनको गर्मी । पोखरा जस्तो शीतल मौसम हुने सहरमा साढे दुई दशक बिताइसकेकी म, चितवनको गर्मीसँग अभ्यस्त हुन छाडेको जुग बितिसकेको थियो । बुबा धेरैजसो तयार हुने सेतो कटकटाउँदो सुतीको कुर्ता र पाइजामा लगाएर; ज्यानमा कतै 'विवाहित पुरुष' हुनुका संकेत चिह्न छैनन् । म सोच्दै बस्थें, यो गर्मीमा सेतो कुर्ता लगाएर त्यही जमघटमा जान बुबालाई जस्तो सहज मलाई किन छैन ? नेपालको कथित 'बाहुन' जातकी महिला म, जुन समाजमा उठबस गर्छु, त्यहाँ विवाहित महिला म र विवाहित पुरुष मेरा बुबाका लागि फरकफरक सामाजिक व्यवस्था छन् । व्यवस्थाको प्रतिरोध गरिरहेका मजस्ता महिलाहरूका लागि शिथिल बनाउने गरी प्रश्नका काँडेतार छन् ।

निख्खर सेतो लुगा श्रीमान् जिउँदै भएका महिलाका लागि समाजले सहजतापूर्वक स्विकारेको छैन । लगाइहालेमा पनि शरीरमा विवाहित महिलाका संकेत चिह्न चुरा-पोते-सिन्दूर आदि हुनुपर्‍यो । अघिल्ला दिनहरूमा मेरो चुरा-पोते-सिन्दूरविहीन 'औतार' बारेमा धेरै प्रसंग घटिसकेका थिए । सेतो लुगा लगाएर फेरि त्यही विषयमा दिनभर पचासौं टिप्पणी सुन्नु, तिनको प्रतिरक्षामा दिन बिताउनु, यो परिश्रमको सामर्थ्य मसँग थिएन । सारी-चोलो, चुरा-पोते-रङ-शृंगार आदि बारेको वादविवादको २५ वर्ष लामो थकानपछि अब यस्ता कुरालाई सकेसम्म छलेर हिंड्ने उपाय खोज्छु ।

श्रीमान् बितेका महिलालाई रातो रङबाट वञ्चित गर्नु र श्रीमान्सँगै भएका महिलालाई नीला-सेता-खैरा रङबाट वञ्चित गर्नु मलाई बराबरको हिंसा लाग्छ । कतिलाई लाग्दो हो, यति जाबो कुरामा यसको कत्रो कचकच ? कति अप्ठ्यारी यो महिला । तर कथित घर र माइतीबाट पर एकल परिवारमा 'आफ्नो शरीरमाथि आफ्नो अधिकार' स्वायत्त भएर प्रयोग गरिरहेकी म जब चाडबाड, विवाह, मृत्युजस्ता अवसरमा 'मुख्य' थलोहरूमा जानुपर्छ, त्यतिबेला सारी-चोलो-रङ-चुरा-पोते-टीकाको सांस्कृतिक-लैंगिक फ्रेमभित्र जबर्जस्ती कोच्ने प्रयासहरूसँग निस्सासिन्छु । रङमार्फत महिलाको शरीरमाथि भइरहेको राजनीतिको बहुआयामिक स्वरूपमध्ये केहीको यहाँ चर्चा गर्दै छु । र यो लेखले विशेषत: मेरो आफ्नो तथाकथित जात (बाहुन) का महिलाको अनुभवको प्रतिनिधित्व गर्छ ।

## सार्वजनिक राजनीतिको मैलो रङ

२०५० सालमा नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारीको मृत्युपछि उनकी श्रीमती विद्या पाण्डे (यतिबेला भण्डारी) ले सांसदमा उम्मेदवारी दिइन् । चुनावी अभियानभरि उनले सेतो सारीमा भोट मागिन् । आफैं भौतिकवादी कम्युनिस्ट राजनीतिबाट दीक्षित राजनीतिकर्मी, प्रखर भौतिकवादी पार्टनरसँग जीवन बिताएकी विद्याले किन सेतो सारी लगाइन् ? के उनको 'कम्युनिस्ट' दीक्षा पनि समाजमा श्रीमान् बितेपछि रातो रङ खोसेर सेतो थोपर्ने जब्बर सांस्कृतिक पितृसत्ताको अगाडि कमजोर बन्यो, जससँग एक्लै लड्न उनमा सामर्थ्य थिएन ? वा, यो उनको पार्टीको 'चुनावी कार्ड' थियो, जसलाई उनले चुपचाप पालन गरिन् ? या आफ्नै शरीरलाई 'रङको राजनीति' को माध्यम बनाउनु उनको व्यक्तिगत रोजाइ थियो ? यी सबैको उत्तर त विद्या भण्डारीसँगै होला ।

यसैसँग सम्बन्धित रहेर विद्याकै दलका सहयोद्धा केशव स्थापितले केही वर्षअगाडि अन्तर्वार्ताहरूमा यस्तो आशयका कुराहरू बोलेका छन्- विद्याको सेतो सारीमा पछाडिबाट रातो मसी उनैले छर्न लगाइन्, त्यो कांग्रेसीहरूले गरेको भनेर हल्ला पिटाइयो, जसले अप्रत्यक्ष रूपमा विद्याको विजयलाई सघायो । श्रीमान् बितेकी कुनै महिलाको शरीरमा रातो रङ छरिदिनु भनेको उनीमाथिको हिंसाका रूपमा लिइन्छ । स्थापितका अनुसार उक्त हिंसा कांग्रेसीहरूले गरेको भन्ने हल्लापछि विद्याको चुनावी क्षेत्रका मतदाताको 'भावनात्मक मत' उनको पोल्टामा पर्‍यो । अन्तत: उनले बलिया प्रतिद्वन्द्वी कृष्णप्रसाद भट्टराईलाई हराइन् । स्थापितका दाबीहरू यदि साँचा हुन् भने, महिलाको शरीरलाई माध्यम बनाएर गरिने राजनीतिको रङ कतिसम्म मैलो हुन सक्छ भन्ने कुराको यो एउटा उदाहरण हो ।

## रातो टीका अभियान- पर्सनल इज पोलिटिकल

२०५८ देखि 'मानवअधिकारका लागि महिला-एकल महिला समूह' ले देशव्यापी 'रातो टीका अभियान' सुरु गर्‍यो । खस-आर्य-हिन्दु महिलामा मात्रै केन्द्रित भएको भनेर अभियान आलोचित पनि भइरहन्छ । तर जुनसुकै समुदायका महिला होऊन्, श्रीमान्को जीवन वा मृत्युसँगै जोडिएर आउने रङका आधारमा भोग्नुपरेको सघन हिंसाका प्रत्येक निजी अनुभव सुन्दै जाने हो भने यो अभियान खारेजीलायक अवश्य होइन । एउटै अभियानले हिंसाका बहुआयामिक स्वरूपलाई एकै पटकमा सम्बोधन गर्न सक्दैन पनि । आजसम्म कपडा पसलहरूमा श्रीमान् बितेका, 'रातो नलगाउने महिलाका लागि' नीला-खरानी-खैरा आदि रङका सारीसहितका छुट्टै तखताहरू तोकिएका छन् । आफ्नो जीवनमा रङहरूको मनखुसी प्रयोग गर्नका लागि अनेकौं तगारा छन् ।

चितवनमै कलेज पढ्दाको कुरा हो; कलेजकी एक जना साथीको कस्मेटिक पसलमा गफिँदै बसिरहेकी थिएँ । मभन्दा बढीमा दुई वर्ष जेठी हुँदी हुन्, एक जना युवती नङपालिस किन्न भनेर आइन् । सबैभन्दा फिका रङको पालिस मागिन् र पालिसहरू टेस्ट गर्नका लागि उनले मेरा औंलाहरू सापट मागिन् । अति नै फिका, यादै नहुने जत्तिको गुलाफी रङ पनि उनले हुँदैन भनिन्, अलिकति देखिने सेतो पनि हुँदैन भनिन्, लगभग दसैवटा औंला सकिने बेलातिर पानी रङको नङपालिसलाई हुन्छ भनिन् । उमेरअनुसारको झोंकसहित मैले भनें, 'यत्तिको रङ पनि लगाउन नदिने को हो, थर्काइदिन सक्नुहुन्न ? उनले एकाएक बरर आँसु झारिन् र तपाईंले भनेजस्तो सजिलो भए पो ! भनिन् । उनका श्रीमान्को मृत्यु भइसकेको र फिकामध्येको पनि सबैभन्दा फिका रङका सामग्री नलगाएमा ती सामग्रीको रङसँग उनको 'चरित्र' जोडेर उनीमाथि हिंसा गरिँदो रहेछ ।

पछि गएर 'महिलाका लागि मानवअधिकार एकल महिला समूह' पश्चिमाञ्चलकी अध्यक्ष नै बनेकी पोखराकी अधिकारकर्मी प्रमिला तभ्याको अनुभव यस्तो छ, 'श्रीमान्को मृत्यु भएको पन्ध्र दिनपछि नाता प्रमाणित गर्न सीडीओ अफिस गएको, नाता प्रमाणित गर्ने डेस्कका अधिकारीले पासपोर्ट साइजको रंगीन फोटो देखेपछि थर्काए, 'के हो यो रातो लुगा, टीका, सुन-पोते लगाएको फोटो ? नयाँ फोटो खिचाएर आउनु' भन्दै डेस्कभरि कागजपत्र छिरोलेर फ्याँकिदिए ।' तेह्र दिन किरिया बसेर पन्ध्र दिनको ताजा शोकमै नाता प्रमाणित गर्न गएकी कुनै महिलालाई उनको 'फिका' रूप देख्नेबित्तिकै, तिम्रा श्रीमान् बिते, अब तुरुन्त 'विधवा' का रूपमा फोटो खिचाएर आउनु भनेर हप्कीदप्की गर्न ती पुरुषले कसरी सके ? उनको शरीरमा कस्तो रङ वा शृंगार हुनुपर्ने भन्ने निर्धारण गर्ने अधिकार उनलाई कसले दियो ?

तभ्या सम्झिन्छिन्, 'म त्यो फोटो (अधिकारीको हप्कीदप्कीपछि खिचाइएको 'विधवा' अवतारको) आज हेर्न पनि सक्दिनँ । आज भए त्यसकहाँ जुलुस लिएर जान्थें, त्यतिबेला उमेर र आत्मविश्वास दुवै कम थियो ।' तभ्या नेवा समुदायकी महिला हुन् । उनलाई खस-आर्य समुदायका महिलालाई झैं आफ्नो निजी वृत्तमा 'विधवा' भेषभूषा कडिकडाउ रूपमा पालन गर्नु पर्दैनथ्यो । सरकारी कागजमा श्रीमान् बितेका महिलाले कुन रङको लुगा लगाउने भनेर उल्लेख पनि गरिएको छैन । तर पनि सरकारी कार्यालयभित्र महिलाको शरीरमाथि रङका आधारमा त्यति ठूलो नियन्त्रण राख्न सक्ने दुस्साहस कुनै पुरुषले गर्‍यो । त्यति मात्र होइन, जीविकाको लागि उनले चलाउने गरेको ब्युटीपार्लरमा शृंगार गर्न खोज्ने बेहुलीहरूलाई समाजले 'विधवा' को पार्लरमा शृंगार गरेको साइत पर्दैन भन्न थालेपछि आहत भएर उनले ब्युटीपार्लर नै छोडिन् रे !

अमेरिकी नारीवादी अभियन्ता क्यारोल ह्यानिसको प्रसिद्ध निबन्ध छ, 'पर्सनल इज पोलिटिकल' । महिलाहरूले आफ्नो व्यक्तिगत जीवनमा भोग्ने हिंसा र विभेद उनीहरूको निजी मामिला मात्र होइनन्, समाजको पितृसत्तात्मक संरचना र शक्ति सन्तुलनसँग जोडिएका राजनीतिक मुद्दा हुन् भन्ने बारेमा यो निबन्धले बहस गर्छ । रङकै आधारमा, पहिलो पटक देख्दैमा लगाइने 'विधवा' ट्याग, 'यो त विधवा रैछ' भनेर हिंसा गर्न हौसिने समाज- यी सबै भोगेका महिलाका अनुभूतिहरू सुन्दा 'रातो टीका अभियान' ले रङका आधारमा हुने हिंसाको सघनतालाई नसोचेको तरिकाले सतहमा ल्याएको थियो ।

## पुरुषलिंगी रातो रङ र शक्तिको गणित

कुनै महिलाको जीवनमा पुरुष र पुरुषसँगै भित्रिने र बाहिरिने रङका आधारमा समाजको शक्ति सन्तुलनको गणितमा उसको शक्तिको जोडघटाउ निर्धारित हुन थाल्छ । श्रीमान् अर्थात् रातो रङ, रङ अर्थात् शक्ति । श्रीमान् छैन शक्तिहीनता, श्रीमान् छैन रङविहीनता, हेपाइ र हिंसा । कुनै घरकी बुहारीको श्रीमान् जिउँदै छन्जेल उसको जीवनमा रङसँगै 'विवाहित महिला' हुनुको आंशिक भए पनि चहलपहल छ, शक्ति छ । भविष्यमा 'पाल्ने' छोराकी सहधर्मिणी हुनुको हैसियतले सासू-ससुराको साथ छ । श्रीमान्कै नाममा आउने भए पनि अंशको भोगचलन गर्ने अवसर सुनिश्चित छ । तर जब श्रीमान्को मृत्यु हुन्छ, उसको जीवनबाट रङ मात्रै जाँदैन, उसको शक्तिको आयतन पनि स्वाट्टै घट्छ । उसको लवाइखवाइ, हाउभाउ र गतिविधिमाथि नियन्त्रण मात्र होइन, उसले पाउनुपर्ने सम्पत्तिको अधिकारमाथि पनि राजनीति सुरु हुन्छ । महिलालाई श्रीमान् बितेपछि श्रीमान्का परिवारले सम्पत्ति दिन हत्तपत्त चाहँदैनन्; 'सम्पत्ति लिएर पोइला जान्छे' भन्ने डरका कारण । यदि सन्तान छोरा छ भने अठार वर्ष पुगुन्जेल सम्पत्ति दिनका लागि कुराएका उदाहरण छन् । दुई चार वर्षअगाडि मात्र, छोरा अठार पुगेपछि मात्र श्रीमान्को परिवारले अंश, त्यो पनि छोराको नाममा दिएको अनुभव मेरो पुस्ताका दुई जना साथीले नाम उल्लेख नगर्ने सर्तमा बताएका छन् । त्यसबाहेक वर्षौंसम्म उनीहरूको खल्तीमा पाँच रुपैयाँ भए-नभएको समेत उनीहरूले वास्ता गरेनन् । प्रमिला तभ्याकै सम्झनामा, उनलाई किरियाभित्रै 'यसको त जवानी देखेर डर लाग्छ, सम्पत्ति कसरी दिनु' भनेर घरका मान्छेले गफ गरेका र श्रीमान् बितेको सात वर्षपछि मात्र अंश दिएका थिए । छोरी भएको भए त्यही अंश पनि दिइन्छ वा दिइँदैन निश्चित हुँदैन ।

## सांस्कृतिक साङ्लो र सहमति : 'घरभित्रको नारीवाद' को खरानी रङ

केही वर्षअगाडि एक जना नारीवादी साथीले दसैंमा आफ्नी बुढीसासूसँग खिचेको फोटो सामाजिक सञ्जालमा राखिन् । रातो रङ नलगाएकी उनकी बुढीसासूको फोटोलाई लिएर उनलाई गर्नसम्म साइबर हिंसा गरियो; 'आफ्नै बुढीसासूलाई 'विधवा' को भेषबाट निकाल्न नसक्नेले आफूलाई नारीवादी दाबी गर्ने' भनेर । ६ वर्ष भयो मेरा ससुराको मृत्यु भएको । चाडबाड वा जमघटमा मेरी सासूसँग खिचेको मेरो फोटोमाथि आउने प्रत्यक्ष वा अप्रत्यक्ष टिप्पणी पनि उस्तै छन् । हामीमध्ये कैयौं खुंखार समाजवादी-उदारवादी-माओवादी आदि विभिन्न नारीवादी लेखक, राजनीतिकर्मी महिलाका सासू, बुढीसासू, आमा-हजुरआमा आदिले आ-आफ्ना श्रीमान्को मृत्युपछि रातो लगाएका छैनन् । यसबापत हामीले सुन्नुपर्ने कटाक्षले मष्तिष्कमा खिन्नताको खरानी रङ भरिन्छ । ८० वर्षका आसपास वा अझ बढी उमेरका उनीहरूलाई रातो टीका-लुगाका अभियानबारेमा थाहा छ, आफ्नै दाँवली उमेरका महिलाले रातो लगाएको पनि थाहा छ तर आफ्नो बारेमा भन्छन्, 'मलाई मन छैन ।'

सांस्कृतिक पितृसत्ताको रंगीन राजनीतिको प्रतिरोध गर्न सक्ने पर्याप्त सामर्थ्य उनीहरूमा भएन होला । तर हामीले 'नारीवादीका आमा-सासू-बुढीसासूले रातो लगाउनै पर्छ' भनेर जबर्जस्ती पहिराइ दिनु उनीहरू माथिको हिंसा हुन जान्छ । 'कन्सेन्ट' अर्थात् सहमतिको सिद्धान्त 'नारीवादीका आमा-सासू-बुढीसासू' हरूका लागि पनि उत्तिकै लागू हुन्छन् । व्यक्तिको 'आफ्नो शरीरमाथिको आफ्नै अधिकार' यहाँ पनि हुन्छ । रातो लुगा नलगाएको भनेर पारिवारिक जमघटमा उनीहरूसँगसँगै फोटो खिचाउन हामी बहिष्कार पनि गर्दैनौं । आफ्नो जीवनमा सकेजति पितृसत्ताको प्रतिरोध गरेका हामीलाई अरूको जीवनमाथि जबर्जस्ती गर्न नसकेकैमा 'नारीवादको परीक्षा' मा फेल गर्ने हैसियत पनि कसैले राख्दैन । सांस्कृतिक पितृसत्ताको जब्बर पहरो एका-दुई महिलाको मात्रै प्रयासले फोर्न सक्ने कुरो होइन र फोर्न सकेनौ भनेर खोइरो खन्नु पनि हामीमाथिको हिंसा हो ।

## रङ बजारको अर्थ-राजनीति

महिलाले प्रयोग गर्ने सामग्रीको मूल्य महँगो बनाउने बजारको रणनीतिलाई 'पिंक ट्याक्स' अर्थात् गुलाबी कर भनिन्छ । महिलाले प्रयोग गर्ने रेजर, स्याम्पु, साबुन, क्रिम, लुगा र ब्युटी पार्लर-सैलुनका सेवाहरू, बालिकाहरूका लागि बनेका खेलौना आदि 'पिंक ट्याक्स' को दायरामा पर्दछन् । महिलाले प्रयोग गर्ने साबुन, स्याम्पु, क्रिम आदिलाई बास्नादार बनाइन्छ । सामग्रीहरू र तिनका प्याकेटहरूको रङ बहुल रूपमा गुलाबी हुन्छ । पुरुषका लागि बनेका ठ्याक्कै त्यस्तै सामग्री र सेवाको दाँजोमा महिला र बालिकाका लागि बनेका सामग्री र सेवा कैयौं गुणा महँगा हुन्छन् ।

वर्षौंदेखि नेपाली बजारमा जोडतोडले फस्टाइरहेको अर्को रङ हो- हरियो । साउनको महिनामा नेपाली र त्यसमा पनि विशेषगरी मेरै तथाकथित जाति-समुदायका महिला हरियै रङ्गिन्छन् । बीस-बाइस वर्षअगाडिबाट हो कि, नेपालमा साउन महिनामा हरियो चुरा लगाउने फेसन कताबाट भित्रियो भित्रियो । केही वर्षपछि हरियो चुरासँगै पहेंलो चुरा पनि मिसियो । आज यो हरियो वनमारा नेपाली बजारमा यसरी फैलिइसक्यो, हरिया-पहेंला चुरा मात्र होइन, हरिया सारी, कुर्ता-सुरुवाल र हरिया जामा (वनपिस ड्रेस) ले पनि बजारलाई ढाकिसके । लुगा र चुरा मात्र होइन, टिकटक जस्ता सामजिक सन्जालमा हरियो डायल भएका लेडिज घडीसमेत 'साउन स्पेसल' भनेर बेच्न व्यापारीलाई भ्याइनभ्याइ छ । हरिया चुरा, लुगा, घडी आदि श्रीमान् वा सासूले उपहारमा दिनुपर्ने भन्ने भाष्यसमेत निर्माण गरिएको छ । साउन आइसक्यो श्रीमान्जी, खोइ मेरो भागको हरियो सामग्री भनेर महिलाले बनाएका टिकटक छ्यापछ्याप्ती छन् । यसलाई 'यतिबेला प्रकृति पनि हरियो हुने भएकाले प्रकृतिसँग तादात्म्य स्थापित गर्न महिलाले हरिया सामग्री प्रयोग गरेको' भन्ने भाष्य निर्माण गरिएको छ । तर 'प्रकृतिसँग तादात्म्य' महिलाले मात्रै किन मिलाउन परेको भन्ने बहस कतै भएको पाइँदैन ।

साउनपछि लगत्तै भदौ र त्यही महिनामा पर्छ विशेषगरी विवाहित र विशेषत: श्रीमान् जिउँदै भएका महिलालक्षित पर्व तीज । भदौको महिनालाई बजारले रातो रङले छपक्कै रंग्याउँछ । तीज भनेकै रातो, रातो भनेकै तीज । रातो सारी-चुरा-पोते, तीजका गीतमा सायदै यी सामग्रीको उल्लेख कतै छुटेको होला । चोक-चौतारा, पार्टी प्यालेस, टीभी, सामाजिक सञ्जाल सबै रातास्य । भदौको महिनाको यो 'रातो ज्वरो' लाई सेलाउन नदिन बजारले पनि ज्वरो आउन्जेल परिश्रम गरेकै हुन्छ । लुगा र शृंगारदेखि गीत-संगीतसम्म । रातो लुगा नगलाई तीजका जमघटमा जाने दुस्साहस गर्ने महिलाले सुन्नुपर्ने टिप्पणी र त्यसको प्रतिरक्षा गर्नुपर्दा हुने थकानका पनि अनेकौं रङ छन् ।

## रंगीन घेराबन्दी र स्वायत्तताको क्षितिज

पितृसत्ता र पुँजीवादी बजारले महिलाको शरीरलाई नियन्त्रण गर्ने जुन रंगीन घेराबन्दी तयार पारेको छ, त्यो केवल व्यक्तिगत रुचि वा फेसनको विषय मात्र होइन । वैवाहिक स्थितिका आधारमा रङको सिमाना तोकिनु, 'पिंक ट्याक्स', हरियो साउन, रातो भदौ आदि उन्मादी उपभोक्तावादको रङ बजारमार्फत उनीहरूको छनोटलाई व्यापार बनाउनु, एउटै सांस्कृतिक पितृसत्ताका दुई पाटा हुन् ।

कुनै पनि रङ अपनाउनु वा त्याग्नु विशुद्ध रूपमा व्यक्तिको सहमति र स्वायत्तताको विषय हुनुपर्छ; कुनै महिनाविशेष वा पुरुषविशेषको उपस्थितिले निर्धारण गरिनु हुँदैन । यसका लागि समाज र बजारले निर्माण गरेका विभेदकारी भाष्यहरूको विनिर्माण, संगठित बहस र संरचनात्मक रूपान्तरणका अभियान जरुरी हुन्छन्, ताकि रङहरू कसैको नियन्त्रणको साङ्लो नभई सबैका लागि जस्तै महिलाका लागि पनि केवल रोजाइ बनुन् ।

# घट्दो अनुदान, बढ्दो ऋण





निश्चल ढुंगेल

सौगात गौतम

(ढुंगेल 'नेपाल इन्स्टिच्युट फर पोलिसी रिसर्च' का फेलो तथा अर्थशास्त्रका विद्यार्थी हुन् भने गौतमले राजनीतिशास्त्रमा एमफिल गरेका छन्)

पछिल्लो समय युक्रेन युद्ध, मध्यपूर्वको तनाव र विश्वव्यापी रूपमा उदाएको नवसंरक्षणवादसँगै अमेरिका, बेलायतजस्ता परम्परागत दातृ मुलुकहरूले आफ्नो स्रोत विकास सहायताबाट झिकेर रक्षा र सैन्य सुदृढीकरणतर्फ खन्याउन थालेका छन् । स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (सिप्री) को तथ्यांकअनुसार विश्वव्यापी रक्षा खर्च लगातार बढ्दो क्रममा छ र यो इतिहासकै उच्च विन्दु अर्थात् करिब २.८९ ट्रिलियन डलरको हाराहारीमा पुगिसकेको छ । आजको बहुध्रुवीय विश्वमा सहायता अब परोपकार रहेन, विशुद्ध भूराजनीतिक र सामरिक हतियारमा रूपान्तरण भएको छ । वीरेन्द्रप्रसाद पराजुलीद्वारा 'रिसर्च नेपाल जर्नल अफ डेभलपमेन्ट स्टडिज' (२०२५) मा प्रकाशित शोधअनुसार, एलडीसी स्तरोन्नति, दाताहरूको अनुदानप्रतिको अनिच्छा, पूर्वाधारको बढ्दो आवश्यकता र भारत-चीनबीचको भूराजनीतिक प्रतिस्पर्धाले अनुदानबाट ऋणतर्फको यो संरचनागत रूपान्तरण भइरहेको हो । यसका साथै, एसियाली पूर्वाधार लगानी बैंक र ब्रिक्सजस्ता उदीयमान दातृ निकायहरूले ऋणमा आधारित सहायतालाई प्राथमिकता दिने हुनाले साना अर्थतन्त्रले बिनासर्तको अनुदान पाउने युग लगभग समाप्त भएको छ ।

त्यसैबीच, आर्थिक सहयोग तथा विकास संगठनले समेत पछिल्ला वर्षहरूमा धेरै परम्परागत दातृ मुलुकहरूले आफ्नो विकास सहायता बजेट कटौती गरेको देखाएको छ । यसले विकासशील मुलुकहरूबीच सीमित अनुदानका लागि प्रतिस्पर्धा अझ तीव्र बनाएको छ ।

बाह्य अनिश्चितता मात्र होइन, नेपाली समाजभित्रै पनि वैदेशिक अनुदानप्रतिको जनविश्वास निरन्तर स्खलित हुँदै गएको छ । दशकौंसम्म भित्रिएको वैदेशिक अनुदानले राज्यको वास्तविक संस्थागत क्षमता र औद्योगिक आधार निर्माण गर्नुको साटो एउटा 'परजीवी वर्ग' को सिर्जना गर्‍यो । यसको ज्वलन्त प्रमाण महालेखा परीक्षकका वार्षिक प्रतिवेदनहरू र विभिन्न स्वतन्त्र अनुसन्धानहरूले पटक-पटक औंल्याएका छन् । प्राविधिक सहायताका नाममा आउने अनुदानको ठूलो हिस्सा लक्षित वर्गसम्म पुग्नुको साटो दातृ निकायकै देशका महँगा परामर्शदाताहरूको पारिश्रमिक, तारे होटलका गोष्ठी, विदेश भ्रमण र विलासी सवारीसाधन खरिदमै सकिने गरेको छ । यसले दीर्घकालीन संस्थागत सुधारभन्दा पनि छोटो अवधिको परियोजनामुखी संस्कृति र सीमित सम्भ्रान्त वर्गलाई पोस्ने 'परामर्शदाता अर्थतन्त्र' लाई मात्र मलजल गरेको छ । स्वदेशी जनशक्ति र विश्वविद्यालयहरू अनुसन्धानमा पछाडि पर्ने तर विदेशी परामर्शदाताले नेपालको विकासको खाका कोर्ने विडम्बनापूर्ण अवस्थाले हाम्रो बौद्धिक र प्रशासनिक क्षमतालाई भुत्ते बनाउँदै लगेको छ ।

नि:सन्देह, वैदेशिक सहायताबाट स्वास्थ्य, शिक्षा, खोप, सामुदायिक विकास र विपद् व्यवस्थापनका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि पनि हासिल भएका छन् । तर ती उपलब्धिलाई दीर्घकालीन राष्ट्रिय संस्थागत क्षमतामा रूपान्तरण गर्न नसक्नु नै नेपालको सबैभन्दा ठूलो कमजोरी रह्यो ।

नेपालको वैदेशिक सहायता र सार्वजनिक ऋणसम्बन्धी बहस प्राय: हामीले कति ऋण लियौं वा प्रतिव्यक्ति ऋणको भार कति पुग्यो भन्ने सतही तथ्यांकमा मात्र सीमित हुने गरेको छ । तर, ऋणले आन्तरिक उत्पादन क्षमता बढायो कि बढाएन भन्ने गम्भीर प्रश्न सधैं ओझेलमा पर्ने गरेको छ । अर्थ मन्त्रालयको 'विकास सहायता प्रतिवेदन २०२४/२५' ले हाम्रो संरचनागत संकटको स्पष्ट तस्बिर देखाउँछ । गत वर्ष हस्ताक्षर भएका ३३ वटा नयाँ वित्तीय सम्झौताको कुल १.९८ अर्ब डलरमध्ये ७९.१ प्रतिशत ऋणमा आधारित छ भने अनुदानको हिस्सा केवल २०.९ प्रतिशतमा खुम्चिएको छ । हाम्रो समष्टिगत आर्थिक यथार्थ झनै जोखिमपूर्ण छ । कुल सार्वजनिक ऋण झन्डै ३० खर्ब अर्थात् कुल गार्हस्थ्य उत्पादनको ४५ प्रतिशतभन्दा माथि पुगिसकेको छ ।

एकातिर राजस्व संकलनको वृद्धिदर निरन्तर खुम्चिँदै गएको छ । अर्कोतिर, गत आर्थिक वर्षको कुल राजस्वको करिब ३३ प्रतिशत हिस्सा ऋणको साँवा-ब्याज तिर्नमै खर्च गर्नुपर्ने बाध्यात्मक अवस्था छ । यसले सरकारको पुँजीगत लगानी गर्ने सामर्थ्यमा गम्भीर संकुचन ल्याएको छ । डा. डिल्लीराज खनालद्वारा 'एक्सनएड इन्टरनेसनल नेपाल' का लागि तयार पारिएको 'वैदेशिक सहायता प्रभावकारिताको मूल्यांकन' (२०२३)' प्रतिवेदनले वैदेशिक सहायताले आन्तरिक बचतलाई उल्लेखनीय रूपमा प्रोत्साहन गर्न नसकेको र सरकारी लगानी तथा समग्र आर्थिक वृद्धिबीच कुनै बलियो सम्बन्ध स्थापित हुन नसकेको देखाएको छ । सीमित स्रोतका बाबजुद ठूलो आकारको बजेट ल्याउने दबाब र राजस्व परिचालनमा आएको शिथिलताले गर्दा कर्मचारीको तलबभत्ता र पुरानो ऋणको साँवा-ब्याज तिर्नकै लागि थप ऋण लिनुपर्ने दुश्चक्र सुरु भएको छ । अनुत्पादक क्षेत्रमा ऋण थपिँदै जाँदा, भविष्यमा स्वास्थ्य र शिक्षाजस्ता अत्यावश्यक सामाजिक क्षेत्रको बजेट निर्मम ढंगले कटौती गर्नुपर्ने जोखिम बढेको छ, जसले मानव विकासका उपलब्धिहरूलाई कमजोर बनाउन सक्ने चेतावनी पराजुलीको अध्ययनले दिएको छ ।




तस्बिर : कान्तिपुर

> नेपालले आयोजना छनोट, पूर्वतयारी, सार्वजनिक लगानी व्यवस्थापन र उत्पादनशील क्षेत्रमा ऋण परिचालनलाई अहिले नै प्राथमिकता दिन सकेन भने ऋण आफैं विकासको साधन नभई पासोमा रूपान्तरण हुनेछ । त्यस अवस्थामा भविष्यका पुस्ताले नयाँ विद्यालय, उद्योग वा अस्पताल निर्माण गर्नुभन्दा पहिले पुराना अनुत्पादक ऋणको साँवा-ब्याज तिर्न आफ्नो पसिना बगाउनुपर्नेछ ।

नेपालमा सहायता रकम स-साना अनगिन्ती परियोजनामा छरिएको छ । दर्जनौं सरकारी निकाय र विकास साझेदारहरूबीच आवश्यक समन्वय नहुँदा सहायताको वास्तविक प्रभाव देखिन सकेको छैन । प्रत्येक परियोजनाले आफ्नै प्रतिवेदन, आफ्नै अनुगमन प्रणाली र आफ्नै खरिद प्रक्रिया बोकेर आउँदा राज्यको संस्थागत क्षमता सुदृढ हुनुको साटो उल्टै कमजोर बन्दै गएको छ । विकास प्रशासनमा हाबी भएको यस प्रवृत्तिले राज्यको प्रणालीलाई बलियो बनाउनुको साटो झनै खण्डित बनाएको छ । त्यसमाथि, स्रोत वितरणमा गम्भीर भौगोलिक असन्तुलन छ । देशको सबैभन्दा कम बहुआयामिक गरिबी सूचकांक भएको बागमती प्रदेशले गत आर्थिक वर्षमा सबैभन्दा धेरै ११५.१ मिलियन डलर वैदेशिक सहायता प्राप्त गर्‍यो । यसको ठीक विपरीत, उच्चतम गरिबी दर भएको कर्णाली प्रदेशले केवल १६ मिलियन डलर मात्र प्राप्त गर्‍यो । उच्च गरिबी र ठूलो जनसंख्या भएको मधेश प्रदेशले केवल २७ मिलियन डलर पायो । यसले नेपालमा वैदेशिक सहायता आवश्यकता र विपन्नतामा होइन, सिंहदरबारको पहुँच र प्रशासनिक शक्तिमा आधारित छ भन्ने तीतो यथार्थ प्रमाणित गर्छ । आवश्यकता-आधारित स्रोत बाँडफाँट अझै संस्थागत रूपमा स्थापित हुन नसकेको कुरा यसले पनि प्रमाणित गर्छ ।

बदलिँदो विश्व अर्थतन्त्रको अस्थिरताबाट जोगिन र आन्तरिक पुँजी निर्माणलाई बलियो बनाउन नेपालले अब परम्परागत ढर्रा त्याग्नैपर्छ । आर्थिक वर्ष २०२४/२५ मा राष्ट्रिय बजेट प्रणालीमार्फत आउने सहायता ८४.९४ प्रतिशत (१.३६ अर्ब डलर) पुगेको छ भने राष्ट्रिय कोषमार्फत हुने परिचालन ६३.३ प्रतिशतले बढेर ८४७.५ मिलियन डलर पुगेको छ । 'वैदेशिक सहायता परिचालन नीति, २०८२' को कडा कार्यान्वयनमार्फत यसरी प्रणालीगत रूपमा आउने सबै प्रकारका वैदेशिक सहयोगलाई अनिवार्य रूपमा बजेट प्रणालीमा आबद्ध गरी पारदर्शिता सुनिश्चित गर्नुपर्छ । विश्व बजारको मूल्य उतारचढावबाट स्थानीय नागरिकलाई जोगाउन माइक्रो-ग्रिड र आन्तरिक खाद्य भण्डारण निर्माण गर्दै स्वदेशी उपभोगलाई प्राथमिकता दिने नीतिगत ढाँचामा अर्थतन्त्रलाई हिंडाउनु वाञ्छनीय छ । नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको सन्दर्भमा अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु न्यायको एजेन्डालाई दह्रोसँग उठाई हानि-नोक्सानी कोषको प्रभावकारी कार्यान्वयनका लागि कूटनीतिक पैरवी गर्नुपर्छ । हाल परिचालन भइरहेको कुल वैदेशिक सहायतामध्ये ७१.२ प्रतिशत हिस्सा अझै पनि 'जलवायु-तटस्थ' रहेकाले ऋणको सट्टा हरित तथा उत्थानशील परियोजनामा अनुदान भित्र्याउन पहल गर्नुपर्छ । साथै, महँगा अन्तर्राष्ट्रिय परामर्शदातामाथिको निर्भरता घटाउन पूर्वाधार आयोजनामा कुल लागतको ५ प्रतिशतभन्दा बढी रकम परामर्शमा खर्च गर्न नपाइने नीतिको कडा पालना हुनुपर्छ । चालु खर्चमा निर्मम कटौती गर्दै पुँजीगत खर्चको पुन:संरचना गर्नु र कम लागतमा छिटो सम्पन्न हुने र उच्च प्रतिफल दिने उत्पादनमूलक क्षेत्रका आयोजनाहरूलाई मात्र ऋणको प्राथमिकतामा राख्नु अपरिहार्य छ । ऋणमा आधारित सहायता प्रणालीको जोखिम व्यवस्थापन गर्न नेपालले वैधानिक ऋण सीमा निर्धारण गर्नुपर्ने पराजुलीको सुझाव र वित्तीय तथा बजेटरी व्यवस्थापनमा सुधारका लागि 'मध्यकालीन खर्च संरचना' को पूर्ण परिमार्जन गर्नुपर्ने डा. खनालको निष्कर्षलाई नीति निर्माणमा गम्भीरतापूर्वक लिनुपर्छ ।

विश्व व्यवस्था परिवर्तनको यो संक्रमणकालमा नेपालले सामना गरिरहेको चुनौती अनुदान गुमाउनु मात्र होइन, अनुदानपछिको स्वाधीन विकास मोडेल निर्माण गर्नु हो । अतिकम विकसित मुलुकबाट स्तरोन्नति भइसकेपछि नेपालले पाउँदै आएको सहुलियतपूर्ण ऋण क्रमश: महँगो व्यावसायिक वा अर्धव्यावसायिक ऋणमा परिणत हुनेछ । यसले गर्दा बाह्य ऋणको लागत ह्वात्तै बढ्ने र विदेशी मुद्रा सञ्चिति तथा भुक्तानी सन्तुलनमा गम्भीर चाप पर्ने निश्चित छ । यदि नेपालले आयोजना छनोट, पूर्वतयारी, सार्वजनिक लगानी व्यवस्थापन र उत्पादनशील क्षेत्रमा ऋण परिचालनलाई अहिले नै प्राथमिकता दिन सकेन भने, ऋण आफैं विकासको साधन नभई पासोमा रूपान्तरण हुनेछ । त्यस अवस्थामा भविष्यका पुस्ताले नयाँ विद्यालय, उद्योग वा अस्पताल निर्माण गर्नुभन्दा पहिले पुराना अनुत्पादक ऋणको साँवा-ब्याज तिर्न आफ्नो पसिना बगाउनुपर्नेछ । तसर्थ, अनुदानको युग क्रमश: साँघुरिँदै जाँदा, दातृ निकायको मुख ताक्ने संस्कार तोडेर अर्थतन्त्रको संरचनागत रूपान्तरण गर्दै आफ्नै पुँजी र आन्तरिक उत्पादन क्षमता निर्माणमा केन्द्रित हुने यो एक ऐतिहासिक अवसर पनि हो । संकटको यस घडीमा हामीले लिने बाटोले नै हाम्रो भावी पुस्ताको आर्थिक स्वतन्त्रता तय गर्नेछ ।

इतिहासले देखाएको छ, ऋण आफैं समस्या होइन, कमजोर शासन र अनुत्पादक लगानी समस्या हो । जस्तो कि, दक्षिण कोरिया र भियतनामले वैदेशिक सहायता तथा लगानीलाई उत्पादन, निर्यात र औद्योगिकीकरणमा रूपान्तरण गरे । दक्षिण कोरियाले राज्य-निर्देशित नीतिबाट घरेलु उद्योग प्रवर्द्धन गर्दै कृषि अर्थतन्त्रलाई भारी उद्योगमा बदल्यो भने भियतनामले 'दोई मोई' सुधारमार्फत विदेशी लगानी आकर्षित गरी आफूलाई प्रमुख उत्पादन केन्द्रका रूपमा स्थापित गर्‍यो । नेपालले अब त्यही पाठ सिक्नुपर्ने समय आएको छ । त्यसैले, अबको बहस कति ऋण वा सहायता आयो भन्नेमा होइन, आएको स्रोतले कति उत्पादन, रोजगारी र क्षमता सिर्जना गर्‍यो भन्नेमा केन्द्रित हुनुपर्छ ।

# युक्रेनी आक्रमणबाट रुसको निर्यात टर्मिनलमा क्षति

## मस्कोले युक्रेनमा मंगलबारदेखि बुधबारसम्म हवाई आक्रमण गर्दा ११ सर्वसाधारणको मृत्यु

किभ (एजेन्सी)- युक्रेनले रुसको नोभोरोसिस्क बन्दरगाहमा गरेको ड्रोन तथा क्षेप्यास्त्र आक्रमणमा दुई प्रमुख अन्न निर्यात टर्मिनलमा क्षति पुगेको छ। ब्ल्याक सीमा रहेको रुसको नौसैनिक अड्डामा समेत युक्रेनले आक्रमण गरेको छ।

बुधबार राति भएको आक्रमणमा आठ वर्षीय बालकसहित तीन जनाको मृत्यु भएको छ भने २४ जना घाइते भएको बीबीसीले जनाएको छ। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले किभले रुसी नौसैनिक अड्डालाई लक्षित गर्दै रकेट, जेट र ड्रोन प्रयोग गरेर आक्रमण गरेको उल्लेख गरेका छन्। यद्यपि, उनले रुसको गहुँ निर्यात गर्ने टर्मिनलमा क्षति पुगेकोबारे भने केही बताएका छैनन्।

युक्रेनी सेनाले रुसी नौसेनाका चार वटा युद्धपोतमा क्षति पुगेको दाबी गरेको छ। रुसले भने यसबारे कुनै प्रतिक्रिया दिएको छैन। 'रुसी आक्रमण जारी रहेसम्म नौसैनिक अड्डा र त्यसलाई सहयोग गर्ने कुनै पनि पूर्वाधार सुरक्षित रहने छैन,' जेलेन्स्कीले सामाजिक सञ्जालमा लेखेका छन्। ब्ल्याक सीको किनारमा रहेको नोभोरोसिस्क रुसको सबैभन्दा ठूलो बन्दरगाहमध्ये एक हो।

रुसको एक प्रमुख गहुँ निर्यातक व्यापारिक कम्पनीले रुसी समाचार संस्था तासलाई आफ्नो टर्मिनल बुधबारको आक्रमणमा प्रभावित भएको पुष्टि गरेको छ। अर्को कम्पनीले पनि रोयटर्स र रुसी सञ्चारमाध्यम आरबीकेलाई आफ्नो टर्मिनलमा क्षति पुगेको जनाएको छ। रुसको कृषि मन्त्रालयले बुधबार ब्ल्याक सी क्षेत्रमा उत्पन्न वर्तमान 'लजिस्टिक' अवरोधलाई ध्यानमा राख्दै मालसामान ढुवानीलाई बाल्टिक र क्यास्पियन सागरका बन्दरगाह तथा स्थलमार्गतर्फ मोड्ने काम भइरहेको जनाएको छ। मन्त्रालयले युक्रेनी आक्रमणबारे भने उल्लेख गरेको छैन।

बीबीसीका अनुसार रातभर नोभोरोसिस्कमा लगातार विस्फोटका आवाज सुनिएको थियो। रुसी हवाई प्रतिरक्षा प्रणालीले आकाशमै युक्रेनी ड्रोनलगायत अस्त्रलाई निस्तेज पनि पारेको थियो। ड्रोन आक्रमणपछि बन्दरगाह आसपासका क्षेत्रमा क्षति पुगेपछि नोभोरोसिस्कमा बुधबार आपत्काल



**युक्रेनले बुधबार राति आक्रमण गरेको रुसको नोभोरोसिस्क बन्दरगाह क्षेत्र।** **तस्बिर** : एपी/रासस

घोषणा गरिएको थियो। पाइपलाइनमा समेत क्षति पुगेकाले सहरको पानी आपूर्ति अवरुद्ध भएको बीबीसीले जनाएको छ।

मस्कोले पनि मंगलबारदेखि बुधबारसम्म युक्रेनमा हवाई आक्रमण गरेको थियो। ती आक्रमणमा कम्तीमा ११ सर्वसाधारण मारिएका छन्। रुसी सेनाले ब्यालिस्टिक क्षेप्यास्त्र र ग्लाइड बम प्रहार गरेपछि दक्षिणी सहर जापोरिजियामा सर्वसाधारण हताहती भएका हुन्। युक्रेनी राष्ट्रपति जेलेन्स्कीले सीएनएनसँगको अन्तर्वार्तामा सबै रुसी ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमण रोक्न युक्रेनलाई अमेरिकासँग रहेको हालको इन्टरसेप्टर क्षेप्यास्त्र भण्डारको १० प्रतिशत आवश्यक पर्ने बताएका छन्। उनका अनुसार ५ प्रतिशत मात्र पाए पनि युक्रेनलाई जाडोयाम पार गर्न सहयोग पुग्नेछ।

जेलेन्स्कीले यस वर्ष युक्रेनसँग सन् २०२५ को तुलनामा २.५ गुणा कम इन्टरसेप्टर क्षेप्यास्त्र रहेको बताए। उनका अनुसार रुसले अहिले महिनामा पहिलेको तुलनामा दुई गुणा बढी ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरिरहेको छ। युक्रेनबाट बाहिरिने अन्तिम बाँकी समुद्री मार्ग पनि पछिल्ला महिनामा रुसी आक्रमणका कारण प्रभावित भएको छ। रुसले ओडेसा बन्दरगाह र त्यहाँबाट सामान बोकेर जाने पानीजहाजमा पटक-पटक आक्रमण गरेको छ। यसमार्फत मस्कोले विदेशी कम्पनीहरूलाई आफूसँग व्यापार गर्न निरुत्साहित गर्ने प्रयास गरिरहेको युक्रेनको आरोप छ।

जुलाईमा युक्रेनी एग्रिबिजनेस क्लब (यूसीएबी) ले युक्रेनको गहुँ निर्यातमा २३ प्रतिशत कमी आएको जनाएको थियो। यसैबीच, युक्रेनले रुसी भूभागमा लामो दूरीका आक्रमण गर्ने आफ्नो क्षमता बढाउँदै लगेको छ। पूर्वी ब्ल्याक सीमामा पानीजहाजलाई लक्षित गरी भएका पछिल्ला युक्रेनी आक्रमणले रुसको गहुँ ढुवानीसमेत प्रभावित पारेको छ।

रुस विश्वकै सबैभन्दा ठूलो गहुँ निर्यातक हो। तर मस्कोस्थित एक विश्लेषण कम्पनीका अनुसार ब्ल्याक सी र आजोभ समुद्रमा उत्पन्न अवरोधका कारण अगस्ट महिनामा रुसी गहुँ निर्यात पछिल्लो ५ वर्षको सोही महिनाको औसतको तुलनामा आधाभन्दा बढीले घट्न सक्ने अनुमान गरिएको छ। रुसी विदेश मन्त्रालयकी प्रवक्ता मारिया जाखारोभाले बुधबार युक्रेनले रुसी निर्यात टर्मिनल तथा कृषि पूर्वाधारमा आक्रमण गरेको आरोप लगाइन्। उनका अनुसार यस्ता आक्रमणका कारण विश्व बजारमा खाद्यान्नको मूल्य बढ्नुका साथै अन्नको अभावसमेत बढिरहेको छ।

सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण सुरु गरेदेखि नै यस युद्धले विश्वव्यापी खाद्य आपूर्तिमा पार्न सक्ने प्रभावबारे चिन्ता रहँदै आएको छ। रुस र युक्रेन दुवैले विश्वव्यापी गहुँ व्यापारमा महत्त्वपूर्ण हिस्सा ओगट्छन्। विशेषगरी उत्तर अफ्रिका, मध्यपूर्व र एसियाका केही देशहरूका लागि यी दुई देश प्रमुख अन्न आपूर्तिकर्ता हुन्।

सन् २०२२ मा भएको ब्ल्याक सी ग्रेन इनिसिएटिभअन्तर्गत रुसले युक्रेनको कृषि उत्पादन समुद्री मार्गबाट निर्यात गर्न लगाइएको नाकाबन्दी हटाउन सहमति जनाएको थियो। तर त्यस सम्झौता लामो समय टिक्न सकेन। अर्को वर्ष रुसले ओडेसातर्फ जाने समुद्री मार्ग प्रयोग गर्ने पानीजहाजमाथि पुनः आक्रमण थालेपछि उक्त पहल अन्त्य भएको थियो।

# 'कंगोमा इबोला संक्रमण हालसम्मकै घातक बन्दै'

## १५ मेयता ४ हजार ३ सय जनामा संक्रमण पुष्टि, २ हजारभन्दा बढीको मृत्यु




**तस्बिर** : एपी/रासस

जेनेभा (एजेन्सी)- प्रजातान्त्रिक गणतन्त्र कंगो (डीआरसी) मा फैलिएको इबोला प्रकोप अहिलेसम्मकै सबैभन्दा घातक बन्ने दिशामा अघि बढेको विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले जनाएको छ। डब्लूएचओका महानिर्देशक टेड्रोस एडहानोम गेब्रेएससले सन् २०२६ को यो प्रकोप 'हालकै गतिमा अघि बढिरहे' सन् २०१४-२०१६ को प्रकोपलाई समेत उछिन्ने बताएका हुन्।

सन् २०१४-२०१६ को इबोला प्रकोपमा कम्तीमा ११ हजार जनाको मृत्यु भएको थियो। यस वर्ष १५ मेमा यो प्रकोप घोषणा गरिएको थियो। त्यसयता कम्तीमा ४ हजार ३ सय जनामा संक्रमण पुष्टि र २ हजारभन्दा बढीको मृत्यु भइसकेको छ। डब्लूएचओले बुधबार तीन महिनाभित्र रोगको फैलावट घटाउने आशा व्यक्त गरेको थियो। तर, यसको अर्थ प्रकोप पूर्ण रूपमा अन्त्य हुने सम्भावना नरहेको उक्त संस्थाले चेतावनी दिएको छ। डब्लूएचओले त्यस अवधिमा संक्रमण फैलिने क्रमलाई नियन्त्रणमा ल्याउन मात्र सकिने जनाएको छ।

यो महामारी औपचारिक रूपमा मे महिनामा मात्र घोषणा गरिएको भए पनि स्वास्थ्य अधिकारीहरूले यस साता बताएअनुसार यसको सुरुवात कम्तीमा तीन महिनाअघि नै भएको विश्वास गरिएको छ। डब्लूएचओ अफ्रिका निर्देशक डा. मोहम्मद जनाबीले प्रकोपको केन्द्रनजिकै रहेको बुनिया सहरमा आयोजित पत्रकार सम्मेलनमा भने, 'हामी भाइरसलाई पछ्याइरहेका छौं तर भाइरस हामीभन्दा अगाडि छ।'

उनले भाइरसको फैलावट फेब्रुअरीमै सुरु भएको देखाउने अनुसन्धानको हवाला दिए। सुरुमा यसको गलत पहिचान मलेरिया वा टाइफाइडका रूपमा गरिएको थियो। सन् २०२६ को यो प्रकोप बुन्डिबुग्यो प्रजातिको इबोला भाइरसका कारण भएको हो। यसअघि यो प्रजातिले सन् २००७ र २०१२ मा दुई प्रकोप निम्त्याएको थियो। यस प्रजातिको भाइरसविरुद्ध हालसम्म स्वीकृत खोप वा मान्यता प्राप्त उपचारात्मक औषधि उपलब्ध छैन। डीआर कंगोको पूर्वी क्षेत्रमा जारी क्षेत्रीय अस्थिरताले पनि रोग नियन्त्रणमा थप चुनौती सिर्जना गरेको छ।

बेलायतको औषधि नियामक निकाय एमएचआरएले बुन्डिबुग्यो प्रजातिविरुद्धको खोपको पहिलो मानव परीक्षण अघि बढाउन अनुमति दिएको छ। यो खोप अक्सफोर्ड विश्वविद्यालयको टोलीले विकास गरिरहेको छ। यो सन् २०२० को कोभिड-१९ विरुद्धको अक्सफोर्ड-एस्ट्राजेनेका खोपमा प्रयोग गरिएको प्रविधिमा आधारित छ। बुन्डिबुग्योविरुद्ध तीन अन्य समूहले पनि फरक-फरक खोप विकास गरिरहेका छन् तर तीमध्ये कुनै पनि अहिलेसम्म क्लिनिकल परीक्षणमा प्रवेश गरेका छैनन्।

डब्लूएचओले डीआर कंगोमा छुट्टै क्लिनिकल परीक्षणलाई पनि सहयोग गरिरहेको छ। उक्त परीक्षणमा पहिलेदेखि उपलब्ध दुई वटा एन्टिभाइरल औषधिले बिरामीको बाँच्ने सम्भावना बढाउन सक्छन् कि सक्दैनन् भन्ने अध्ययन गरिँदै छ।

# कोलोम्बिया भूकम्प : मृत्यु हुनेको संख्या २६५ पुग्यो

बोगोटा (रासस/क्यूएनए)- पश्चिमी कोलोम्बियामा गत सोमबार गएको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको संख्या २६५ पुगेको छ। भग्नावशेषमा फसेकाको खोजी जारी रहँदा करिब ५०० जना अझै बेपत्ता छन्। लगातार आइरहेका परकम्पले खोजी तथा उद्धारमा चुनौती थपिए पनि सुरक्षाकर्मी र उद्धारकर्मीले प्रभावित क्षेत्रमा अभियान जारी राखेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

कोलोम्बियाका राष्ट्रपति अबेलार्डो डे ला एस्प्रियेलाले राज्य टेलिभिजनमार्फत सम्बोधन गर्दै भूकम्पबाट क्षतिग्रस्त अस्पताल, विद्यालय, घर तथा अन्य पूर्वाधार पुनर्निर्माणका लागि आपत्कालीन कोष स्थापना गरिने बताएका छन्। उनले विपत्तिबाट भएको क्षति सम्बोधन गर्न आर्थिक आपत्कालसमेत घोषणा गरेका छन्। यद्यपि उक्त घोषणाअन्तर्गत तत्काल कुन-कुन कदम चालिने भन्ने उनले स्पष्ट पारेका छैनन्। राष्ट्रपति एस्प्रियेलाका अनुसार भूकम्पबाट प्रभावित परिवारको संख्या २५ हजार ८ सयभन्दा बढी पुगेको छ। आधिकारिक विवरणअनुसार ३ हजार ७ सय ७० जना घाइते भएका छन् भने ९ हजार ५ सय ५० भन्दा बढी घरमा क्षति पुगेको छ।

कोलोम्बियाको प्रमुख कफी उत्पादन क्षेत्रको सहर पेरेरामा ८३ जना र देशको तेस्रो ठूलो सहर कालीमा ७४ जनाको मृत्यु भएको पुष्टि भएको छ। अन्य प्रभावित क्षेत्रमा समेत ठूलो जनधनको क्षति भएको अधिकारीहरूले बताएका छन्। कोलोम्बियाको भूगर्भीय सर्वेक्षणका अनुसार मुख्य भूकम्पपछि हालसम्म १३० वटा परकम्प रेकर्ड भएका छन्। निरन्तर



**कोलोम्बियाको क्याली क्षेत्रमा खोजी कार्यमा संलग्न उद्धारकर्मी।** **तस्बिर** : एपी/रासस

**५०० जना अझै बेपत्ता, लगातारको परकम्पले खोजी तथा उद्धारमा चुनौती**

आइरहेका परकम्पका कारण क्षतिग्रस्त संरचनामा प्रवेश गरी भग्नावशेषमा फसेकाको खोजी गर्न उद्धार टोलीलाई कठिनाइ भइरहेको छ।

१० अगस्टमा पश्चिमी कोलोम्बियामा ७.४ म्याग्निच्युडको भूकम्प गएको थियो। भूकम्पले क्याली, पेरेरा र मनिजालेसलगायत सहरमा भवन, घर तथा स्वास्थ्य संस्थामा ठूलो क्षति पुऱ्याएको थियो। चोको क्षेत्रका दुर्गम बस्तीसमेत प्रभावित भएका छन्। त्यहाँ भौगोलिक कठिनाइका कारण उद्धार तथा राहत सामग्री पुऱ्याउन थप चुनौती देखिएको छ।

उक्त भूकम्पलाई कोलोम्बियामा २१ औं शताब्दीमा गएको सबैभन्दा शक्तिशाली भूकम्पमध्ये एकका रूपमा वर्णन गरिएको छ। भूकम्पबाट भएको व्यापक विनाश र त्यसपछि लगातार गइरहेका परकम्पका कारण उद्धारकर्मीले जोखिमपूर्ण अवस्थामा खोजी तथा राहत कार्य अघि बढाइरहेका छन्। सरकारले प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउनुका साथै ध्वस्त पूर्वाधार पुनर्निर्माणलाई प्राथमिकता दिने जनाएको छ। यसबीच बेपत्ता मानिसको खोजी, घाइतेको उपचार र विस्थापित परिवारको व्यवस्थापनलाई उद्धार तथा राहत कार्यको मुख्य प्राथमिकता बनाइएको छ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

- **मेष**: कुनै नयाँ काम आइलाग्न सक्छ। समय सन्दर्भ हेरी कुनै काममा हेरफेर हुन सक्छ। कतै निम्तालु बनी जानुपर्ने हुन सक्छ।
- **वृष**: कुनै कुराले मनमा शंका उब्जिन सक्छ। सकेसम्म समयावस्था विचारेर चल्न खोजिनेछ। कसैको भर नपरी आफैं काम सक्न लागिपरिनेछ।
- **मिथुन**: समय आफू अनुकूल रहनेछ। समय सन्दर्भ मिलाएर काम सक्ने प्रयत्न गरिनेछ। प्रायः सबै कुरा तपाईंकै प्रभुत्वमा सम्पन्न हुनेछन्।
- **कर्कट**: कतै निम्तालु बनी जानुपर्ला। सबैले तपाईंको सुखसुविधाको ख्याल गर्नेछन्। समग्रमा दिन राम्रै रहनेछ।
- **सिंह**: तनमन स्वस्थ रहँदा काम गर्ने जाँगर बढ्नेछ। समयलाई आफूअनुरूप तह लगाउन खोजिनेछ। विविध कुराले गर्दा मन रमाउनेछ।
- **कन्या**: कुनै कुराले व्यस्त बनाउन सक्छ। सकेसम्म सबैतिर भ्याउने प्रयास गरिनेछ। कसैको ठट्टालाई गहिरो रूपमा नलिनुहोला।
- **तुला**: कुनै कामविशेषले कतै निस्किनुपर्नेछ। कतै निम्तालु बनी जानुपर्ने हुन सक्छ। व्यक्तिगत कामका लागि पनि केही समय छुट्याइनेछ।
- **वृश्चिक**: आत्मीयजनसितको भलाकुसारीले मनमा हौसला बढ्नेछ। व्यक्तिगत काममा समय दिन पाइनेछ। आगामी कामकाबारे योजना बनाइनेछ।
- **धनु**: विविध कामकुराले गर्दा व्यस्त भइनेछ। कतै जाने काम आइलाग्न सक्छ। पारिवारिक कामकुरामा पनि ध्यान दिनुपर्ने बेला छ।
- **मकर**: सबै कुरा आफू अनुकूल नहुन सक्छ। कुनै कुनै कुरामा आँखा चिम्लिनुपर्ला। मनमा रिस उठिहाले पनि बाहिर व्यक्त नगर्नुमै मुनासिब हुनेछ।
- **कुम्भ**: कतै जाने प्रबन्ध मिल्न सक्छ। विभिन्न व्यक्तित्वसित भेटघाट हुनेछ। विविध कुराले गर्दा मन प्रसन्न रहनेछ।
- **मीन**: काम गर्ने जाँगर बढ्नेछ। समयलाई आफू अनुकूल तह लगाइनेछ। जसरी पनि आफूखुसी रहने प्रयत्न गरिनेछ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

धुम्बाराही एरियामा ०-७-१-१ जग्गा घरसहित बिक्रीमा ९८५१०४५८४१

टुक्रा जग्गाहरू बेच्नु परेमा 9846662001

पांचकरोड तुरुन्तै कर्जाचाहियो घडेरीधितोदिने ९८०२३१५१०६

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

धितोफुकुवा, बैकलोन, चाहिएमा 9851065811, 9841007757

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

**चाहियो**

डेलिभरिब्वाई आवश्यक बाईकलाईसेन्स भएको खानबस्नको व्यबस्था ९८४००५७४२६

School Co-ordenator-1, Math Teacher-1, Secondary English Teacher-1 Salary Rs-35000/- 9841238675, 01-5709224

एकप्रतिष्ठित विद्यालयकालागि Winger Van चालकको आवश्यकता भएकोले ईच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ९८५१०९७७३४

सेल्समेन र ड्राइभर चाहियो ९८५११७३०७३, ९८६८६८६९५

आवश्यकता अनुभवी वेटर र मसाल्ची ९८५११३४७७८

गोदावरी मिनरल पानी फ्याक्ट्रीकोलागि १-जना प्राविधिक सुपरभाइजर तुरुन्त आवश्यक, सोहीक्षेत्रमा ३-५वर्ष कामको अनुभव, गोदावरी एरियामा बसोबास गर्ने/हुनेलाई प्राथमिकता ९८५१३१५८२०

कुक कुकहेल्पर चाहियो एयरपोर्ट ९८१०२३७३७५

होटल स्वयम्भू प्लाजालाई अनुभबी कुक र हेल्पर तुचाहियो 9851052206, 9818508016

गेष्टहाउसमा कुक वेटर चाहियो 9851179174

कुक -३ वेटर -४ सहायककुक -५ डिसवासर -६ क्यासियर -३ ९७६५०४८८००, ९८५१३१५६०५

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ | क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ | गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ | आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ | सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ | अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ट | सिफल | ०१-४५७८१०३ | माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ | लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ | सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ | सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ | मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ | सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३९८, ४३६४७५१ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० | गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ | मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ | श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| | | | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० | के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| | | | | | | चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-

* म.अ.क. बाहेक

सम्पर्क नं. ५१९२०१४, ५१९२०१०, Ext. १०१४ Email: mktclassified@kmg.com.np

**विदेशी मूद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १५२.८४ |
| युरो | १७६.३२ |
| पाउन्ड स्टर्लिङ | २०६.५७ |
| अस्ट्रेलियन डलर | १०७.९७ |
| कतारी रियाल | ४१.९२ |

राष्ट्र बैंकको आधारमा

**सुन** रू. ३,०६,२००

**चाँदी** रू. ४,७५०

# प्रधानमन्त्रीले निगम तंग्रिँदै छ भने तर हिसाबमा देखियो १ अर्ब घाटा

## आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय ध्वजावाहकको आम्दानी २३ अर्ब ४० करोड, खर्च करिब २४ अर्ब ४० करोड पुग्ने प्रारम्भिक अनुमान






फाइल तस्बिर : कान्तिपुर

**सुरज कुँवर** (काठमाडौं)

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगममा सुधारका आशालाग्दा संकेत देखिएको भन्दै प्रधानमन्त्री वालेन्द्र शाहले केही दिनअघि सामाजिक सञ्जालमा चार महिनामै ६ अर्ब २७ करोड रुपैयाँ आम्दानी, अकुपेन्सी ८६ प्रतिशत र १ अर्ब ६ करोड रुपैयाँ ऋणको किस्ता भुक्तानी भएको तथ्य सार्वजनिक गरे ।

निगमकै प्रारम्भिक वार्षिक हिसाबले भने तस्बिर त्यति उत्साहजनक देखाउँदैन । गत आर्थिक वर्षमा आम्दानी २३ अर्ब ४० करोड हुँदा खर्च करिब २४ अर्ब ४० करोड पुग्ने अनुमान छ । अर्थात् आम्दानी बढे पनि वर्षको अन्त्यमा खर्च आम्दानीभन्दा करिब १ अर्ब रुपैयाँ बढी हुने देखिएको छ ।

निगमको अन्तिम लेखा विवरण तयार भइनसके पनि प्रारम्भिक तथ्यांकअनुसार आम्दानी करिब २३ अर्ब ४० करोड रुपैयाँ र खर्च करिब २४ अर्ब ४० करोड रुपैयाँ पुग्ने देखिएको हो । निगमकी संस्थागत निर्देशक तथा प्रवक्ता अर्चना खड्काका अनुसार विभिन्न स्टेसनबाट आयव्ययको विवरण आउन बाँकी रहेकाले अहिलेको तथ्यांकलाई अन्तिम मानिहाल्न मिल्दैन । अन्तिम विवरण तयार हुँदा आम्दानी र खर्च दुवै केही बढ्न सक्ने उनले बताइन् ।

निगमले उपलब्ध गराएका विवरण विश्लेषण गर्दा गत आर्थिक वर्ष २०८२/८३ को प्रारम्भिक आम्दानी अघिल्लो आर्थिक वर्ष २०८१/८२ को करिब २० अर्ब ५० करोड रुपैयाँको तुलनामा १२.५ प्रतिशत बढी हो । निगमको आम्दानी बढे पनि खर्च व्यवस्थापन भने अझै चुनौतीपूर्ण रहेको प्रारम्भिक तथ्यांकले देखाएको छ ।

निगमले आर्थिक वर्ष २०८२/८३ को बजेटमा भने ३७ अर्ब ८४ करोड ८५ लाख रुपैयाँ कुल आम्दानी र ३७ अर्ब ७२ करोड ३४ लाख रुपैयाँ खर्च हुने प्रक्षेपण गरेको थियो । बजेटमा करिब १२ करोड ५० लाख रुपैयाँ बचत हुने अनुमान थियो । तर प्रारम्भिक वास्तविक आम्दानी बजेटमा गरिएको प्रक्षेपणभन्दा निकै कम देखिएको छ ।

निगमको आम्दानीको महत्त्वपूर्ण स्रोतका रूपमा रहेको ग्राउन्ड ह्यान्डलिङबाट गत आर्थिक वर्षमा करिब ५ अर्ब ७१ करोड रुपैयाँ आम्दानी भएको प्रारम्भिक विवरण छ । अघिल्लो आर्थिक वर्षमा यस्तो आम्दानी करिब ५ अर्ब ४ करोड रुपैयाँ थियो ।

खड्काका अनुसार केही समय अन्तर्राष्ट्रिय द्वन्द्वका कारण उडान संख्या घटे पनि त्यसको प्रभाव लामो समय रहेन । नेपालमा नयाँ अन्तर्राष्ट्रिय एयरलाइन्स थपिँदै गएपछि ग्राउन्ड ह्यान्डलिङबाट हुने आम्दानी बढेको खड्काले जनाइन् । हाल नेपालमा करिब ३० वटा अन्तर्राष्ट्रिय एयरलाइन्स सञ्चालनमा छन् । निगमले एयर इन्डियाबाहेक प्रायः अन्तर्राष्ट्रिय एयरलाइन्सको ग्राउन्ड ह्यान्डलिङ सेवा गर्दै आएको छ ।

> विगतमा निगमले आम्दानी बढाउँदै लगे पनि ऋणको साँवा, ब्याज, जहाज मर्मत तथा सञ्चालन खर्चले वित्तीय दबाब कायमै राखेको छ

निगमको बजेटमा पनि ग्राउन्ड ह्यान्डलिङबाट ७ अर्ब ९१ करोड ५० लाख रुपैयाँ आम्दानी हुने लक्ष्य राखिएको थियो । प्रारम्भिक वास्तविक आम्दानी भने उक्त लक्ष्यभन्दा कम देखिएको छ ।

निगमको पछिल्लो वित्तीय अवस्थाले आम्दानी विस्तार भए पनि त्यसको अनुपातमा खर्च नियन्त्रण गर्न नसकिएको देखाउँछ । विगतमा पनि निगमले आम्दानी बढाउँदै लगे पनि ऋणको साँवा, ब्याज, जहाज मर्मत तथा सञ्चालन खर्चले वित्तीय दबाब कायम राखेको छ ।

महालेखा परीक्षकको प्रतिवेदनअनुसार निगमको कुल आम्दानी आर्थिक वर्ष २०७७/७८ मा ९ अर्ब ४६ करोड रुपैयाँबाट बढेर २०७९/८० मा २४ अर्ब २१ करोड रुपैयाँ पुगेको थियो । तर पछिल्ला वर्षमा पनि निगमले निरन्तर नोक्सानी बेहोर्दै आएको छ । आर्थिक वर्ष २०८०/८१ मा समेत निगमको नोक्सानी करिब १ अर्ब ५० करोड ७५ लाख रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

आम्दानीमा सुधार भए पनि निगमको सबैभन्दा ठूलो चुनौती ऋण दायित्व बनेको छ । चार वटा एयरबसका जहाज खरिदका लागि कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको ऋणको साँवा तथा ब्याज भुक्तानी निगमका लागि ठूलो वित्तीय बोझ बनेको छ ।

निगमको अभिलेखअनुसार चारवटा जहाज खरिदका लागि लिएको ऋणमा हालसम्म १६ अर्ब ५४ करोड रुपैयाँ भुक्तानी भइसकेको छ । निगमको प्रारम्भिक अभिलेखमा अझै ४६ अर्ब २२ करोड रुपैयाँ बराबरको दायित्व देखिएको छ । अन्य ऋणसमेत जोड्दा निगमको कुल ऋण दायित्व करिब ५१ अर्ब रुपैयाँ पुगेको प्रारम्भिक विवरण छ । तर ऋणको रकमबारे निगम र ऋणदाता निकायको अभिलेखमा केही फरक रहेको निर्देशक खड्काले बताइन् । निगमले ऋणको ब्याजदर घटाउने र ऋण पुनर्तालिकीकरण गर्ने विषयलाई प्राथमिकतामा राखेको निगमका कार्यकारी अध्यक्ष एमबी श्रेष्ठको भनाइ छ । **बाँकी पृष्ठ ८**

# पाँच पालिकाले पाए भूमि बैंक स्थापनाको स्वीकृति

**सीमा तामाङ** (काठमाडौं)



फाइल तस्बिर : कान्तिपुर

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५ पालिकालाई भूमि बैंक स्थापना गर्न स्वीकृति दिएको छ । बैतडीको पञ्चेश्वर गाउँपालिका, बाजुराको बडिमालिका नगरपालिका, तनहुँको व्यास नगरपालिका, सिन्धुलीको फिक्कल गाउँपालिका र कास्कीको रूपा गाउँपालिकाले भूमि बैंक सञ्चालन एवं स्थापनाका लागि स्वीकृति पाएका हुन् ।

संघले भूमि बैंक (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८३ ल्याइसकेकाले पालिकाले त्यसअनुरूप काम अघि बढाउन सक्ने भूमि मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले बताए । 'कार्यपालिकाको निर्णय गराई भूमि बैंकको स्वीकृतिका लागि निवेदन दिएकाको हकमा मन्त्रालयले निर्णय गर्दै आएको छ, प्रक्रिया पुर्‍याएको हकमा हामीले गरिरहेका छौं,' उनले भने ।

संघ सरकारले भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ (तेस्रो संशोधन, २०८२) बमोजिम प्रत्येक स्थानीय तहमा भूमि बैंक स्थापना तथा सञ्चालन गर्न भूमि बैंक (स्थापना तथा सञ्चालन) कार्यविधि २०८३ ल्याएको हो । भूउपयोग वर्गीकरणसम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने र भूमिको अधिकतम उपयोग गरेर उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले व्यक्तिविशेषको उपयोगविहीन वा न्यून उपयोग भएको जग्गा निश्चित सर्त र सुविधामा उपयोगमा ल्याउन पालिकाहरूमा भूमि बैंक स्थापना गरी सञ्चालनमा ल्याउन लागिएको हो ।

भूमि बैंक स्थापना गर्न चाहने पालिकाले कार्यपालिकाको निर्णयको प्रतिलिपि समावेश गरी संघको भूमि मन्त्रालयमा निवेदन पठाउनुपर्नेछ । मन्त्रालयको भूउपयोग हेर्ने महाशाखाले आवश्यकताअनुसार छानबिन गरी भूमि बैंक स्थापनाका लागि सिफारिस गर्ने संघको कार्यविधिमा उल्लेख छ ।

संघले स्वीकृति दिइसकेकाले अब काम अघि बढाइने व्यास नगरपालिकाका मेयर वैकुण्ठ न्यौपानेले बताए । 'छिट्टै अब बाँझो जग्गा भएका घरधनीका लागि सूचना जारी गरेर प्रक्रिया अघि बढाउँछौं,' उनले भने, 'जग्गा भए पनि बाँझो थिए । उपयोग भएका थिएनन् भने अब उपयोग हुन्छ । उद्योग, कलकारखाना, तरकारी, फलफूल खेती फस्टाउँछ ।'

> बैतडीको पञ्चेश्वर गाउँपालिका, बाजुराको बडिमालिका नगरपालिका, तनहुँको व्यास नगरपालिका, सिन्धुलीको फिक्कल गाउँपालिका र कास्कीको रूपा गाउँपालिकाले भूमि बैंक सञ्चालन गर्न पाए अनुमति

पालिकाले भूमि बैंक सञ्चालन गर्न आवश्यक पूर्वाधारसहित भूमि शाखा स्थापना गर्नुपर्नेछ । आफ्नो कार्यक्षेत्रमा उपयोगमा नभएका वा जग्गाधनीले उपयोग गर्न नसकेका वा अन्य कारणले बाँझो रहेका निजी जग्गाजमिनको पहिचान गरी विवरण तयार गर्ने काम पनि भूमि शाखाले गर्नुपर्नेछ । भूमि बैंक सञ्चालनका लागि स्वीकृति पाएपछि नियमावलीको १३क को २ मा भूमि बैंक सञ्चालन समिति गठन गर्नुपर्नेछ । सञ्चालन समितिमा नगरपालिकाको प्रमुख वा गाउँपालिका अध्यक्ष वा तोकिएको कार्यपालिकाका सदस्य संयोजक रहने व्यवस्था नियमावलीमा छ । समितिको सदस्यमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र सदस्यसचिवमा सम्बन्धित पालिकाको भूमिसम्बन्धी विषय हेर्ने शाखा प्रमुख रहने व्यवस्था छ ।

पालिकाले भूमि बैंकका लागि छुट्टै खाता खोल्नुपर्ने कार्यविधिमा उल्लेख छ । जग्गा उपयोगकर्ताले राखेको धरौटी, जग्गा उपयोगकर्ताले उपयोगबापत बुझाएको प्रतिफल, जग्गाधनीबाट लिने सेवा शुल्कलगायत उक्त खातामा जम्मा गर्नुपर्नेछ । यस्तै संघ, प्रदेश र पालिकाले उपलब्ध गराएको अनुदान र कार्यपालिकाले तोकेको अन्य रकमसमेत उक्त खातामा राख्नुपर्नेछ ।

निक्षेपकर्तालाई भुक्तानी गर्नुपर्ने प्रतिफल, भूमि बैंकका लागि आवश्यक मेसिनरी उपकरण तथा मसलन्द, स्थलगत निरीक्षणका क्रममा हुने खर्च, भूमि बैंकमा खटिएका कर्मचारीलाई प्रोत्साहन भत्तालगायत उक्त खाताबाट खर्च गर्न सकिनेछ । पालिकाले भूमि बैंकमार्फत जग्गा उपयोग गर्न चाहने जग्गाधनीहरूका लागि आवश्यकताअनुसार सूचना जारी गर्नुपर्नेछ । जग्गाधनीले त्यस्तो जग्गाको स्वामित्व, जग्गाको कित्ता नम्बर, क्षेत्रफल, जग्गा उपयोग गर्न दिने अवधिलगायत खुलाई निवेदन दिनुपर्नेछ । भूमि शाखाले भूमि बैंक दर्ता रजिस्टर खडा गरी दर्ता गर्नुपर्नेछ ।

रूपा गाउँपालिकाकी उपाध्यक्ष लालसुब्बा गुरुङले २०७७ मै कार्यविधि ल्याउँदा पनि काम गर्न नसकिरहेको अवस्थामा संघको कार्यविधि र स्वीकृति लिइसकेकाले अब सहज हुने बताइन् ।

'संघले कार्यविधि नल्याउँदा हामी अलमलमा थियौं, हामीले भूमि बैंकसम्बन्धी कार्यविधिलाई संघअनुरूप संशोधन गरिसकेका छौं, कार्यपालिकाबाट निर्णय भएपछि लागू हुन्छ,' गुरुङले भनिन्, 'बैंक कार्यान्वयनमा आएपछि जग्गा नहुनेले पनि लिजमा लिएर काम गर्न पाउने भयो, व्यवसाय बढ्ने भयो ।'

# सर्वोच्चको आदेशपछि हात्ती सफारीको विकल्प खोज्दै हात्ती सञ्चालक

## चितवन राष्ट्रिय निकुञ्जमा सफारी तत्काल बन्द नगर्न निजी हात्ती सञ्चालकको आग्रह

**रमेशकुमार पौडेल** (चितवन)

सौराहा हात्ती सफारीका लागि प्रख्यात छ । हात्ती चढेर जंगली जनावर हेर्न पर्यटक चितवन राष्ट्रिय निकुञ्ज आडका मध्यवर्ती सामुदायिक वन जाने गर्छन् । तर सर्वोच्च अदालतको निर्देशनात्मक आदेशले सौराहाको पहिचानसँग जोडिएको हात्ती सफारीको भविष्य संकटमा परेको छ ।

अदालतले जारी गरेको निर्देशनात्मक आदेशमा भनिएको छ, 'हात्ती पर्यटनलाई पशुकल्याणमैत्री बनाउनू, माहुते तथा हेरचाहकर्तालाई हात्तीमैत्री तालिम प्रदान गर्नू तथा बिरामी तथा वृद्ध हात्तीको उचित उपचार र संरक्षण सुनिश्चित गर्न हात्ती अवकाश तथा पुनःस्थापना केन्द्र स्थापना गर्नू ।'

यता हात्ती व्यवसायीले भने अदालतको आदेशअनुसार विकल्पमा जान तयार रहेको तर त्यसका लागि समय लाग्ने बताएका छन् । हात्ती संरक्षणको सन्देश दिन बुधबार १५औं अन्तर्राष्ट्रिय हात्ती दिवस मनाइँदा सौराहामा यही विषय चर्चामा रह्यो । 'अदालतले भनेझैं हात्तीका लागि सेन्चुरी मोडलमा जान तयार छौं । तर अहिल्यै हैन,' हात्ती दिवसका अवसरमा सौराहा आडको बाघमारामा आयोजित 'हात्ती वनभोज' कार्यक्रममा युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था लिमिटेडका अध्यक्ष दीपेन्द्र खतिवडाले भने ।

जनहित संरक्षण मञ्चका तर्फबाट अधिवक्ता सञ्जय अधिकारीलगायतले २९ भदौ २०७८ मा हात्ती संरक्षण गर्नुपर्ने, यातना दिन नहुने, खरिद-बिक्रीको अभिलेख राख्नुपर्ने, अवैध ओसारपसार रोक्नुपर्ने, चेन (साङ्लो) मा बाँधेर राख्न नहुने तथा पर्यटन क्षेत्रमा हात्ती चढाउने कार्य रोकी अवलोकन मात्र गर्ने व्यवस्था गर्न माग गर्दै रिट निवेदन दर्ता गराएका थिए । सर्वोच्च अदालतले गएको २ पुसमा आदेश गरेको थियो ।

सर्वोच्चका न्यायाधीशहरू हरिप्रसाद फुयाँल र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले गरेको उक्त आदेशको पूर्णपाठ ३२ असारमा अदालतको वेबसाइटमा अपलोड भएको छ । ४८ पृष्ठ र ६२ बुँदाको आदेशमा हात्ती कल्याणसँग जोडिएका विभिन्न विषय उल्लेख छन् । आदेशमा हात्ती सफारीको विकल्प खोज्न स्पष्ट पारिएको छ । पशु कल्याणका दृष्टिले हात्ती सफारी उपयुक्त नहुने अदालतको निष्कर्ष छ ।



**हात्ती दिवसमा बुधबार सौराहा आडको बाघमारा मध्यवर्ती सामुदायिक वन क्षेत्रमा भोज खाँदै हात्तीको समूह ।** तस्बिर : **रमेशकुमार**/कान्तिपुर

आदेशको बुँदा नम्बर ४८ मा हात्ती सफारीमा व्यक्तिलाई हात्तीको शरीरमा चढाउने अभ्यास पनि हात्तीको कल्याणका दृष्टिले पुनर्विचार गरी वैकल्पिक प्रयोगका उपाय अवलम्बन गर्नुपर्ने उल्लेख छ । अर्थोपार्जन, पर्यटन प्रवर्द्धन र रोजगारीका दृष्टिले हात्ती सफारी सौराहालगायत क्षेत्रमा महत्त्वपूर्ण आर्थिक गतिविधि रहेको अदालतले स्विकारेको छ ।

'अर्कोतर्फ हात्तीजस्तो क्रमशः विलुप्त हुँदै गरेको जनावरलाई मानिस बोक्न बाध्य पार्नु आफैंमा गैरजिम्मेवार व्यवहार रहेको देखिन्छ,' आदेशमा भनिएको छ । हात्तीको मेरुदण्ड, खुट्टा र शरीरको बनावट मानिस बोक्न विकसित भएको नदेखिएको अदालतले जनाएको छ । लामो समय भारी बोकाउँदा र निरन्तर घुमाउँदा हात्तीमा शारीरिक तनाव तथा जोर्नी र खुट्टामा समस्या आउने फैसलाको आदेश खण्डमा उल्लेख छ ।

'मनोरञ्जन वा पर्यटनको उद्देश्यले हात्तीलाई केवल साधनका रूपमा प्रयोग गर्नु उसको जीवित प्राणीका रूपमा रहेको मूल्य र कल्याणप्रतिको दायित्वसँग मेल खाँदैन,' आदेशमा भनिएको छ ।

> पर्यटकलाई हात्तीमा चढाएर सफारी गराउने अभ्यासको सट्टा हात्तीमैत्री पदयात्राजस्ता गतिविधि सञ्चालन गर्न अदालतको विकल्प

पर्यटकलाई बोकेर सफारी गराउने अभ्यासको सट्टा हात्तीमैत्री पदयात्रा (इलिफेन्ट वाक, इलिफेन्ट बुसवाक) जस्ता गतिविधि सञ्चालन गर्न अदालतले बुँदा नम्बर ५१ मा विकल्प दिएको छ । 'कल्याणकारी मापदण्डअनुरूप नेपालमा पनि हात्ती सफारी र क्रूर बन्धन प्रणालीलाई विस्थापित गरी नैतिक पर्यावरणमैत्री मोडेलतर्फ रूपान्तरण गर्न कानुनी तथा नीतिगत व्यवस्था गर्न अपरिहार्य छ,' आदेशमा उल्लेख छ ।

विभिन्न देशमा प्रचलनमा रहेका बुसवाक, इलिफेन्ट फ्रेन्ड्ली वाक र पर्यटकलाई सुरक्षित दूरीबाट मात्र अवलोकन गर्न मिल्ने अभ्यास नेपालमा सुरु गर्न पनि अदालतले भनेको छ ।

तर निजी हात्ती सञ्चालक भने सफारी तत्कालै बन्द गर्न नहुने पक्षमा छन् । अदालतले भनेको मोडलमा जान तयार भए पनि त्यसका लागि संक्रमणकालीन समय आवश्यक पर्ने उनीहरूको तर्क छ ।

'हामी अहिल्यै हात्ती सफारी बन्द गर्ने पक्षमा छैनौं । मुख्य रूपमा अब दुई मोडल सुरु गरौं । उमेर भएका, सक्षम हात्तीलाई सफारीमै केही वर्ष लगाउन सकिन्छ । उमेर पुगेका, वृद्ध र अन्य अशक्त हात्तीलाई राख्न सेन्चुरी बनाएर त्यसलाई पनि पर्यटकीय गतिविधिमा जोडौं,' खतिवडाले भने । **बाँकी पृष्ठ ८**

**कुमारी बैंक लिमिटेड केन्द्रिय कार्यालय, टंगाल काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०८३/०४/२९ गते कान्तिपुर दैनिक)

यस कुमारी बैंक लिमिटेडको केन्द्रिय कार्यालय, टंगाल काठमाण्डौंबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

**ऋणीको विवरण**

१. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६८/०२/१२ मा दर्ता नं. ८३४९१/०६७/०६८ कायम भई दर्ता रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १० स्थित रजिष्टर्ड कार्यालय रहेको **सिस्ने कन्स्ट्रक्सन प्रा.लि. ।**
**संञ्चालक दिपेन्द्र शाही**

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **दिपेन्द्र शाही**
ना.प्र.नं.- ११५४९,
जारी मिति - २०५७/०५/०८, जि.प्र.का. काठमाण्डौं
बाबु - इन्द्र बहादुर शाही
बाजे - खड्क विर शाही
स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १०
हालको ठेगाना- ऐ.ऐ

२. **किरण कुमार श्रेष्ठ**
ना.प्र.नं.- ४९६
जारी मिति - २०३०/०२/१६ जि.प्र.का. संखुवासभा
बाबु - जंगविर जोशी
बाजे - नारायण बहादुर जोशी
स्थायी ठेगाना- संखुवासभा जिल्ला, चैनपुर गा.वि.स., वडा नं. ०२
हालको ठेगाना- ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. ०३

३. **लालमायाँ चलाउने**
ना.प्र.नं.- ८९/२३४९,
जारी मिति - २०५३/०५/०५ जि.प्र.का. डोल्पा
बाबु - गोपी चलाउने
बाजे - राइमन चलाउने
स्थायी ठेगाना- डोल्पा जिल्ला, ल्हाँ गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १०

४. **धिरज शाही**
ना.प्र.नं.- ६६-०१-७७-०१०७९
जारी मिति - २०७७/०५/१४ जि.प्र.का. काठमाण्डौं
बाबु - दिपेन्द्र शाही
बाजे - इन्द्र बहादुर शाही
स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १०
हालको ठेगाना- ऐ.ऐ

**धितो सुरक्षणको विवरण**

१. **दिपेन्द्र शाही**को नाममा मालपोत कार्यालय, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा, वडा नं. १० स्थित कित्ता नं. ८१, ७५, ७३, ६०, ६१ र ७९ को क्षेत्रफल क्रमश ११.९३, १.९९, २९.८२, ७३.५२, ५५.६४ र १९.८८ (व.मी) को जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **सस्ने कन्स्ट्रक्सन प्रा.लि** को नाममा मालपोत कार्यालय, नेपालगन्ज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, गनापुर गा.वि.स, वडा नं. ५ स्थित कित्ता नं. १३३९, १३५० र १३३८ को क्षेत्रफल क्रमश ४७७८.२३, ७४५.०० र १५०६.७७ (व.मी.) को जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
३. ऋणी **सस्ने कन्स्ट्रक्सन प्रा.लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

केन्द्रिय कार्यालय टंगाल काठमाण्डौ फोन नं. ०१–४४४३०७८

## अर्थ संक्षेप

### स्मार्ट इकोसिस्टमसहित ग्यालेक्सी जेड फोल्ड ८ सिरिज



काठमाडौं (कास)- सामसङ नेपालले ग्यालेक्सी जेड फोल्ड ८ अल्ट्रा, ग्यालेक्सी जेड फोल्ड ८ र ग्यालेक्सी जेड फ्लिप ८ सँगै ग्यालेक्सी वाच ९ र ग्यालेक्सी वाच अल्ट्रा२ सार्वजनिक गरेको छ। आठौं पुस्तामा प्रवेश गरेको सामसङको फोल्डेबल प्लेटफर्मले डिजाइन, ड्युरेबिलिटी, पोर्टेबिलिटी र सफ्टवेयर क्षेत्रमा वर्षौंदेखि हासिल गरेको सिकाइ र सुधारलाई प्रतिबिम्बित गर्ने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। ग्यालेक्सी जेड फोल्ड ८ अल्ट्रा र ग्यालेक्सी जेड फोल्ड ८ का ठूला डिस्प्लेले एआईलाई विभिन्न काम गर्न अझ ठूलो कार्यस्थल उपलब्ध गराउँछन्, जसले प्रयोगकर्तालाई बारम्बार एप परिवर्तन नगरी समीक्षा, तुलना, सिर्जना तथा आवश्यक एक्सन लिन सहज बनाउने कम्पनीले जनाएको छ। यससँगै कम्पनीले प्रि-अर्डर प्याकेज सार्वजनिक गरेको छ। एनसेलको अनलिमिटेड डेटा तथा भ्वाइस प्याक २ वर्षका लागि निःशुल्क १५ हजार रुपैयाँसम्मको एक्सचेन्ज बोनसलगायत सुविधा रहेको कम्पनीको भनाइ छ।

### नाइमामा स्मार्ट कनेक्टिभिटीसहितको सुजुकी एक्सेस १२५ सार्वजनिक



काठमाडौं (कास)- सुजुकी मोटरसाइकल नेपालले स्मार्ट कनेक्टिभिटी सुविधासहितको नयाँ सुजुकी एक्सेस १२५ कनेक्टेड मोडल सार्वजनिक गरेको छ। कम्पनीले नाइमा अटो शो २०२६ मा उक्त स्कुटर सार्वजनिक गरेको हो। नयाँ एक्सेस १२५ मा ब्लुटुथमार्फत स्मार्टफोनसँग जोड्न सकिने डिजिटल एलसीडी डिस्प्ले र सुजुकी राइड कनेक्ट सुविधा दिइएको कम्पनीले जनाएको छ। यसमार्फत स्कुटर चलाइरहेका बेला आवश्यक विभिन्न जानकारी प्राप्त गर्न सकिनेछ। स्कुटरमा टर्न-बाई-टर्न नेभिगेसन र अनुमानित यात्रा समय, आउने फोनको सूचना, एसएमएस तथा ह्वाट्सएप नोटिफिकेसन, मिस्ड कल अलर्ट, मोबाइलको ब्याट्री र नेटवर्कसम्बन्धी जानकारी, स्पिड अलर्ट, ट्रिप रेकर्ड, पार्क गरिएको अन्तिम स्थान तथा सर्भिस रिमाइन्डरलगायत सुविधा छन्। कनेक्टिभिटी सुविधाका साथै एक्सेस १२५ मा सुजुकीको १२४ सीसी इन्जिन छ। दैनिक सहरी यात्रालाई थप सहज र सुविधाजनक बनाउने उद्देश्यले यसमा विभिन्न व्यावहारिक सुविधा समावेश गरिएको कम्पनीको भनाइ छ। नेपालमा सुजुकी मोटरसाइकल तथा स्कुटरको आधिकारिक वितरक भीजी अटोमोबाइल्स प्रालि हो।

### सानिमा रिलायन्स लाइफको 'भिजन टु भ्यालु'




काठमाडौं (कास)- सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले 'भिजन टु भ्यालु २०८३' कार्यक्रम गरेको छ। एक आर्थिक वर्षको कार्य मूल्यांकन, उत्कृष्टलाई सम्मान तथा आगामी वर्षको योजना तर्जुमा गर्ने उद्देश्यले उक्त कार्यक्रम गरिएको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। कम्पनी सञ्चालक समितिका अध्यक्ष रतनलाल केडियालगायत कम्पनी सञ्चालक समितिका सदस्य भरतकुमार तोदीले पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गरे। कार्यक्रममा अध्यक्ष केडियाले उपलब्धिहरूलाई सम्मान गर्दै टिम सहकार्य तथा अन्तरविभागीय समन्वयलाई निरन्तर सफलताको आधारका रूपमा उल्लेख गरे। आगामी वर्षका लागि रणनीतिक योजना प्रस्तुत गर्दै नयाँ उत्पादनमा नवप्रवर्तन, सीएसआर गतिविधि तथा शाखा कार्यालयको मानकीकरणलाई संस्थागत प्रभाव मजबुत बनाउन प्राथमिकता दिने बताए। सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले देशभर १ सय ६९ शाखा सञ्जालमार्फत सेवा प्रदान गर्दै आएको जनाएको छ। कम्पनीको पुँजी ५ अर्ब रुपैयाँभन्दा बढी र २५ अर्ब रुपैयाँभन्दा बढी लगानी छ।

### सुबिसु बन्यो सुदूरपश्चिम रोयल्सको इन्टरनेट पार्टनर




काठमाडौं (कास)- सुबिसु लिमिटेड नेपाल प्रिमियर लिग (एनपीएल) को टोली सुदूरपश्चिम रोयल्सको इन्टरनेट पार्टनर बनेको छ। सुबिसु र सुदूरपश्चिम रोयल्सबीच एनपीएलको आगामी सिजनका लागि सहकार्य गर्ने सम्झौता भएको हो। सहकार्यसँगै टोलीको डिजिटल कनेक्टिभिटी तथा इन्टरनेट आवश्यकतामा सुबिसुले साझेदारी गर्नेछ। खेलकुदको उत्साहसँगै भरपर्दो र गुणस्तरीय इन्टरनेट अनुभवलाई जोड्ने उद्देश्यले सहकार्य गरिएको सुबिसु लिमिटेडका प्रमुख कार्यकारी अधिकृत विनयमोहन साउदले बताए। 'यस सहकार्यबाट हामी खेलकुदको उत्साहसँगै भरपर्दो र गुणस्तरीय इन्टरनेट अनुभवलाई अझ नजिकबाट जोड्ने प्रयास गर्नेछौं। नेपाली क्रिकेटको विकास र प्रवर्द्धनमा सुबिसुको निरन्तर प्रतिबद्धता रहनेछ,' साउदले भने। एनपीएलले नेपाली क्रिकेटलाई नयाँ उचाइमा पुर्‍याइरहेको सुबिसु लिमिटेडका अध्यक्ष सुरेन्द्रबहादुर श्रेष्ठको भनाइ छ। सुबिसुसँगको सहकार्यले टोलीको व्यावसायिक र डिजिटल पक्षलाई थप मजबुत बनाउने सुदूरपश्चिम रोयल्सका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्काले जनाए।

### मुक्तिनाथका ग्राहकलाई लेमन ट्री र टेस्ला डाइग्नोस्टिकमा छुट



काठमाडौं (कास)- मुक्तिनाथ विकास बैंकले आफ्ना ग्राहकलाई थप सेवा दिन काठमाडौंको बूढानीलकण्ठमा रहेको लेमन ट्री प्रिमियर बूढानीलकण्ठ होटल र काठमाडौंको बालुवाटारस्थित टेस्ला डाइग्नोस्टिकसँग विभिन्न सेवासुविधामा छुट प्रदान गर्ने गरी व्यावसायिक सम्झौता गरेको छ। सम्झौतापछि मुक्तिनाथ विकास बैंकका ग्राहकले यस होटलमा बसाइ तथा खानामा १५ प्रतिशतसम्म र स्पामा २० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। टेस्ला डाइग्नोस्टिकमा प्याथोलोजी टेस्ट, एमआरआई, एक्सरे, औषधि तथा अन्य धेरै सुविधामा ५ देखि १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्ने बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# नाइमा मोबिलिटी एक्स्पोमा दुईपांग्रे विद्युतीय सवारीमा झुम्मिए अवलोकनकर्ता

**'नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६' का अवसरमा भृकुटीमण्डपमै विभिन्न बैंकले कर्जाको सुविधा दिएपछि विद्युतीय सवारी किन्ने होडमा सर्वसाधारण**




भृकुटीमण्डपमा जारी 'नाइमा नेपाल मोबिलिटी एक्स्पो–२०२६' को तेस्रो दिन बिहीबार आएका अवलोकनकर्ता। तस्बिर : दीपेश दर्शनधारी/कान्तिपुर

**प्रकृति दाहाल** (काठमाडौं)

मूलपानीकी सविता महर्जन बुधबार दिउँसो 'नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६' भृकुटीमण्डप आइपुगिन्। अरू बेला हतपती भृकुटीमण्डप नपुग्ने उनी फेसबुक र टिकटकमा नयाँ गाडीको भिडियो फोटो देखेर एक्स्पो पुगेकी थिइन्।

एक्स्पो नियाल्दै थिइन्, एथर रिज्टाको शोरुममा रोकिइन्। उनको ध्यान विद्युतीय स्कुटरले तान्यो। स्कुटर नियाल्दै गरेकी उनले भनिन्, 'कस्तो सफा र टल्किएको स्कुटर, इलेक्ट्रिक भएर होला है, कुदाउन पो मन लाग्यो।'

शोरुममा सजाइएको ४५० सिरिजअन्तर्गत ४५० एस मोडलमा महर्जन बसिन् र फोटो खिचिन्। अनि आफ्नो नाम पनि टिपाइन्। स्नातक पढ्दै गरेकी उनलाई विद्युतीय स्कुटर किन्न मन छ। 'विद्युतीय स्कुटर सस्तो हुन्छ भनेको सुनेकी छु। पेट्रोलका लागि सधैं पैसा चाहिन्छ। तर यसलाई चार्ज गरेर चलाउँदा सस्तो होला भन्ने लागेको छ।'

मैतीदेवीबाट एक्स्पो पुगेका सीताराम कार्कीलाई पनि एक्स्पोले तान्यो। नयाँ गाडी र मोडल नियाल्दै मूल्य र विशेषता सोध्दै उनी घुमिरहेका थिए। व्यवसायी उनी ५ वर्षदेखि विद्युतीय बीवाईडी गाडी चढ्दै आएका छन्। 'अहिले के-के गाडी रहेछन् भन्ने बुझ्न पसेको हुँ,' उनले भने।

काठमाडौंको भृकुटीमण्डपमा मंगलबारदेखि सुरु 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' मा सहभागीको भीड बढ्दो छ। नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले आयोजना गरेको एक्स्पोमा बुकिङ गर्नेहरूको संख्या पनि बढिरहेको छ। धेरैको रोजाइमा भने विद्युतीय सवारी छन्। एक्स्पोमा विभिन्न ब्रान्डका विद्युतीय स्कुटरमा दर्शकको आकर्षण छ।

नेपालमा एथरका सवारीसाधनको आधिकारिक बिक्रेता वैद्य इनर्जी प्रालिले रिज्टाअन्तर्गत २.७ किलोवाट आवर र ३.५ किलोवाट आवर ब्याट्री क्षमताका मोडल सार्वजनिक गरेको छ। यिनको रेन्ज १२३ किलोमिटरदेखि १ सय ६१ किलोमिटरसम्म छ। यिनको मूल्य ३ लाख १५ हजारदेखि ४ लाख २० हजारसम्म छ।

नेपालमा एथरका यी मोडलमा पानी तथा धूलोबाट सुरक्षाका लागि आईपीएक्स ७ तहको सुरक्षा रहेको कम्पनीको दाबी छ। पार्क असिस्ट, अटो होल्ड, फलसेफ, कोस्टिङ पुनः ऊर्जा प्रणालीलगायत सुविधा यिनमा छन्। एथरका ४५० सिरिजअन्तर्गत ४५० एस, ४५० एक्स एलआर र ४५० एक्सआर ३५ मोडल प्रदर्शनमा राखेको छ। यिनको मूल्य ३ लाख १४ हजारदेखि ४ लाख १९ हजारसम्म रहेको कम्पनीकी प्रतिनिधि एनिका मानन्धरले जनाइन्।

एनआईयू नेपालको आधिकारिक वितरक इको इन्फिनिटी प्रालिले एनआईयूका ४ लाखका स्कुटर र १० लाखको मोटरसाइकल एक्स्पोमा राखेको छ।

एनआईयू नेपालको आधिकारिक वितरक इको इन्फिनिटी प्रालि हो। कम्पनीले सन् २०१७ देखि नेपालमा एनआईयूका विद्युतीय स्कुटर बिक्री गर्दै आएको छ। एक्स्पोमा एनक्यूआई स्पोर्ट, एनक्यूआई जीटीएस, एफक्यूआईएक्स ३००, एफक्यूआई विन्ड र गोभा डी ३ लगायत मोडल प्रदर्शनमा राखिएको कम्पनीले बताएको छ। एनक्यूआई स्पोर्टको मूल्य २ लाख ६९ हजार ९ सय रुपैयाँ छ। यसमा बोस्च हब मोटर, ६० भोल्ट ३५ एम्पियर-आवरको लिथियम-आयन ब्याट्री, दुई वटा हाइड्रोलिक डिस्क ब्रेक, जीपीएस, क्रुज नियन्त्रण, मार्ग ट्र्याकिङ, चोरीको सुरक्षा र चाबीबिना खुल्न नसक्नेलगायत सुविधा छन्। यसको अधिकतम गति ५५ किलोमिटर प्रतिघण्टा र रेन्ज १ सय किलोमिटर उल्लेख गरिएको छ।

एनक्यूआई जीटीएसको मूल्य ३ लाख ३५ हजार रुपैयाँ छ। यसमा ३ हजार ६ सय वाटको मोटर र ७२ भोल्ट २८ एम्पियर-आवरका दुई ब्याट्री छन्। यसमा दुई वटा डिस्क ब्रेक, जीपीएस, क्रुज नियन्त्रण, उल्टो चलाउने सुविधा, स्वचालित साइड लाइट र चोरीविरुद्धको सुरक्षा छ। एफक्यूआई ३०० को मूल्य ३ लाख ८५ हजार रुपैयाँ छ। एफक्यूआई विन्डको मूल्य २ लाख ३५ हजार रहेको कम्पनीको भनाइ छ। यसमा ५ हजार ६ सय वाटको मोटर, ९० किलोमिटर रेन्ज र ८० किलोमिटर प्रतिघण्टाको अधिकतम गति रहेको कम्पनीले जनाएको छ। गोभा डी ३ को मूल्य २ लाख ५९ हजार ९ सय रुपैयाँ छ। यसमा २ हजार ७ सय वाटको मोटर, ६० भोल्ट ४० एम्पियर-आवरको ब्याट्री, १०० किलोमिटर रेन्ज र ६५ किलोमिटर प्रतिघण्टाको अधिकतम गति रहेको कम्पनीको दाबी छ।

कम्पनीले नाइमामा एनआईयू आरक्यूआई स्पोर्ट इलेक्ट्रिक मोटरसाइकल पनि राखेको छ। यसको मूल्य १० लाख रुपैयाँ रहेको कम्पनीका सेल्स इन्चार्ज मनोज मगरले बताए। यस मोटरसाइकलको अधिकतम पावर वाट ७ हजार ५ सय रहेको उनको भनाइ छ। नाइमामा वैद्यज अर्गनाइजेसन अल्ट्राभ्वाइलेटले एक्स ४७ भेरिएन्ट सार्वजनिक गरेको छ। अर्गनाइजेसनले राखेका विद्युतीय बाइकको मूल्य ६ लाख ८४ देखि १० लाख ७५ हजारसम्म रहेको बताइएको छ। एक्स्पोमा यी बाइकमा २५ हजारसम्म छुटको व्यवस्था गरिएको कम्पनीका बजार प्रतिनिधि अनन्त महर्जनले बताए।

डेजर्ट विङको मूल्य भने १० लाख ५५ हजार रहेको कम्पनीको भनाइ छ। कम्पनीले यसमा ब्याट्री वारेन्टी ८ वर्ष र ८० हजार किलोमिटर दिएको छ। एक्स्पोका अवसरमा यो मोटरसाइकल किन्नेलाई कम्पनीले ५० हजार छुट दिइएको मगरले जनाए। अल्ट्राभ्वाइलेटको 'म्याच टु रिकन' को मूल्य १० लाख ७५ हजार छ। यसैबीच नाइमामा बजाज अटोले नेपालमा चेतकका दुई नयाँ विद्युतीय स्कुटर सार्वजनिक गरेको छ। हंसराज हुलासचन्द एन्ड कम्पनी लिमिटेडसँगको सहकार्यमा बजाजले नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६ मा कम्पनीले चेतक सी २५०१ र चेतक सी ३५०३ मोडल सार्वजनिक गरेको हो।

यसमा २.५ किलोवाट घण्टा क्षमताको लिथियम-आयन पूर्ण चार्जमा ११३ किलोमिटरसम्म यात्रा गर्न सक्छ। यसको अधिकतम गति प्रतिघण्टा ६० किलोमिटर छ। यसमा छिटो चार्ज गर्ने सुविधा उपलब्ध छ। ग्लसी एक्टिभ ब्ल्याक, ओपालेसेन्ट सिल्भर, रेसिङ रेड, ओसन टिल र मिस्टी एल्लो रङमा उपलब्ध हुने यो स्कुटरको मूल्य २ लाख ८१ हजार ९ सय रुपैयाँ तोकिएको छ।

चेतक सी ३५०३ मा ३.५ किलोवाट घण्टा क्षमताको लिथियम-आयन ब्याट्री जडान गरिएको छ। यसले एक पटकको पूर्ण चार्जमा १ सय ५१ किलोमिटरसम्म यात्रा गर्न सक्ने कम्पनीको दाबी छ। यसको अधिकतम गति प्रतिघण्टा ७० किलोमिटर छ। यसमा डिजिटल एलसीडी पर्दा, ब्लुटुथ जडान, फोनमा आउने कल तथा सिटमुनिको भण्डार गर्ने स्थान छ। यसको मूल्य ३ लाख ४० हजार रुपैयाँ रहेको कम्पनीको भनाइ छ।








# सर्वोच्चको आदेशपछि हात्ती...

हात्ती सफारी तत्काल बन्द गर्दा त्यससँग जोडिएको रोजगारी र आर्थिक गतिविधिमा प्रत्यक्ष असर पर्छ। हात्ती पाल्न ठूलो खर्च लाग्छ। एउटा हात्तीको हेरचाहका लागि दुई जना जनशक्ति आवश्यक हुन्छन्। हात्ती डुलाउने, इसाराअनुसार ओहोरदोहोर गराउने काम माहुतले गर्छन् भने फनेतले दाना-पानी, घाँस खुवाउने र सरसफाइमा सघाउँछन्।



सौराहमै हात्ती पालेर पर्यटकलाई घुमाइरहेका कृष्ण खतिवडाका शेरकली र एकताकली नामका दुई हात्ती छन्। शेरकलीका माहुत जयलाल दास हुन्। ४८ वर्षीय दास १८ वर्षअघि सौराहा आएका थिए। रौतहटको कटहरिया घर भएका उनका हजुरबा प्रसाद दास पनि हात्तीका माहुत थिए। उनका बुबाले हात्तीको काम गरेनन् तर जयलालले यही पेसामा आफ्नो भविष्य देखे। सौराहामा हुने हात्ती सफारीले उनलाई रोजगारी दिएको छ।

हात्ती सफारी गर्न हुँदैन भन्ने सुनेपछि जयलाल अब के गर्ने भन्ने तनावमा छन्। घरमा दुई छोरा र दुई छोरी छन्। परिवारका ६ जनाको मुख्य आधार नै माहुत पेसा भएको उनले बताए। हात्ती डुलाउनेबाहेक अरू काम नजानेका कारण सफारी बन्द भएर रोजगारी गुमे के गर्ने भन्ने चिन्ता उनलाई छ। अर्को हात्ती एकताकलीका माहुत नन्दलाल साह पनि यही चिन्तामा छन्।

सौराहा क्षेत्रमा मात्रै कोरोना महामारीअघि ९० वटा निजी हात्ती रहेको अध्यक्ष खतिवडाले बताए। त्यसमध्ये सहकारीका मात्रै ६५ वटा थिए। कोरोना महामारीका कारण पर्यटकीय गतिविधि ठप्प भएपछि हात्ती भारततिर बिक्री गर्ने क्रम बढेको उनले जनाए। अहिले सहकारीमा २८ वटा मात्रै हात्ती छन्।

सहकारीबाहिर रहेका हात्तीसमेत जोड्दा सौराहामा अहिले करिब ४५ वटा निजी हात्ती रहेको खतिवडाको भनाइ छ। हात्तीको बजार मूल्य एक करोडदेखि डेढ करोड रुपैयाँभन्दा बढी छ। यस्तो मूल्यमा किनेको हात्ती पाल्न महिनामा १ लाखदेखि १ लाख २० हजार रुपैयाँसम्म खर्च हुन्छ। 'त्यसैले हिजो पर्यटक नहुँदा कोरोनापछि हात्ती ह्वात्तै घटे। खर्च बढी छ। आम्दानी पनि हुनुपर्‍यो। सफारी गराउन नपाउने हो भने मान्छेले किन हात्ती पाल्छ ?' उनले भने।

दीपेन्द्रका पनि दुई हात्ती थिए। अहिले उनीसँग एउटा मात्रै हात्ती चञ्चलकली छ। 'हात्तीसँग जोडिएको अर्थतन्त्र र रोजगारीको विषयले पनि तत्कालै सफारीबाट अलग गर्न सक्ने अवस्था देखिँदैन। हात्ती स्वास्थ्य, खानपान र यसको कल्याणसँग जोडिएका सबै विषय पालना गर्न हामी तयार छौं। तर विकल्पमा जान हामीलाई समय चाहिन्छ। सफारी तुरुन्त हटाए हात्ती नै नरहलान्,' खतिवडाले भने।

सौराहामा हुने हात्ती सफारीमा निजी हात्ती मात्रै प्रयोग हुन्छन्। सफारी निकुञ्जभित्र नभई निकुञ्ज आडका मध्यवर्ती सामुदायिक वनमा सञ्चालन हुँदै आएको छ। सरकारी हात्ती भने निकुञ्जको गस्ती तथा अध्ययन-अनुसन्धानमा मात्रै प्रयोग हुन्छन्। सर्वोच्चको आदेश आइसकेको अवस्थामा हात्ती व्यवस्थापनको उचित व्यवस्था र हात्ती कल्याणलाई ध्यान दिएर कदम चाल्न चितवन निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनले सुझाए।

# प्रधानमन्त्रीले निगम तंग्रिँदै...

महँगो ब्याजदरमा लिइएको ऋणलाई तुलनात्मक रूपमा सस्तो ऋणबाट स्वाप गर्ने विकल्पमा समेत निगमले प्रक्रिया अघि बढाएको उनले जनाए। यस विषयमा कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषसँग छलफल भइसकेको अध्यक्ष श्रेष्ठले बताए। निगमले एयरबसका जहाज खरिद गर्दा कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट ३४ अर्ब ऋण लिएको थियो। उक्त ऋणमा निगम १०.५० प्रतिशतसम्म ब्याज तिर्दै आएको छ। निगमले आर्थिक वर्ष २०८२/८३ को बजेटमा मात्रै करिब ४ अर्ब १० करोड रुपैयाँ वित्तीय खर्च हुने अनुमान गरेको थियो। ऋणको ब्याज घटाउन सके निगमको सञ्चालन आम्दानी र खर्चबीचको अन्तर कम गर्न सकिने अपेक्षा निगमको छ।

निगमसँग रहेका जहाजमध्ये केही लामो समयदेखि ग्राउन्डेड रहँदा पनि सञ्चालन क्षमता प्रभावित हुँदै आएको छ। उपलब्ध विवरणअनुसार निगमसँग रहेका ५ वटा चिनियाँ जहाजसहित ११ जहाज छन्। तीमध्ये हाल ६ वटा मात्रै सञ्चालनमा छन्, जसमा दुइटा ट्विनअटर, दुइटा न्यारोबडी, दुइटा बाइडबडी गरी ६ वटा मात्रै उडान योग्य छन्।

अन्तर्राष्ट्रिय र आन्तरिक उडान विस्तारका लागि निगम हरेक वर्ष थप जहाज आवश्यक रहेको बजेटमा उल्लेख गर्दै आइरहेको छ। आर्थिक वर्ष २०८२/८३ को कार्यक्रममा अन्तर्राष्ट्रिय उडानका लागि न्यारोबडी जहाज थप्ने तथा आवश्यकताअनुसार भाडामा जहाज ल्याउने सम्भावनाको अध्ययन गर्ने उल्लेख गरेको थियो। तर यो अघि बढेन।

बजेटमा दुईवटा ए-३३० र दुईवटा ए-३२० बाट अन्तर्राष्ट्रिय क्षेत्रमा २ हजार ५ सय २० उडान गरी ८ लाख ६५ हजारभन्दा बढी यात्रुलाई सेवा दिने लक्ष्य राखिएको थियो। आन्तरिकतर्फ दुईवटा ट्विनअटरबाट ५ हजार १ सय ७४ उडान गर्ने लक्ष्य थियो। पछिल्लो अवधिमा आम्दानी बढेको पक्षलाई सकारात्मक रूपमा लिनुपर्ने निगमकी निर्देशक खड्काले जनाइन्। निगमको वास्तविक वित्तीय सुधारका लागि आम्दानी वृद्धि, सञ्चालन खर्च नियन्त्रण र ऋणको ब्याजभार घटाउने काम एकसाथ अघि बढाउन नयाँ व्यवस्थापन लागिपरेको अध्यक्ष श्रेष्ठले बताए।

# सामूहिक बलात्कार मुद्दामा १० वर्षपछि पीडितलाई न्याय

## सर्वोच्च अदालतले भन्यो- 'पीडितले बयान फेर्दैमा सफाइ दिन मिल्दैन, परिस्थितिजन्य प्रमाणबाट पनि अपराध पुष्टि हुन सक्छ'

**दुर्गा दुलाल** (काठमाडौं)

सर्वोच्च अदालतले १० वर्षअघि सामूहिक बलात्कार मुद्दामा चार जनालाई दोषी ठहर गरेको छ। मोरङको कटहरीमा भएको सामूहिक बलात्कार घटनामा जिल्ला र उच्च अदालतले आरोपितलाई सफाइ दिएको फैसला सर्वोच्चले उल्टाएको हो।

'विराटनगर ठ' (परिवर्तित नाम) १० माघ २०७३ मा कटहरीस्थित टहरामा बलात्कृत भएकी थिइन्। प्रहरी अनुसन्धानमा उनले विराटनगर पुऱ्याइदिने आश्वासन दिएर मोटरसाइकलमा लगेका युवाले कटहरीको पोखरीछेउको टहरामा पुऱ्याई पालैपालो जबर्जस्ती करणी गरेको बताएकी थिइन्। प्रहरीले पीडितलाई बेहोस अवस्थामा फेला पारेको थियो। घटनास्थलमा चाउचाउ, पानीको बोतल र चुरोट फेला परेको र त्यसैका आधारमा अनुसन्धान गरी केही व्यक्तिलाई पक्राउ गरिएको प्रहरी प्रतिवेदनमा उल्लेख थियो।

तर पछि अदालतमा उनलाई बयान फेर्न धम्की दिइएको थियो। बयान नफेरे ज्यान मार्ने धम्की दिइएका कारण उनले आफूले प्रेमीलाई बोलाएको, सहमतिमै करणी भएको तथा अन्य व्यक्तिसँग आफ्नो चिनजान नभएको बयान अदालतमा दिएकी थिइन्। त्यही कारण आरोपितहरूले जिल्ला र उच्च अदालतबाट सफाइ पाएका थिए।

सर्वोच्चले भने पीडितको अवस्था र घटनास्थलका सबै परिस्थिति हेरेर मोरङ जिल्ला अदालत र उच्च अदालत विराटनगरको फैसला उल्टाएको उक्त मुद्दामा बहस गरेका सरकारी वकिलले बताए। 'सामूहिक बलात्कारका यस्ता घटनामा जहाँ पीडित र पीडक नजिकै हुन्छन्, साँचो बयान पीडितबाट आउँदैन। यसमा अदालतले घटनाका सबै पक्ष हेरेर न्याय निरूपण गर्नुपर्ने हुन्छ,' उनले भने, 'तर विराटनगर ठको हकमा जिल्ला र उच्च अदालतबाट त्यसो हुन सकेन। त्यसैले सर्वोच्चले फैसला उल्टाएको हो।'

सर्वोच्चले पीडित 'होस्टाइल' भए पनि तथ्यभित्र प्रवेश गरेर हेर्दा सामूहिक बलात्कार भएको देखिने निष्कर्ष निकालेको छ। सर्वोच्चले सामूहिक बलात्कारजस्तो जघन्य अपराधमा पीडितले कसैलाई पनि पोल नगरेको वा बयान फेरेकै आधारमा मात्र प्रतिवादीलाई सफाइ दिन नमिल्ने ठहर गरेको छ।

चिकित्सकीय प्रतिवेदनलगायत अन्य प्रमाणबाट कसुर पुष्टि भइरहेको अवस्थामा पीडित वा अनुसन्धानका क्रममा कागज गर्ने व्यक्तिले पहिलेको भनाइविपरीत बकपत्र गरेको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिन नमिल्ने सर्वोच्चले स्पष्ट गरेको छ। 'भौतिक एवं स्वतन्त्र प्रमाणबाट कसुर पुष्टि हुन्छ भने पीडित वा जाहेरवालाले प्रतिकूल बकपत्र गरे पनि प्रतिवादीलाई उन्मुक्ति दिन नमिल्ने हुन्छ,' फैसलामा भनिएको छ। सर्वोच्चका न्यायाधीशहरू हरिप्रसाद फुयाँल र टेकप्रसाद ढुंगानाको इजलासले १० असार २०८२ मा फैसला सुनाएको थियो। फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो। सर्वोच्चले अभियुक्तहरू अजय पासवान, सुजित चौधरी, राजेश कामत र रविन कामतलाई जनही नौ वर्ष कैद सजाय निर्धारण गरेको छ।

यस मुद्दामा पीडितले बयान फेरेको आधारमा मोरङ जिल्ला अदालतले ७ जेठ २०७४ मा सबै प्रतिवादीलाई सफाइ दिएको थियो। उच्च अदालत विराटनगरले पनि ५ चैत २०७५ मा जिल्लाकै फैसला सदर गरेको थियो। दुवै तहका अदालतबाट गम्भीर मुद्दामा समेत प्रमाणको समुचित मूल्यांकन नभएको भन्दै सरकारी वकिलको कार्यालयले सर्वोच्चमा पुनरावेदन गरेको थियो। दुवै तहका अदालतको फैसला त्रुटिपूर्ण रहेको सर्वोच्चको पूर्णपाठमा उल्लेख छ।



**जिल्ला र उच्च अदालतबाट सफाइ पाएका चार जना सर्वोच्च अदालतबाट दोषी ठहर, पीडित राहत कोषबाट ६ लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन आदेश, एक लाख रुपैयाँ क्षतिपूर्ति भराउन जिल्ला अदालत मोरङका नाममा पनि आदेश**

सर्वोच्चले सामूहिक बलात्कार जस्तो एकान्त एवं गोप्य स्थानमा हुने अपराधमा प्रत्यक्ष प्रमाणको अभाव हुने भएकाले परिस्थितिजन्य प्रमाणको शृंखलाबाट पनि अपराध प्रमाणित हुन सक्ने व्याख्या गरेको छ। अभियोजन पक्षले पेस गरेका भौतिक, वैज्ञानिक तथा परिस्थितिजन्य प्रमाणहरूको समग्र विश्लेषणबाट प्रतिवादीहरूको कसुरमा संलग्नता देखिएको सर्वोच्चले जनाएको छ।

सामाजिक तथा पारिवारिक अवस्थाका कारण प्रतिवादीलाई सजायबाट उन्मुक्ति दिलाउने उद्देश्यले पीडित स्वयं वा अन्य व्यक्तिले अदालतमा आई अनुसन्धानका क्रममा दिएको बयानविपरीत बकपत्र गर्न सक्ने अवस्थातर्फ न्यायाधीश सजग हुनुपर्ने पनि सर्वोच्चले भनेको छ। 'मिसिल संलग्न समग्र प्रमाणहरूको परिस्थिति र सूक्ष्म विश्लेषण गरी प्रतिवादीहरूले कसुर गरेको हो वा होइन भनी निष्कर्षमा पुग्नुपर्छ,' फैसलामा भनिएको छ। सर्वोच्चले पीडितलाई नेपाल सरकारले स्थापना गरेको पीडित राहत कोषबाट क्षतिपूर्तिबापतको ६ लाख रुपैयाँ तत्काल उपलब्ध गराउन आदेश गरेको छ। त्यसैगरी एक लाख रुपैयाँ क्षतिपूर्ति ३० दिनभित्र भराइदिन मोरङ जिल्ला अदालतका नाममा पनि आदेश जारी भएको छ।

### अस्पताल र चिकित्सकका नाममा न्यायिक टिप्पणी

सर्वोच्चले सामूहिक बलात्कारको सिकार भएकी युवतीको स्वास्थ्य परीक्षणमा कोशी अस्पताल र त्यतिबेला कार्यरत चिकित्सकको लापरबाही देखिएको ठहर गरेको छ। फैसलामा अस्पताल, स्वास्थ्य मन्त्रालय र सर्वोच्च अदालतका मुख्य रजिस्ट्रारका नाममा न्यायिक टिप्पणी गर्दै निर्देशनात्मक आदेशसमेत जारी गरिएको छ।

कोशी अस्पतालमा त्यतिबेला कार्यरत डा. योगेन्द्र यादव र डा. मेलुना भुसालले परीक्षणका क्रममा कन्याजाली विभिन्न कारणले च्यातिन सक्ने र परीक्षण गर्दा करणी भएको लक्षण पीडितमा नदेखिएको भनी बकपत्र गरेका थिए। घटनास्थलबाट भेटिएका वस्तुको परीक्षणका सम्बन्धमा पनि उनीहरूले त्यस्तै प्रतिवेदन दिएका थिए। सर्वोच्चले उक्त स्वास्थ्य परीक्षणलाई लिएर चिकित्सक र अस्पतालको कार्यसम्पादनमाथि प्रश्न उठाएको हो।

'स्वास्थ्य परीक्षण गर्ने तत्कालीन समयको कोशी अञ्चल अस्पताल, विराटनगर र त्यहाँ कार्यरत चिकित्सकले इमानदारीपूर्वक तथा व्यावसायिक दायित्वबोधसाथ आफ्नो कर्तव्य निर्वाह गरेको देखिएन। सामूहिक जबर्जस्ती करणीको पीडाबाट अचेत अवस्थामा उद्धार भएकी पीडितको अवस्था सामान्य भन्नु लापरबाहीपूर्ण देखियो,' फैसलामा भनिएको छ।

सर्वोच्चले यसलाई विशेष न्यायिक टिप्पणीको विषय मानेको छ। भविष्यमा यस्ता संवेदनशील विषयमा परीक्षण गर्दा उच्च नैतिकता, व्यावसायिक निष्ठा र कानुनी जवाफदेहितासाथ काम गर्न सम्बन्धित अस्पताल र चिकित्सकलाई लिखित रूपमा सचेत गराउन महान्यायाधिवक्ताको कार्यालयमार्फत नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र सर्वोच्च अदालतका मुख्य रजिस्ट्रारका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ।

जबर्जस्ती करणीलगायत महिलाको गरिमा, अस्मिता र शारीरिक स्वायत्ततासँग प्रत्यक्ष जोडिएका कसुरमा स्वास्थ्य परीक्षण प्रतिवेदन प्रमुख र आधारभूत प्रमाण हुने सर्वोच्चले उल्लेख गरेको छ। यस्तो प्रतिवेदन तटस्थ, वस्तुनिष्ठ र वैज्ञानिक तथ्यमा आधारित हुनुपर्ने पनि फैसलामा भनिएको छ।

राज्य, कानुन तथा राज्यका महत्त्वपूर्ण निकायमा कार्यरत कर्मचारी र सेवाप्रदायकहरूको प्रमुख संवैधानिक एवं कानुनी दायित्व अपराधको रोकथाम गर्नु, पीडितलाई न्याय दिलाउन सहयोग गर्नु तथा राज्यको अनुसन्धान, अभियोजन र न्याय सम्पादन प्रक्रियालाई इमानदारीपूर्वक सहयोग गर्नु रहेको सर्वोच्चले जनाएको छ। यस्ता स्वास्थ्य परीक्षणमा उच्च व्यावसायिक मापदण्ड, नैतिकता र पीडितप्रतिको संवेदनशीलता अनिवार्य रूपमा पालना गर्नुपर्ने पनि सर्वोच्चले स्पष्ट गरेको छ।

# बैंकले ऋण दिएको...

'इन्भेस्टमेन्ट बैंकका सीईओ ज्योतिप्रकाश पाण्डेलाई पहिले पनि प्रहरीले समातेको थियो। पछि अदालतको आदेशपछि छुटे। अहिले त सञ्चालक समितिमाथि नै प्रहरीले धावा बोलेको छ,' उनले भने, 'हिजो भएका सबै कुरा अपराधजन्य हुन्, जोसुकै होस्, जस्तोसुकै होस्, ठोकिहाल्नुपर्छ भन्ने प्रवृत्तिका आधारमा प्रहरी गएको देखिन्छ।'

विभिन्न बैंक तथा वित्तीय संस्थामा प्रहरीद्वारा भएका यस्ता अनुसन्धानले सुशासनका नाममा विधिको शासन र सम्बन्धित क्षेत्रको संवेदनशीलता बेवास्ता गरेको देखिने पूर्वगभर्नर क्षेत्रीले बताए। राष्ट्र बैंक कमजोर हुँदै गएकाले वित्तीय क्षेत्रमा यस्ता घटना क्रमिक रूपमा बढेको उनको ठम्याइ छ। खासगरी अर्थ मन्त्रालय (अर्थमन्त्री) र राष्ट्र बैंक (गभर्नर) बीच सुमधुर सम्बन्ध नहुँदा यस्तो अवस्था आउने क्षेत्री बताउँछन्। 'पछिल्ला वर्षमा बैंकरहरूमा जोखिम लिनु हुन्न भन्ने प्रवृत्ति बढ्दै जानुले पनि राष्ट्र बैंकको प्रभुत्वमा कमी आउन थालेको देखिन्छ,' उनले भने।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) ले पनि धितोमा राखेको सम्पत्ति नउठे त्यसलाई कानुनबमोजिम लिलाम बिक्री गरेर आफ्नो ऋण उठाउन पाउने अधिकार बैंकलाई दिएको छ। बाफियाको दफा ५६ मा कर्जा लगानी गर्ने व्यवस्था छ भने दफा ५७ मा कर्जा असुलीसम्बन्धी व्यवस्था छ। दफा ५७ (१) ले ऋणीले कर्जा लेनदेनसम्बन्धी लिखत वा करारमा उल्लिखित सर्त र कबुलियतको पालना नगरे र ब्याज वा हर्जाना चुक्ता नगरे धितो लिलाम बिक्री गरी साँवा-ब्याज असुल गर्नुपर्ने भनेको छ। यही व्यवस्था टेकेर सम्पत्ति लिलाम गरेको बैंकहरूको तर्क गर्छ। तर त्यसैमा अहिले सीआईबीले प्रश्न उठाइरहेको छ।

गत साता अर्थमन्त्री स्वर्णिम वाग्लेसँगको बैठकमा २० वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) को साझा सवाल थियो- ऋण दिएकै कारण पक्राउ पर्नु भएन। कानुनभित्र रहेर सबै कागजात र प्रक्रिया पुऱ्याएर ऋण प्रवाह गर्दा पनि कति बेला पक्राउ परिन्छ भन्ने तनाव रहिरहेकाले उत्साहित भएर ऋण विस्तार गर्न नसकिएको बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले बताए। 'ऋण दिएकै कारण र लगानी गरेकै भरमा पक्राउ परिने हो कि भन्ने त्रास धेरै छ। ढुक्क भएर लगानी गर्नुस्, केही परे हामी छौं भनेर सरकारले भनिदिनुपऱ्यो,' अर्थमन्त्रीसँगको भेटमा कोइरालाले भने।

बैंकका सीईओहरूमा त्रास फैलाउने इन्भेस्टमेन्ट मेगा बैंक र स्मार्ट टेलिकमको सम्पत्ति लिलाम प्रकरण पछिल्लो घटना हो। ऋणको राफसाफ गरेकै भरमा बैंकका सीईओ तथा सञ्चालक पक्राउ गर्ने गरी सरकारका काम कारबाही निरन्तर अघि बढेपछि बैंकिङ क्षेत्रका उच्च पदस्थ अधिकारीमा त्रास सिर्जना भएको कोइरालाको भनाइ छ। 'आर्थिक शिथिलताका कारण लगानी डुब्ने हो कि भन्ने भय लगानीकर्तामा हट्न नपाउँदै अहिले ऋण दिएकै भरमा सरकारको केरकार तथा पक्राउ झेल्नुपर्ने हो कि भन्ने सन्त्रास बैंकरहरूमा फैलिएको छ,' उनले थपे।

राष्ट्र बैंकको नियमन क्षेत्रभित्र रहेका बैंक तथा वित्त संस्थाको छानबिन प्रहरीलगायत अन्य निकायले गर्नु राम्रो नभएको राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा बताउँछन्। 'बैंक तथा वित्तीय संस्थामाथिको अनुसन्धानमा राष्ट्र बैंकबाहेक सरकारी निकायहरूले हात हाल्नु र त्यस्तो अवस्था आउनु राम्रो मानिँदैन,' उनले भने, 'अब राष्ट्र बैंकले यस्ता घटना भविष्यमा दोहोरिन दिनु हुँदैन। यो त राष्ट्र बैंक र त्यहाँका कर्मचारीको सुपरिवेक्षण तथा नियमन क्षमताको अपमान हो। आफूअन्तर्गतका संस्थामाथि यस्तो हुँदा राष्ट्र बैंक सुरक्षा कवच बन्न सक्नुपर्छ।'

पछिल्ला वर्षहरूमा यस्ता घटना बढिरहेकाले राष्ट्र बैंक थप बलियो र जिम्मेवार हुनुपर्ने थापाको सुझाव छ। 'विगतमा राष्ट्र बैंकले आफ्नो क्षेत्रमा रहेका बैंक तथा वित्तीय संस्थासम्बन्धी कैफियत आफूले सुल्झाउन सक्नेसम्म सुल्झाउने, सुल्झाउन नसकेका विषय राष्ट्र बैंकले उजुरी हालेर कारबाही गर्न लगाउने अभ्यास थियो,' उनले थपे, 'खासगरी कर्जा प्रवाहसम्बन्धी अनुसन्धान सुरुमा राष्ट्र बैंकले गर्ने र कैफियत देखिएपछि राष्ट्र बैंकको समन्वयमा अरूबाट हुनुपर्ने हो।'

प्रभु बैंकका पूर्वअध्यक्ष देवीप्रकाश भट्टचन र पूर्वसीईओ अशोक शेरचनलगायत कर्मचारी जोडिएको बैंकिङ कसुरमा सीआईबीले अनुसन्धान गर्नुअघि साउन २०८२ मा राष्ट्र बैंकले विशेष सुपरिवेक्षण गरेको थियो। सुपरिवेक्षणका क्रममा नउठेको ऋणमा नोक्सानी व्यवस्था गर्न लगाइए पनि तत्कालीन अध्यक्ष, सञ्चालक, सीईओ र कर्मचारीहरूलाई पक्राउ नै गर्नुपर्ने अवस्था राष्ट्र बैंकले देखेको थिएन। तर सीआईबीले अनुसन्धान गरेर ठूलै कैफियत देखायो। यस मुद्दामा भने प्रहरीले राष्ट्र बैंकबाट विज्ञता सहयोग लिएको थियो।

प्रभु बैंकको अनुसन्धानमा राष्ट्र बैंकबाट खटिएका उपनिर्देशक कृष्णशरण फुयाँल र उपनिर्देशक मणिराज श्रेष्ठले तयार पारेको प्रतिवेदनमा 'कम्पनीले आफ्नो कारोबार सञ्चालन गर्नका लागि सेयरधनी आफैंले रकम लगानी गरेको हिस्साभन्दा अन्य स्रोतबाट रकम परिचालन गरेको' देखिएको भनिएको छ।

स्मार्ट टेलिकममा ऋण लगानी प्रक्रियाबारे राष्ट्र बैंकले इन्भेस्टमेन्ट मेगा बैंकसँग स्पष्टीकरण सोधेको थियो। जसको प्रत्युत्तर बैंकले १४ वैशाखमा दिएको थियो। जसअनुसार इन्भेस्टमेन्ट बैंकको नेतृत्वमा प्राइम कमर्सियल बैंकले संयुक्त रूपमा (सहवित्तीयकरण) साविकका ऋणी स्मार्ट टेलिकमलाई ऋण दिएको थियो। सो कम्पनीका दूर सञ्चार सेवासँग सम्बन्धित विभिन्न उपकरण तथा सामग्री (जसमध्ये अधिकांश यस बैंकबाट खोलिएका प्रतीतपत्रमार्फत आयात गरिएका) 'हाइपोथिकेट' गरी आव २०७४/७५ देखि बैंकिङ कर्जा तथा सुविधा (अधिकांश प्रतीतपत्र सुविधा) उपलब्ध गराइएको बैंकले राष्ट्र बैंकलाई लेखेको पत्रमा भनिएको छ। बैंकले साविकका ऋणीसँग 'सम्पूर्ण मेसिनरी तथा औजारको हाइपोथिकेसन' तमसुक गरेको र तदअनुसार सुरक्षित कारोबार दर्ता कार्यालयमा नियमअनुसार बैंकको अधिकार दर्ता गरेको दाबी गरेको छ।

ऋण कर्जा उपलब्ध गराएको केही समयसम्म कर्जा असुली नियमित रहे पनि पछिल्लो समयमा साविकका ऋणीले बैंकलाई तिर्नु, बुझाउनुपर्ने रकम नतिरेपश्चात् बैंकले नियमअनुसार धितो लिलाम गरी ऋण असुली गरेको जनाएको छ। 'बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ समेतले दिएको अधिकार मुताविक असुली प्रक्रियास्वरूप २३ साउन २०८२ मा उक्त ऋणीका नाममा कर्जा चुक्ता गर्नेसम्बन्धी ३५ दिने सूचना प्रकाशित गऱ्यो,' पत्रमा भनिएको छ, 'दिइएको समयावधिभित्र साविकका ऋणीले कर्जा चुक्ता नगरेको तथा सुरक्षणस्वरूप रहेको सम्पत्ति लिलाम बिक्री गरी बैंकको लेना रकम असुल गर्नु भनी २० भदौ २०८२ मा उक्त ऋणी (स्मार्ट टेलिकम) लाई लिखित अनुरोध गरेको छ। त्यसपछि ३ असोज २०८२ मा आफ्नो रकम असुलीका लागि बैंकले १५ दिने लिलामसम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरेको छ।'

लिलामीसम्बन्धी सूचना प्रकाशनपछि तीन कम्पनीको आवेदन परेको र तीमध्ये कानुनअनुसार एनसेल छानिएकाले उसैले २० असोज २०८२ मा लिलाम खरिद गरेको बैंकले जनाएको छ। दुवै कम्पनी (बैंक र एनसेल) बीच खरिद-बिक्रीको सहमति भएपछि मात्र लिलामी सूचना निकालेको भने बैंकले स्वीकार गरेको छ। इन्भेस्टमेन्ट बैंकका सूचना अधिकारी प्रमोद आचार्य बैंकले लिलाम गर्नुअघि खरिदकर्ता खोज्नु सामान्य भएको तर्क गर्छन्। तर, प्रहरीले यसलाई नै मिलेमतो ठानेर अनुसन्धान गरिरहेको छ। 'खरिदकर्ता खोजिएन भने पत्रिकामा सूचना निकालेकै भरमा आवेदन पर्छ भन्ने हुँदैन। यो धितो लिलाम गर्दा गरिने सामान्य अभ्यास हो,' उनले भने।

सीआईबीले विसं २०७६ मा बैंक अफ काठमान्डु (बीओके) का तत्कालीन सीईओलगायत ११ कर्मचारीलाई पक्राउ गरेको घटनामा बैंक आफैंले ऋण प्रवाह प्रक्रियाबारे अनुसन्धान गर्न सीआईबीलाई आग्रह गरेको थियो। उच्च अदालतबाट बैंकका तत्कालीन सीईओसहित कर्मचारीहरूले सफाइ त पाए तर उनीहरूले हालसम्म पाएको दुःख र तनावको क्षतिपूर्ति कसरी हुन्छ भन्ने अन्योल रहेको मुद्दा खेपिरहेका एक तत्कालीन कर्मचारीको गुनासो छ। 'बैंकमा ऋण विभागमा काम गरेपछि तलदेखि उठेको फाइल (टिप्पणी) मा मातहतका सबै कर्मचारीबाट प्रमाणित (रुजु/हस्ताक्षर) ऋणको आकार र प्रकृतिअनुसार शाखा प्रबन्धकदेखि सीईओसम्मबाट स्वीकृति हुनुपर्छ,' ती कर्मचारीले भने, 'यति लामो प्रक्रियामा सबैको नियत खराब हुँदैन। तर प्रहरीले सबैलाई समान दोषी देख्छ। यसले मजस्ता धेरै कर्मचारीले अन्याय भोगिरहेका छन्।' यो मुद्दा सर्वोच्चमा विचाराधीन छ।

पूर्वगभर्नर चिरञ्जीवी नेपाल प्रहरीले अनुसन्धान गर्न पाउने भए पनि पछिल्लो समय बैंकरलाई अपराधीजस्तै गरेर धरपकड गर्नु ठीक नभएको बताए। 'बैंकिङ क्षेत्रलाई अपराधी तथा ज्यानमारालाई जस्तो गरी धरपकड गर्नु भएन। अध्ययन गर्ने र प्रमाणित भइसकेपछि मात्रै पक्राउ गर्नुपर्छ,' उनले भने, 'समाजमा उसको तेजोवध गर्दै जाने, खाता रोक्ने, सबै रोकेर अन्तिममा ऊ बेकसुर निस्कियो भने के गर्ने ? त्यसैले केन्द्रीय बैंकसँग समन्वय गरेर प्रहरीले बैंकिङ क्षेत्रका यस्ता आरोपमा गुपचुप अध्ययन गर्नुपर्छ।'

ऋण दिएकै भरमा पक्राउ गर्दा यसले आगामी दिनमा बैंकर ऋण दिनै डराउने स्थिति सिर्जना हुनेसमेत उनको भनाइ छ। सरकारीकरण हुन सक्ने आयोजनामा ऋण दिन बैंकहरू डराउने स्थिति सिर्जना हुँदा आगामी दिनमा झनै तरलताको समस्या सिर्जना हुने नेपाल बताउँछन्। 'बैंकिङ क्षेत्रमा त्यसै त कर्जा विस्तार भएको छैन, अब यो मुद्दाले ठूलो आयोजनामा कर्जा विस्तार हुने सम्भावना कम हुन्छ,' उनले भने, 'किनभने बैंकले कर्जा उठाउन पाउने अधिकार ऐनमै छ।'

त्यसो त बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १८ मा बैंकिङ कसुरका मुद्दा सरकारवादी हुने, दफा १९ मा प्रहरीले थुनामा राखी कारबाही गर्न सक्ने तथा अनुसन्धानका लागि विशेष टोली गठन गर्न सक्ने र दफा २० मा बैंक तथा वित्तीय संस्थाले सहयोग गर्नुपर्ने व्यवस्था छ। यही व्यवस्थाका आधारमा बैंकिङ कसुरका मुद्दाउपर अनुसन्धान भइरहेको सीआईबीका प्रवक्ता एवं एसएसपी अनुपमशमशेर जबराले कान्तिपुरलाई बताए। 'प्रहरीले राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था र व्यक्तिका उजुरीका आधारमा पनि बैंकिङ कसुरका मुद्दाउपर अनुसन्धान गर्छ,' उनले भने, 'त्यो अधिकार प्रहरीलाई बाफिया, बैंकिङ कसुर तथा सजाय ऐनलगायत धेरै ऐन कानुनले दिएका छन्।'

सरकारको स्वामित्वमा आएको स्मार्ट टेलिकम प्रालिको सम्पत्ति गैरकानुनी रूपमा लिलामी गरेको प्रकरणमा प्रहरीले कानुनबमोजिम नै अनुसन्धान सकेर प्रतिवेदन सरकारी वकिलको कार्यालय काठमाडौंलाई बुझाइएको प्रवक्ता जबराले बताए। 'कानुनबमोजिम नै अनुसन्धान सकेर हामीले बुझाएको प्रतिवेदनका आधारमा बुधबार मुद्दा दायर भएको छ। करिब ९५ अर्ब रुपैयाँ बिगो दाबी छ भने २२ जनालाई प्रतिवादी बनाइएको छ,' उनले भने।

यस मामिलामा नेपाल इन्भेस्टमेन्ट बैंक र एनसेल आजियाटा लिमिटेडको मिलेमतोमा गैरकानुनी रूपमा लिलामी गराएको निष्कर्षसहित ठगी, आपराधिक विश्वासघात तथा संगठित अपराध भएको प्रहरीको दाबी छ। बैंकिङ कसुरमा अनुसन्धान गर्दा त्यस क्षेत्रको नियामक निकाय राष्ट्र बैंकलाई जानकारी गराउनुपर्छ कि पर्दैन भन्ने कान्तिपुरको जिज्ञासामा प्रवक्ता जबराले भने, 'जानकारी नदिने भन्ने हुँदैन। बैंकिङ क्षेत्रको जानकारी भएका विज्ञ राष्ट्र बैंकबाटै ल्याउने हो। आवश्यकताका आधारमा जानकारी दिइएको हुन्छ।'

इन्भेस्टमेन्ट बैंक र स्मार्ट टेलिकमबीचको कर्जा असुली प्रक्रियाको अनुसन्धान भने सरकार (प्रधानमन्त्री कार्यालय) को निर्देशनमा भएको प्रहरी स्रोतले बतायो। यसका तीन आधार छन्- पहिलो, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र र पूर्वमहान्यायाधिवक्ता टंकमणि शर्माको संयोजकत्वमा गठित 'एनसेलको सेयर खरिद-बिक्री अध्ययन तथा छानबिन समिति २०८०' को प्रतिवेदन। दोस्रो, स्मार्ट टेलिकम भाडामा बसेको घरकी धनी उषा प्रधानले बैंकमार्फत भाडा असुली गरिपाऊँ भनी प्रहरीमा दिएको आवेदन। तेस्रो, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) को दफा १३ (च) विपरीत काम गरेको। सो दफामा बैंकले कर्जा प्रवाह, धितो मूल्यांकन, कर्जा असुली वा सो सँग सम्बन्धित कुनै पनि कार्यमा अनियमितता गरे, धितोमा लिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा गैरबैंकिङ सम्पत्तिका रूपमा स्वीकार गर्दा बनावटी मूल्य कायम गरे कसुर गरेको मानिने उल्लेख छ।

पूर्वमहालेखा परीक्षक टंकमणि शर्माको संयोजकत्वमा गठित अध्ययन तथा छानबिन प्रतिवेदनले पनि दूरसञ्चार सेवा प्रदायकहरूसँग बैंक तथा वित्तीय संस्थाले ऋण प्रवाह गरेको हकमा राष्ट्र बैंकले नै अनुसन्धान गर्नुपर्ने स्पष्ट सुझाव दिएको छ। प्रहरीको संलग्नता विषयमा भने केही बोलिएको छैन। 'नेपालका दूरसञ्चार सेवा प्रदायक कम्पनीहरू एनसेल आजियाटा स्मार्ट टेलिकम प्रालि, सुनिभेरा क्यापिटल भेञ्चर्स प्रालिलगायतलाई अस्वाभाविक रूपमा फन्डेड र ननफन्डेड कर्जा प्रवाह गरी वित्तीय जोखिम सिर्जना भएको देखिएको हुँदा बैंक तथा वित्तीय संस्थाहरूको हकमा नेपाल राष्ट्र बैंकबाट थप अनुसन्धान हुनुपर्ने,' प्रतिवेदनमा भनिएको छ।

त्यसो त राष्ट्र बैंकका अधिकारीहरू पनि प्रहरीले अनुसन्धान गरेका बैंकिङ कसुरका मुद्दामा आफूहरूलाई जानकारी हुने दाबी गर्छन्। 'धेरै मुद्दामा सीआईबीको अनुसन्धान टोलीमा राष्ट्र बैंकबाटै सम्बन्धित क्षेत्रका विज्ञ पठाइएको हुन्छ,' एक अधिकारीले भने, 'विज्ञ नगएको कतिपय अनुसन्धानमा प्रहरी र गभर्नरसहित उच्च अधिकारीहरूबीच छलफल भएकै हुन्छ। तर त्यो छलफल अनौपचारिक हुन्छ।' प्रहरीले गरिरहेको अनुसन्धानमा राष्ट्र बैंक अनभिज्ञ भन्न नमिल्ने ती अधिकारीको दाबी छ।

बैंक तथा वित्तीय संस्थाले कर्जा दिएको हकमा अनुसन्धान गर्नुपरे प्राथमिक दायित्व राष्ट्र बैंककै हुने राष्ट्र बैंककी सहप्रवक्ता सुधा देवकोटाले बताइन्। 'पहिले हेर्ने काम राष्ट्र बैंकको हो तर कतिपय अवस्थामा सिधै प्रहरीकहाँ उजुरी परेका हुन्छन् अथवा सरकारवादी अरू मुद्दा पनि कर्जा लेनदेनसँग जोडिएका हुन्छन्। यस्तो अवस्थामा प्रहरीले पनि अनुसन्धान गर्छ। त्यस्तो बेला राष्ट्र बैंकसँग पर्याप्त समन्वय हुन्छ।'

इन्भेस्टमेन्ट मेगा बैंकले स्मार्ट टेलिकमलाई ऋण प्रवाह गर्दा धितोमा रहेको सम्पत्ति लिलाम प्रक्रिया विवादबारे राष्ट्र बैंक जानकार रहेको उनले बताइन्। 'इन्भेस्टमेन्ट मेगा बैंकले स्मार्ट टेलिकमको धितो लिलाम विषयमा राष्ट्र बैंकले कानुनी परामर्श लिइरहेको छ,' उनले थपिन्।

# रोल्पामा बस्ती...

रातभर उद्धार प्रयास भइरह्यो, प्रहरीले दुई जनाको शव फेला पाऱ्यो। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक कृष्ण श्रेष्ठका अनुसार घटनास्थलमा बिहीबार बिहानैदेखि प्रहरी परिचालित भयो। प्रहरीसँगै नेपाली सेना, सशस्त्र प्रहरी बल र स्थानीयवासी गरेर ठूलो संख्यामा उद्धार टोली खटियो। बिहीबार बेलुकीसम्म पहिरोमा पुरिएकाहरूको शव निकाल्न र पहिचान गर्न प्रहरीलाई हम्मेहम्मे नै छ। घरसमेत पुरिएकाले उद्धार गर्न झनै मुस्किल भएको घटनास्थल पुगेका रोल्पाका प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीले बताए।

पुरिएर बेपत्ता भएका १३ जनामध्ये ५ जनाको शव खोलाले बगाएर प्यूठानमा पुऱ्याएको प्रहरीले जनाएको छ। पहिरोमा पुरिएकाहरू ५ वर्षदेखि ८५ वर्षसम्मका ८ पुरुष र ५ महिला छन्। बस्ती नै बगाएर गएको पहिरो नाङबाङ खोलामा मिसिएको छ। प्रमुख जिल्ला अधिकारी क्षेत्रीका अनुसार बिहीबार साँझसम्म पहिरोमा परेर बेपत्ता भएकामध्ये १० जनाको शव भेटिएको छ। तीन जनाको यकिन हुन सकेको छैन। घटनास्थलमा ५ जना र प्यूठानमा ५ जनाको शव फेला परेको हो। तीन जना बेपत्ता छन्।

घटनास्थलमा शव भेटिएका ५ जनामा १८ वर्षीया शान्ति पुन मगर, ६० वर्षीय कमलबहादुर पुन मगर, ८० वर्षीया मनरखी पुन मगर, ७५ वर्षीय डलबहादुर पुन मगर, ८५ वर्षीया हस्तकला रोका मगर छन्। रोल्पाको लुंग्री खोला र प्यूठानको माडी नदीको विभिन्न स्थानमा थप पाँच जनाको शव फेला परेको थियो। तीमध्ये ३८ वर्षीया जुनकुमारी पुन, ९ वर्षीय असिम पुन र ५ वर्षीय अशोक पुनको पहिचान खुलेको छ भने दुई जनाको पहिचान हुन बाँकी रहेको प्रमुख जिल्ला अधिकारी क्षेत्रीले बताए।

पहिरोमा परी गम्भीर घाइते भएका २२ वर्षीय हिमाल पुन मगर र २५ वर्षीय सञ्जय घर्ती मगरलाई प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरमा उपचारपछि थप औषधोपचारका लागि प्रादेशिक अस्पताल बुटवल लगिएको छ। पहिरोले ९ वटा घर, १ घुम्ती पसल, २ वटा गोठ र १ वटा चर्च पुरिएको जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी प्रहरी निरीक्षक कृष्ण श्रेष्ठले बताए।

पहिरोमा पुरिएका पशुचौपायाको संख्या र अन्य क्षतिको गणना नै हुन नसकेको स्थानीयले बताए। पहिरोमा परेर ज्यान गुमाएका एकै परिवारका चार जनासम्म छन्। पहिरोभित्रै ज्यान गुमाएकामा कमलबहादुर पुन, उनकी एक छोरी र दुई नाति छन्। यस्तै दलबहादुर पुनले आफूसहित श्रीमती र नातिनी शान्तिलाई गुमाएका छन्। लीलबहादुरकी श्रीमती पनि पहिरोमा विलिन भइन्। एक्लै बस्दै आएका ८० वर्षीय अजम्बर पुन र ८५ वर्षीया हस्तकला रोका मगर पनि पहिरोमा पुरिएका हुन्। परिवारमा अन्य सदस्य नभएका अजम्बर त्रिपालको छानो भएको ढेब्लीमा बस्थे। हस्तकला पनि एक्लै थिइन्। उनी नेपाल मगर संघका पूर्वअध्यक्ष एवं एमाले नेता नवीन रोका मगरकी आमा थिइन्।

घटनास्थल पुगेका रोल्पाका प्रहरी प्रमुख पञ्चकुमार बाखुले पहिलादेखि नै उक्त बस्ती पहिरोको जोखिममा रहेको र असुरक्षित रूपमा बसोबास गरेका कारण मानवीय क्षति भएको बताए। प्रमुख जिल्ला अधिकारी क्षेत्रीले मृतकका परिवारका अन्य सदस्यहरू कोही पोखरा, मुस्ताङ र मुलुकबाहिर रहेको बताए। 'पहिरोमा पुरिएकाहरूका आफन्तमध्ये कोही गोठमा र कोही जिल्लाबाहिर भएको पाइयो, बस्तीको अवस्थाबारे सतर्कता अपनाउन नसक्दा यस्तो विपत्ति आयो,' प्रजिअ क्षेत्रीले भने, 'नजिक भएकालाई शव बुझ्न आफन्तलाई बोलाएका छौं।'

●●●

घटनापछि कोटलबारादेखि मुनिको पक्की पुलसम्मको बस्ती भग्नावशेष जस्तो बनेको छ। पहिरोमा पुरिएको गाउँ कोटलबारा त्यति धेरै पुरानो बस्ती होइन। उवाको माथिल्लो भाग भिरालो र उकालो भएकाले कतिपयले बेंसी जस्तो त्यस स्थानमा नयाँ बस्तीका रूपमा बसोबास गरेका थिए। स्थानीयका अनुसार त्यहाँ बढीमा २० वर्षअघि मात्र बसोबास सुरु भएको हो।

'यहाँ पुन मगर र घर्ती मगर समुदायका परिवार मात्रै बसोबास गर्थे। उनीहरू माथिल्लो गाउँबाट आएका थिए,' स्थानीय ढुकमन रोका मगर भन्छन्, 'बेंसी जस्तो र मिलेको ठाउँ भएकाले सुन्दर गाउँ बनेको थियो।' कोटलबारामा साबिकका १, ४ र ५ वडाका बासिन्दा नै आएर बसेका थिए। गाउँबाट करिब १ किलोमिटर माथि रहेको ग्यार्पी भन्ने स्थानबाट पहिरो खसेको थियो। उक्त लेदो सुरबाङ हुँदै कोटलबारा गाउँसम्म आएको हो।

कोटलबारा गाउँको माथिल्लो भाग हुँदै सुलिचौरदेखि थबाङ पुग्ने सडक निर्माण गरिएको थियो। २०७५/७६ तिरै सडक खन्ने क्रममा डोजरको प्रयोग भएको, किनारमा माटो थुपारिएको र अत्यधिक वर्षाले लेदोसहितको पहिरो खसेर विपत्ति आइपरेको स्थानीयको बुझाइ छ। सडक निर्माण गर्दा निस्केको माटो जथाभाबी फालेका कारण गाउँभन्दा माथिको जमिन कमजोर र जोखिममा परेको थबाङ-४ का वडाध्यक्ष हिक्मतसिंह घर्तीले पनि बताए।

२०७३ मा उवा बेंसीमै पहिरो खस्दा स्थानीय नन्दे पुनको घर पुरिँदा उनका परिवारका सदस्यले ज्यान गुमाएका थिए। त्यसबेला नन्दे विदेशमा भएकाले पहिरोमा घर पुरिँदा उनकी श्रीमती र दुई छोराले ज्यान गुमाएका थिए। उवा क्षेत्र पहिरोको उच्च जोखिममा छ। दुई दशकअघि उवाको ठूलो गाउँमा ठूलो क्षति पुऱ्याउने गरी पहिरो खसेको थियो।

स्थानीय उवा माविका व्यवस्थापन समितिका पूर्वअध्यक्षसमेत रहेका ढुकमन रोका मगरले पहिरो साजङ गाउँभन्दा माथिको ग्यार्बी भन्ने स्थानबाट आएको बताए। साजङ गाउँ पहिरो आएको स्थानभन्दा पश्चिममा पर्छ। उक्त गाउँ पनि पहिरोको उच्च जोखिममा छ।

पूर्वी रोल्पाको सुलिचौरदेखि उवा हुँदै थबाङ पुग्ने सडक त्यसै गाउँबाट खनिएकाले माटोको थुप्रो बन्दा लेदोसहितको पहिरो खसेको थबाङ-५ का कावा अध्यक्ष बुद्धि घर्तीले बताए। कोटलबारा गाउँमा करिब २० वर्षअघि पनि ठूलो पहिरो खसेको थियो। त्यतिबेला जस्तै यो पटक पनि पहिरो नाङबाङ खोलामा मिसिएको हो। पहिरोले अन्य धेरै गोठ जोखिममा भए पनि बेपत्ताको खोजी गर्ने काम नसकिएकाले त्यसतर्फ ध्यान दिन नसकिएको कावा वडाध्यक्ष घर्तीले बताए। 'बिहीबार दिनभरजसो पानी पर्दा बेपत्ताको खोजीमै सकस भयो, रातिको समय खोजीको काम रोकेका छौं,' उनले भने।

**PROCUREMENT NOTICE**

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

UNDP Nepal is soliciting proposals from interested organisations/firms/companies to provide the following services:

| | |
|---|---|
| Reference No.: | Request for Proposal – UNDP/RFP/29/2026 (UNDP-NPL-00710) |
| Project/Agency: | Advancing Civic Engagement for Democratic Participation Project |
| Purpose: | Intergenerational Policy Dialogue Series on Youth Civic Engagement in Sudur Pashchim Province |
| Deadline for bid submission: | 01 September 2026, 5:00 PM Nepal Time |
| Weblink: | https://www.undp.org/nepal/procurement |
| Who can apply: | National/International organisations/firms/companies |
| How to apply: | As per the instructions in the detailed bidding document. |



# कप्तान परिवर्तन अहिलेको आवश्यकता हो

● **पारस खड्का,** सचिव, नेपाल क्रिकेट संघ

एकदिवसीय अन्तर्राष्ट्रियमा लगातार हारको शृंखलापछि नेपाली क्रिकेट टोलीका कप्तान रोहित पौडेलले आफ्नो पद गुमाइसकेका छन् । ४ महिनाको दौरानमा नेपाली क्रिकेटमा आएको यो दोस्रो ठूलो परिवर्तन हो । यसअघि रोहितको स्थानमा दीपेन्द्रलाई नेपालको टी-२० टोलीको कप्तान बनाइएको थियो । यसै प्रसङ्गमा नेपाल क्रिकेट संघका सचिव एवं पूर्वकप्तान **पारस खड्का**सँग कान्तिपुरका लागि **सविना कार्की**ले गरेको कुराकानीको सम्पादित अंश :

**सिधै कप्तान परिवर्तनको प्रसङ्गबाट सुरु गरौं, रोहित पौडेलको स्थानमा सन्दीप लामिछानेलाई कप्तान बनाइएको छ, क्यानको क्षेत्रबाट हेर्दा यो निर्णय किन लिइयो र यसको पछाडि कारण के थियो होला ?**

पछिल्लो ५ वर्षदेखि संवेदनशील परिस्थितिबाट रोहित पौडेल जब कप्तान भए, उनले गजबको नेतृत्व गरे । कप्तानीको मूल्यांकन गर्ने धेरै आधार हुन्छ । तर उनले जतिसक्दो क्षमता, इमानदारिता, कार्यशैलीको हिसाबमा टिमलाई अगाडि बढाए, त्यसका लागि नेपाल क्रिकेट संघ, क्रिकेट समर्थक, सरोकारवाला र व्यक्तिगत रूपमा यसमा गर्व गर्न सकिन्छ । तर परिवर्तन जहिले पनि हुने गर्छ, यसमा समयसन्दर्भ हुन्छ । परिवर्तन सहीका लागि भयो वा गलतका लागि भयो, त्यसको मूल्यांकन भविष्यले देखाउला । अहिलेलाई क्यानलाई लाग्यो कि कप्तानीले उनको ब्याटिङमा पनि एकदमै असर गरेको, त्यसबाहेक ५ वर्ष (४ वर्ष) कप्तानी गरिसकेपछि उनलाई स्वतन्त्र भएर खेल्न दिन खोजेका हौं । त्यो सँगसँगै नेतृत्वमा जुन परिवर्तन भएको छ, त्यो परिवर्तनबाट नयाँ दिशाबाट क्रिकेट खेल्न सकिन्छ । क्रिकेट विश्वकप लिग २ मा हामी त्यति राम्रो स्थानमा छैनौं । नेदरल्यान्ड्समा यो चारवटा म्याच हारेर क्यानले अहिले कप्तान परिवर्तन गरेको होइन, यो पाइपलाइनमै थियो । यसबारेमा हाम्रो छलफल भइरहेको थियो । हामीले सहायक प्रशिक्षक, व्यवस्थापक, सपोर्ट स्टाफ, जो खेलाडी टिममा छन्, जो टिमबाहिर छन्, छनोट समिति सबैको क्रिकेट बोर्डमा छलफल गरेर यो निर्णय लिएका हौं । रोहितको योगदानलाई सम्मान गर्दै यो परिवर्तन गर्ने निर्णय गरेका हौं, उनले अझ धेरै क्रिकेट खेल्न र योगदान बाँकी नै छ । कप्तानी परिवर्तन अहिलेको समयको आवश्यकता हो ।

**कप्तान परिवर्तन गर्ने बेला रोहित पौडेलसँग पनि कुरा गर्नुभयो होला, उनको के भनाइ थियो ?**

म यसमा आफ्नै उदाहरण हो । घोषणा हुनुअघिसम्म म कप्तान हुँदैछु भनेर मलाई कसैले भनेका थिएनन् । विनोद दासलाई परिवर्तन गरेर म कप्तान बन्दा पनि उहाँलाई थाहा थिएन कि कप्तानबाट हटाइँदै छ भनेर । तर हामीले सकेसम्म छलफल गरेका छौं, टी-२० को कप्तान परिवर्तन गर्दा पनि रोहितलाई खबर गरेका थियौं । त्योसँगै दीपेन्द्रसिंह ऐरीलाई पनि कप्तानीबारे भनेका थियौं । अहिले हामीले व्यवस्थापन टोलीबाट कप्तानीमा परिवर्तन आइरहेको छ भनेर रोहितलाई जानकारी गराएका थियौं । व्यक्तिगत रूपमा मैले पनि उनलाई मेसेज पठाएको थिएँ । क्यानअन्तर्गत व्यवस्थापन जुन छ, त्यसमा विभिन्न तहहरू छन् । ती तहहरूमा बसेर हामीले रोहितले गरेको योगदान कदर गरेका छौं र गर्ने पनि छौं । यो सँगसँगै क्रिकेटमा कप्तानी महत्त्वपूर्ण हुन्छ, त्यसले मात्र क्रिकेट खेल्ने होइन, कप्तान भएसँगै टिममा पनि परिवर्तन आएका छन् । त्यसमा छनोट समितिलगायत सबै सरोकारवाला बसेर के मनन गऱ्यौं भने क्रिकेट खेलिरहेका छौं, तर जसरी अगाडि बढ्नुपर्ने हो, त्यो भएन । हामी कतै अड्डिरहेजस्तो भएको छ । टी-२० मा हामीले राम्रो गरेका छौं, घरेलु मैदानमा हाम्रो ट्र्याक रेकर्ड गजब छ । सन् २०२० देखि २०२६ सम्म घरेलु मैदानमा खेलिएको ट्र्याक रेकर्ड हेर्ने हो भने अविश्वसनीय छ । घरेलु मैदानमा हामी जहिले पनि बलियो हो, नेपालबाहिर संघर्ष गर्दै आएका छौं । केही निश्चित भ्रमणमा एकदमै राम्रो भएको छ, केहीमा राम्रो भएको छैन । रोहितको कप्तानीमा नेपालले एसिया कप, विश्वकप पनि खेलेको छ । यो समयमा यही १५-२० जनाले खेलिरहेका छन् । को टिममा पर्छन्, को पर्दैनन्, हामीले कहिले हस्तक्षेप गरेका छैनौं । त्यसमा छनोट समिति स्वतन्त्र छ । क्रिकेट अप्रेसन म्यानेजरहरू हुनुहुन्छ, सबैसँग राय सल्लाह लिएर एउटा निर्णय गरिन्छ, त्यसको यो एउटा प्रोसेस हो । अब हामी यहाँबाट अगाडि बढ्नुपर्छ । नेपाल क्रिकेट व्यक्तिगतभन्दा ठूलो हो । एउटा क्रिकेटरका म संघमा आउँदा धेरैले यसको श्रेय मलाई दिनुहुन्छ । तर मैले गर्ने कार्य संस्थाको काम हो । यसमा पारस खड्का व्यक्तिले केही गरेको होइन । ठूलो संस्थालाई अगाडि बढाउने कुरामा कप्तान परिवर्तन यी उद्देश्यले गरेको होइन । अहिले हामीले सन्दीप लामिछानेलाई कप्तान बनाएका छौं, त्यसपछिको नेतृत्व कसले गर्न सक्छ भनेर यी विषय समेट्दै यो निर्णय गरेका हौं ।

> कप्तान भनेको टिम लिड गर्नेमात्र होइन, सकेसम्म उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी पनि हुनुपर्छ, कप्तानले टिमभित्र आफ्नो सम्मान पनि बनाउनुपर्छ

**तपाईंले संघले हस्तक्षेप गर्दैन भन्नुभएको छ, तर अलि-अलि आरोपहरू पनि आउने गर्छ कि तर कप्तान परिवर्तनमा संघ अलिक हाबी भयो भनेर । छनोट समिति छ कि छैन भन्ने प्रश्नहरू पनि देखिन्छन्, यो सक्रिय छ र अहिले ?**

छनोट समितिको विषयमा एलबी क्षेत्रीले टी-२० विश्वकपअघि राजीनामा दिनुभएको हो । छनोट समितिमा बाँकी दुई जना युनिल श्रेष्ठ र मुर्तजा हवारीले प्रत्येक पटक प्रशिक्षक र कप्तानसँग सल्लाह गरेर टिम छनोट गर्नुभएको छ । झन्डै ९७-९८ प्रतिशत प्रशिक्षक र कप्तानले भनेकै टिमलाई छनोट गरिएको छ । तर कप्तान छान्दा छनोट समितिले मात्र छानेर हुँदैन । यसमा क्रिकेट अप्रेसन टिम, छनोट समिति सबैको राय सल्लाह लिएर त्यो खाकालाई आधार बनाएर क्रिकेट संघमा बसेर छलफल गरी कप्तान त्यसरी परिवर्तन गरिन्छ । इतिहासदेखि नै कप्तानको निर्णय क्रिकेट संघले गरेको छ, तर खेलाडी छनोटको विषय छनोट समितिले गर्छ । म १० वर्ष कप्तान हुँदादेखि नै छनोट समितिले प्रशिक्षक र कप्तानसँग सल्लाह गरेर टिम छान्ने गर्दथ्यो । टी-२० मा पनि नयाँ कप्तान बनाउँदा पनि संघमै छलफल गरेका थियौं ।

**दीपेन्द्रसिंह ऐरी एकदिवसीयको उपकप्तान थिए, टी-२० को कप्तान पनि भइसकेका थिए । रोहित कप्तानबाट परिवर्तन हुने अनुमान भइरहँदा दीपेन्द्रलाई नै कप्तानी दिइन्छ कि भन्ने थियो । किन सन्दीप लामिछानेलाई कप्तान बनाइयो, टी-२० र एकदिवसीयमा फरक कप्तान बनाउनलाई हो ?**

नेपाली क्रिकेटमा प्रतिस्पर्धा बढेको छ, जब १४ जनाको टिम छानिन्छ । त्यसपछि प्रशिक्षक र कप्तानले कस्तो प्लेयिङ ११ छान्ने निर्णय गर्छन् । मैदानमा खेलाउने प्रशिक्षक र कप्तानले नै हो । पछिल्लो ३ वर्षमा एउटै खेलाडीहरूले खेलिरहेका थिए । घरेलु क्रिकेटमा प्रदर्शन गर्ने खेलाडीलाई जसरी नेपाली क्रिकेटले लगानी गरिरहेको छ, ग्रासरुट क्रिकेट बलियो बनाउनुपर्छ भनेर, त्यस हिसाबमा नयाँ खेलाडीहरूले एकदमै कम अवसर पाएका छन् । प्रतिस्पर्धा बढिरहेको समयमा खेलाडीको संख्या धेरै छ । नेपालका लागि खेल्नु गौरवको विषय हो, त्यसका लागि प्रतिस्पर्धा बढ्नु जरुरी छ । व्यावसायिक क्रिकेटमा यदि रन बनाउनुहुन्न, विकेट लिनुहुन्न भने त्यो खेलाडी बाहिर बस्नैपर्छ । प्रत्येक भ्रमणमा ५-७ जना परिवर्तन हुन्छ भन्ने पनि हुँदैन । एसीसी प्रिमियर कप र नेपाल 'ए' का लागि अहिलेलाई दुई टिम छानिएका छन्, त्यो छनोट समितिले नै गरेको हो । दुई फरक कप्तान छान्नुको कारण दुई फरक संरचनामा दुई फरक कप्तान चाहेका थियौं । दीपेन्द्र र सन्दीप हाम्रा दुई महत्त्वपूर्ण खेलाडी हुन् । कप्तान भने टिम लिड गर्नेमात्र होइन, सकेसम्म उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी पनि हुनुपर्छ । कप्तानले टिमभित्र आफ्नो सम्मान पनि बनाउनुपर्छ । दुई कप्तानहरूबाट खेलाडी छनोट भयो भने धेरै खेलाडीले अवसर पनि पाउँछन् ।

**नेपालको एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता अलिक अप्ठ्यारो मोडमा नै छ, नेपालसँग लिग २ को चार खेलमात्र बाँकी रहेको छ । क्यानले पनि छनोटमा ठूलो निर्णय गरेको छ, के हामी एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता यही सर्कलबाट जोगाउन सक्छौं ?**

चार खेल बाँकी छ । एकदिवसीय क्रिकेट सजिलो छैन । त्यो किनभने यही साइकलमा पनि जित्नपर्ने ४-५ वटा खेल झिनो अन्तरले हारेका छौं । त्यसैले हाम्रो टोली खराब छैन, यो पनि होइन अरू टोली कमजोर छन् । निश्चित दिनमा जो-कोहीले कसैलाई हराउन सक्छन् । अहिलेलाई एकदिवसीय अन्तराष्ट्रिय मान्यता महत्त्वपूर्ण छ । दुई साइकल हामीले एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता बल्लतल्ल बचाएका छौं । हामी अहिलेसम्म नेपाल क्रिकेट व्यवस्थापनमात्र गरिरहेका छौं । नेपाल क्रिकेट विकास चरणमा छिरेकै छैन । नेपाल क्रिकेट विकास गर्ने हो भने गृहकार्य अझै बाँकी छन् । चारवटा म्याचको नतिजा एकातिर छ, प्लेअफ खेल्नैपर्ने अवस्थामा छौं । परिवर्तन गर्नु छ भने अहिलेदेखि नै हाम्रो नयाँ खेलाडीलाई हेर्नुपर्छ, के त्यसका लागि उनीहरू तयार छन् भनेर । घरेलु क्रिकेटभन्दा अन्तर्राष्ट्रिय क्रिकेट एक स्थान माथिल्लो स्तरको हुन्छ । एसियन र एकदिवसीयको फेरि अर्कै स्तर छ । त्यही भएर अहिले हामी नयाँ टिम निर्माणमा जुटेका हौं । कप्तान परिवर्तन गर्ने निर्णय हामीले १६ वटा खेलअघि पनि लिन सक्थ्यौं । एसोसिएटमा हामी नम्बर एक टोली बन्ने भनिरहेका त छौं, तर ट्वान्टी-२० मा मात्र राम्रो खेल्न सकेका छौं । नयाँ खेलाडीहरूलाई एक्सपोजर दिनुपर्छ भनेर यो निर्णय गरेका छौं । केही खेलाडीलाई आराम गर्न दिएका छौं ।

## दसौं राष्ट्रिय खेलकुद मंसिरमा

काठमाडौं (कास)- दसौं बृहत् राष्ट्रिय खेलकुद अब १६-२९ मंसिरसम्म हुने नयाँ मिति तय गरिएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) को बिहीबार बसेको १२५ औं बोर्ड बैठकले कर्णाली प्रदेशमा हुने दसौं राष्ट्रिय खेलकुदको मिति तय गरेको हो ।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकार बनेपछि परिषद्को बोर्ड बैठक पहिलो पटक बसेको हो । राखेपका अध्यक्ष शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा बसेको परिषद् बोर्ड बैठकले दसौं राष्ट्रियसँग प्रथम राष्ट्रिय पारा खेलकुद आयोजना गर्ने निर्णय पनि गरेको छ । पारा राष्ट्रिय खेलकुद १५ पुसेदेखि हुनेछ ।

जापानको आइची/नागोयामा हुने २० औं एसियाली खेलकुदमा भाग लिने खेलाडी र अफिसियलको नामावलीलाई बैठकले अनुमोदन गरेको छ ।

गण्डकीमा २०७९ सालमा सम्पन्न नवौं राष्ट्रिय खेलकुदको समापनका क्रममा दसौं संस्करण आयोजनाका लागि कर्णालीले झण्डा पाएको थियो । २०८१ को २-९ मंसिरसम्म दसौं राष्ट्रिय खेलकुद गरिने भनिएको थियो । तर आवश्यक पूर्वाधार निर्माणलगायतका काम पूरा नभएपछि उक्त मितिमा प्रतियोगिता हुन सकेन । त्यसपछि दुई पटकसम्म मिति घोषणा भए पनि प्रतियोगिता आयोजना हुन सकेको थिएन ।

परिषद् बोर्ड बैठकलाई राखेप अध्यक्ष पोखरेलले दसौं राष्ट्रिय खेलकुद सफल बनाउन सम्पूर्ण पक्ष एकताबद्ध भई लाग्न आह्वान गरेका थिए । बैठकमा शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चूडामणि पौडेल, परिषद्का उपाध्यक्ष बिशाल श्रेष्ठ, प्रदेश खेलकुद परिषद्का सदस्य-सचिवहरू, राखेप बोर्ड सदस्यको उपस्थिति थियो । बैठकमा राखेपका निमित्त सदस्य-सचिव रामचरित्र मेहताले विषयवस्तु प्रस्तुत पेस गरेका थिए ।

# पीएसजीको महत्त्वाकांक्षा बढ्दो




साल्सबर्ग (एएफपी)- पेरिस सेन्ट जर्मेन (पीएसजी) ले बुधबार नयाँ सिजनको पहिलो उपाधिका रूपमा यूईएफए सुपर कप जितेको छ । पीएसजीले युरोपेली क्लब फुटबलमा आफ्नो प्रभुत्व कायम राख्ने क्रममा एस्टन भिल्लालाई २-१ ले हराएको हो । टोलीले यूईएफए सुपर कपको उपाधि रक्षा गरेको छ ।

फ्रान्सेली च्याम्पियनका लागि ख्विचा क्वारात्स्खेलिया र डिजायर डोउले प्रत्येक हाफमा एक-एक गोल गरे । भिल्लाबाट ब्रायन मोड्जोले एक गोल गरे । यसक्रममा यी युवा खेलाडीले सानदार डेब्यु रह्यो । मोड्जो १७ वर्षका मात्र भए । उनी यूईएफए सुपर कपमा गोल गर्ने सबैभन्दा कान्छा खेलाडी भएका छन् ।

पीएसजीले एक वर्ष अगाडि अर्को इंग्लिस प्रिमियर लिग क्लब टोटनहमलाई हराएर यूईएफए सुपर कपको उपाधि जितेको थियो । यो च्याम्पियन्स लिग र युरोपा लिग विजेताबीचको भिडन्त हो । अहिलेको सफलतासँगै पीएसजीको महत्त्वाकांक्षा पनि बढेको छ । पीएसजीले पछिल्ला दुई सिजन लगातार च्याम्पियन्स लिग जितेको थियो ।

अब प्रशिक्षक लुइस एनरिकेले तेस्रोपल्ट च्याम्पियन्स लिग जित्ने योजना रहेको बताएका छन् । भिल्लालाई हराएयता प्रशिक्षक एनरिकेले भने, 'हामीले पछिल्लो दुई सिजन लगातार च्याम्पियन्स लिग जितेका छौं । त्यसैले हाम्रो लक्ष्य तेस्रोपल्ट यही प्रतियोगिता जित्ने रहनेछ ।'

उनले थपे, 'यो काम आफैंमा सजिलो भने हुन्न । कसैले हाम्रो योजनाबारे सुन्दा केही बढी बोले जस्तो सुन्न सकिन्छ । तर यो नै हाम्रो लक्ष्य हुनुपर्छ ।' एनरिकेले पीएसजीका लागि जितेको उपाधि संख्या १३ पुगेको छ । त्यसमा तीन तीन लिग-वान र कोपा डे फ्रान्स उपाधि रहेको छ । उनले तीनपल्ट फ्रेन्च सुपर कप पनि जितेका छन् ।

उनले थपे, 'यो जित र टिमको प्रदर्शनमा मलाई कुनै आश्चर्य छैन, किनभने हाम्रो टिम आफैंमा उत्कृष्ट छ । खेलाडीहरू माथिल्लो दर्जाका छन् । तर अहिलेको जित आफैंमा सहज भने रहेन, किनभने हामीले नयाँ सिजनका लागि धेरै अभ्यासको मौका पाएनौं, १० दिनको अभ्यासपछि यो खेल खेलेका हौं ।'

## इन्फान्टिनोको समर्थनमा अरब देश

जुरिच (एपी)- ६ अरब फुटबल महासंघका प्रमुखले बिहीबार अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) का अध्यक्ष जियानी इन्फान्टिनोप्रति आफ्नो पूरा समर्थन र विश्वास रहेको जनाएका छन् । विश्वकपमा निजी लगानी भित्र्याउने योजना तुहिएपछि इन्फान्टिनो आफ्नो पद जोगाउन संघर्षरत छन् ।

इन्फान्टिनोलाई समर्थन गर्नेमा सन् २०३० को सह-आयोजक मोरक्कोसँगै कतार, इजिप्ट, मोर्टेनिया, लेवनान र सुडान छन् । त्यसमध्ये चार देश फिफा काउन्सिलको सदस्य छन् । यी संघले निकालेको संयुक्त प्रेस विज्ञप्तिमा भनिएको छ, 'हामी सबै इन्फान्टिनोप्रति समर्थन व्यक्त गर्छौं र उनीमाथि पूर्ण विश्वास रहेको बताउन चाहन्छौं ।'

उनीहरूले इन्फान्टिनोको नेतृत्वमा विश्व फुटबलको अझ विकास हुने विश्वास पोखेका छन् । विज्ञप्तिमा भनिएको छ, 'इन्फान्टिनोले विश्वस्तरमै फुटबल विकासमा जसरी योगदान दिइरहेका छन्, त्यसले यो खेल विस्तार मात्र भएको छैन, यसले समुदाय र आम मानिसलाई एकजुट हुन पनि सहयोग गरेको छ ।'

कतार र लेवनानले इन्फान्टिनोलाई समर्थन गर्ने क्रममा एसियाली फुटबल महासंघ (एएफसी) नीतिको विरोधमा आफ्नो मत राखेको छ । त्यसअघि इन्फान्टिनोलाई मोरक्को र कतारसँगै यूएईले पनि समर्थन गरेको बताइएको थियो । फिफा काउन्सिल सदस्यमा कतार, इजिप्ट, मोरक्को र मोर्टेनिया रहेको छ ।

# महिला भलिबल लिगमा सुदूरपश्चिमको प्रवेश






काठमाडौं (कास)- एभरेस्ट महिला भलिबल लिगले तेस्रो संस्करणका लागि सुदूरपश्चिम रोयल वारियर्सलाई नयाँ फ्रेन्चाइज टोलीको रूपमा भित्र्याएको छ ।

आयोजक एभरेस्ट महिला भलिबल लिग (ईडब्लूभीएल) ले बिहीबार विज्ञप्तिमार्फत सुदूरपश्चिम रोयल वारियर्सको सहभागिताले नेपालमा व्यावसायिक महिला भलिबलको राष्ट्रिय पहुँचलाई थप विस्तार गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरेको छ ।

यस फ्रेन्चाइज टोलीको स्वामित्व श्रीमती उमा गौतम भण्डारी, सन्जिप शाही र कुमार भण्डारीको रहेको छ ।

वारियर्सले सुदूरपश्चिमको प्रतिभा, भलिबलप्रतिको उत्साह र खेलकुद क्षमतालाई प्रतिनिधित्व गर्दै ग्रामीण, दुर्गम र अवसरबाट वञ्चित समुदायका महिला खेलाडीका लागि थप अवसर सिर्जना गर्ने लक्ष्य राखेको छ ।

टिमका सन्जिव शाहीले भलिबलप्रतिको अपार प्रतिभा र उत्साह हुँदाहुँदै पनि सुदूरपश्चिमले नेपालको महिला भलिबल लिगमा हालसम्म आफ्नै फ्रेन्चाइज टोलीमार्फत प्रतिनिधित्व गर्न नपाएको अवस्थामा सुदूरपश्चिम रोयलले यसलाई परिवर्तन गर्न चाहेको बताए । उनले ग्रामीण र दुर्गम क्षेत्रका प्रतिभाशाली महिला खेलाडी पहिचान र विकास गर्दै उनीहरूलाई व्यावसायिक मञ्च प्रदान गर्ने लक्ष्य रहेको बताए ।

एभरेस्ट महिला भलिबल लिगकी प्रमुख कार्यकारी अधिकृत स्नेभी चापागाईंले तेस्रो संस्करणमा सुदूरपश्चिम रोयल वारियर्सलाई स्वागत गर्न पाउँदा गौरवान्वित हुने बताइन् । उनले उत्साही र प्रतिबद्ध स्वामित्व समूहको आगमनसँगै राष्ट्रिय उपस्थितिलाई सुदृढ पारेर सुदूरपश्चिमलाई नेपालको राष्ट्रिय खेलसँग जोड्ने दिशामा आफूहरू अघि बढ्ने जनाइन् ।

एभरेस्ट महिला भलिबल लिगका दुई संस्करणमा ६ टिमको सहभागिता रहेको थियो । दुवै पटकको च्याम्पियन कर्णाली यशिवस रहेको छ ।

# लुम्बिनीमा डिकवेला निरन्तर



काठमाडौं (कास)- लुम्बिनी लायन्सले निरोशन डिकवेलासँगको सम्झौतालाई निरन्तरता दिएको छ । नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको आउँदो सिजनमा श्रीलंकाका विकेटकिपर-ब्याटरले च्याम्पियन टोलीबाट पुनः खेल्नेछन् ।

गत सिजन डिकवेलाले लुम्बिनीलाई उपाधि दिलाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए । समूह चरणको ४ खेल खेलिसकेपछि डिकवेला लायन्स टोलीमा आबद्ध थिए, जतिखेर लुम्बिनी ३ खेल हारेर संकटको स्थितिमा थियो । गुलबद्दिन नैबको स्थानमा आएका डिकवेलाले लुम्बिनीलाई विश्वासिलो टोली बनाउन भूमिका खेलेका थिए ।

डिकवेला आएपछि लुम्बिनीले बाँकी ६ खेल नै जितेर विजेता बन्यो । डिकवेला आएपछि लुम्बिनीले कुनै खेलमा पराजय सामना गर्नुपरेन । उनले ६ खेलमा १२२ माथिको स्ट्राइक रेटमा १३७ रन बनाएका थिए । उनको औसत ३४.२५ थियो, जुन लुम्बिनीका खेलाडीमा सबैभन्दा माथिल्लो हो । लुम्बिनीबाट डिकवेलाभन्दा बढी रन बनाउनेमा रोहित पौडेल (२७६) र डी'आरसी शर्ट (२५६) मात्र थिए ।

'निरोशन डिकवेलालाई पुनः लुम्बिनी लायन्समा स्वागत गर्न पाउँदा हामी हर्षित छौं, गत सिजनमा उनले व्यक्तिगत प्रदर्शनमात्र गरेनन्, टिमलाई एकजुट बनाउन पनि महत्त्वपूर्ण भूमिका खेले । उनी च्याम्पियन खेलाडी हुन्, किनभने उनले लुम्बिनीबाट खेल्दा कुनै खेल हारेनन् । आउँदो सिजन पनि उनले यही भूमिका निभाउने अपेक्षा लायन्सको छ,' लुम्बिनी लायन्सका अध्यक्ष ईश्वर जीसीले विज्ञप्तिमा भनेका छन् ।

उनले फाइनलमा १२ बलमा अविजित ११ रन बनाएका थिए । क्वालिफायर्स २ मा डिकवेलाले विराटनगर किंग्सविरुद्ध २२ बलमा २९ रन बनाएपछि लुम्बिनीले पहिलो ब्याटिङ गरी १३४-८ को स्कोर बनाएर त्यसलाई रक्षा गरेको थियो । विराटनगरसँगै समूह चरण खेलमा पनि उनले २२ बलमै अविजित २९ रन बनाएका थिए । पोखरा एभेन्जर्ससँग उनले २२ बलमा ३७ रन बनाए । एनपीएलमा यो उनको उच्च स्कोर थियो ।

डिकवेलाले हालै दम्बुला सिक्सर्सबाट लंका प्रिमियर लिग खेलेका थिए । ३३ वर्षे उनले श्रीलंकाबाट ५४ टेस्ट, ५५ एकदिवसीय अन्तर्राष्ट्रिय र २८ टवान्टी-२० अन्तर्राष्ट्रिय खेलिसकेका छन् । उनलाई भारतविरुद्ध हुने टेस्ट शृंखलाका लागि बुधबारमात्र श्रीलंकाको टेस्ट टोलीमा बोलाइएको छ । उनले पछिल्लो पटक श्रीलंकाबाट ३ वर्षअघि टेस्ट क्रिकेट खेलेका थिए ।

# नङसल र रिहानाको जोडी विजयी

काठमाडौं (कास)- सिटिजन्स बैंककी नङसलदेवी तामाङ र एपिएफकी रिहाना शेरचनको जोडी लिनिङ १४ औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिताको क्वाटरफाइनलमा पुगेका छन् । सहआयोजक यल स्पोर्ट्स एकेडेमीको कभर्डहलमा बिहीबार उनीहरूको जोडीले नेपाल पुलिस क्लबका श्रेया वज्राचार्य र अस्मिता खत्रीको जोडीलाई २१-१५, २३-२१ को सोझो सेटमा हरायो ।

अन्तिम आठ पुग्नेमा चितवनकी सुष्मा भुजेल र कास्कीकी दिलाशा रानाको जोडीले आर्मीकी अनुमाया राई र समृद्धि श्रेष्ठको जोडीलाई २१-८, २१-८ तथा सुर्खेतका निर्भिता शाही र निशा सिंहले मेघा शर्मा र लीला थापाको जोडीलाई २१-१०, २१-१७ ले हराए ।

ब्वाइज यू-१५ एकलमा धन्यन्तरीका सुहम कार्की, कञ्चनपुरका उदय चन्द, सिन्धुली ब्याडमिन्टन एकेडेमीका दीप थिङ र आर्मीका सामन्तभद्र वज्राचार्य क्वाटरफाइनल पुगेका छन् । गर्ल्स यू-१९ एकलतर्फ फिटनेस स्पोर्ट्स प्लेक्सकी निभा राईले एपीएफकी प्रिन्सा श्रेष्ठलाई २१-८, २१-१७ ले र एपिएफकी रिहाना शेरचनले कस्तुरी कलेजकी अन्जिला राईलाई २१-१०, २१-६ ले पराजित गरे । यू-१९ ब्वाइज एकलतर्फ पुलिसका कविर केसी, आर्मीका सौर्य महर्जन र सुदन राजकोटी तथा सिन्धुलीका दीप थिङले पनि अन्तिम आठमा स्थान पक्का गरे । कविरले आर्मीका प्रतीक बिष्टलाई २१-११, २१-१३ ले, सौर्यले कञ्चनपुरका उदय चन्दलाई २१-१६, २१-१५ ले हराए ।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रधानसम्पादक : गोकर्ण अवस्थी